# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (पन्ध्रौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति २०७८/०३/०४ गते शुक्रवार बिहान ११:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १२ बजे प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।
माननीय सदस्यहरु, हालैको अविरल बर्षाको कारण देशका विभिन्न स्थानमा प्राकृतिक प्रकोप बाढि पहिरोका कारण हुन गएको ठुलो धनजनको क्षति प्रति सभा दुःख व्यक्त गर्दछ । बाढि पहिरोमा परी जीवन गुमाउनुभएका सम्पूर्ण नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली एवं शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दै प्राकृतिक प्रकोपमा परि घाइते हुनुभएका सम्पूर्ण नेपालीहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

माननीय सदस्यहरु, नेपाल लगायत विश्वभर फैलिएको कोभिड-१९ को महामारीको कारण हामी प्रभावित भएका छौं। यस महामारीबाट ज्यान गुमाउन परेका देश तथा विदेशमा रहनुहुने सम्पुर्ण नेपालीहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै यस महामारीबाट प्रभावित भएका सम्पुर्ण नेपालीहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

माननीय सदस्यहरु, अब म, गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई नेपालको संबिधानको धारा १६८ को उपधारा (६) बमोजिम प्रदेश सभाको विश्वास दिइयोस् भनि विश्वासको मत लिनको लागि वक्तव्य सहित प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, आज हामी मेरो नेतृत्वमा गठित गण्डकी प्रदेश सरकार विश्वासको मत माग्ने सन्दर्भमा सम्मानित प्रदेश सभामा उपस्थित भएको छु ।

सभामुख महोदय, यो यसै हप्ता अर्थात गत हप्तादेखि प्रदेशका सम्पूर्ण जिल्लाहरु र देशभरि नै जुन अविरल बर्षा भयो । त्यसबाट हाम्रो प्रदेश बढी प्रभावित भएको अवस्था, यस अवस्थामा बाढीपहिरोबाट दिवंगत हुने दाजुभाई, दिदीबहिनीहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र अरबौंको जुन नोक्सानी प्रदेशले व्यहोर्नु पर्ने एउटा दुःखद् अवस्था आएको छ, यसमा ती विस्थापित परिवारहरु सबैलाई सम्मान गर्दै उहाँहरुलाई व्यवस्थित गर्ने र क्षत विक्षत भएका विकास निर्माणका आधारहरु त्यसलाई पुनर्निर्माण गर्नेतर्फ यो सरकार लाग्नेछ र धेरै दाजुभाई, दिदीबहिनीहरु घाइते हुनुभएको छ उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

सभामुख महोदय, त्यति मात्र होइन विश्वव्यापी महामारीको चपेटामा विगत डेढ वर्षदेखि हामी आक्रान्त छौं र अहिले आजका मितिसम्म आउँदै गर्दा जे जति दाजुभाई दिदीबहिनीहरुले कोरोनाबाट ज्यान गुमाउनु भएको छ उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली र उहाँका परिवारहरुप्रति हार्दिक समवेदना र जो अहिले पनि उपचारार्थ या संक्रमित हुनुहुन्छ उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

सभामुख महोदय, मैले भनिरहनु पर्दैनयो सरकार गठन भएको एक हप्ता पनि पुगेको छैन, यस बीचमा सरकारले २०७७/०७८ को नीति तथा कार्यक्रम, बजेट ल्याउनु पर्ने एउटा

बाध्यता, संवैधानिक बाध्यता, कानुनी बाध्यता रहेको स्मरण गराउँदै हामीले छोटो समयमा सबै पक्षहरुसँग एउटा समझदारी सहयोग लिएर यो बजेट ल्याउन हामी सफल भयौं, म उहाँहरुलाई धन्यवाद दिन चाहन्छु खासगरीकन यो नीति तथा कार्यक्रम बजेटसम्म छलफलका क्रममा जुन एउटा सकारात्मक रुपमा जुन सहयोग प्रमुख प्रतिपक्षबाट मिल्यो यसको दलका नेतासहित सबैलाई धन्यवाद दिन चाहन्छु ।

सभामुख महोदय, म आज यो सरकारलाई विश्वासको मतको अनुरोध गर्नको लागि यहाँ उपस्थित भएको छु, किन मलाई यो सरकारलाई विश्वासको मत भन्नेतर्फ म जान चाहन्छु।

सभामुख महोदय, यो सरकारले नीति कार्यक्रममा, बजेटमा पहिलो प्राथमिकता प्रदेशभित्रका सम्पूर्ण नागरिकलाई कोरोना विरुद्धको भ्याक्सिन उपलव्ध गराउने र कोरोना नियन्त्रणका लागि आवश्यक स्रोत, साधन उपलव्ध गराउने हामीले निर्णय गरेकाछौं जुन अहिलेको समयको सबैभन्दा ठूलो माग हो त्यस्तै आजसम्म हाम्रो समाजमा महिलाहरुले भोग्नु परेको धेरै पीडाहरु मध्ये एउटा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर हो । अहिले यो सरकारले यो क्यान्सरको उपचार गर्ने क्रममा शल्यक्रिया गर्ने क्रममा लाग्ने खर्च व्यहोर्ने जुन प्रतिवद्धता गरेको छ, त्यो यहाँ राख्न चाहन्छु । त्यस्तै नेपाल सरकारको सहकार्यमा सबै जिल्ला अस्पताललाई २५ देखि ५० शैयामा स्तरोन्नति गर्ने हाम्रो निर्णय छ । दुर्गम क्षेत्रमा जटिल अवस्थामा रहेका गर्भवती र सुत्केरी महिला तथा नवजात शिशुको उद्दार गरी सुविधा सम्पन्न अस्पतालसम्म एयरलिफ्टिङ गर्ने पनि प्रतिवद्धता सरकारले गरेको अवस्था छ । स्वास्थ्य क्षेत्रमा कार्य गर्ने अर्थात् अग्रपंक्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको कार्यक्रम ल्याइएको छ ।

जेष्ठ नागरिकलाई निःशुल्क उपचारको सेवा प्रदान गर्ने कार्यक्रम ल्याइएको छ, प्रदेशभित्र रहेका सम्पूर्ण अस्पतालहरुको स्तरोन्नति तथा स्वास्थ्य सुधार विशेष कार्यक्रम संचालन गर्ने निर्णय गरिएको छ । गण्डकी विश्वबिद्यालयमा ३५० शैयाको जनरल, ५० शैयाको

मुटु रोग, ५० शैयाको अर्वुद रोग, ५० शैयाको मृगौला रोग सहित ५०० शैयाको शिक्षण अस्पतालको स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने प्रारम्भ गर्ने निर्णय गरिएको छ । त्यस्तै शिक्षाको क्षेत्रमा शैक्षिक गुणस्तर वृद्धि, भौतिक अवस्थामा सुधार, गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

प्रतिष्ठानको पूर्वाधार तयार गर्ने, विज्ञान र प्रविधि शिक्षालाई बिशेष प्राथमिकतामा दिने यसका लागि प्रविधि, शिक्षालय संचालन, प्रयोगशाला स्थापना गर्ने, उच्च प्राविधिक शिक्षा अध्ययनका लागि विशेष प्रोत्साहन गर्ने, त्यस्तै सामाजिक सुरक्षा तर्फ सुरक्षा श्रम तथा रोजगार र संस्कृति तर्फ सामाजिक सुरक्षाको कोष स्थापना गर्ने, विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रम संचालन गर्ने, कोभिडबाट अभिभावक गुमाएका बालबालिका र मृत्यु भएका व्यक्तिका परिवारलाई नगद सहयोग गर्ने, द्वन्द्व पीडित, घाईते सहिद परिवारलाई सहयोग गर्ने, भाषा, कला, संस्कृतिलाई संरक्षण तथा प्रवर्द्धन गर्ने, ऐतिहासिक, धार्मिक, पूरातात्विक तथा साँस्कृतिक महत्वका स्थानहरुको संरक्षण तथा सम्बर्धन गर्ने, जस्तै एक जिल्लामा एक सहिद स्मारक पार्क बनाउने, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, सिमान्तकृत, लोपोन्मुख जाति, आदिवासी जनजाति समुदायका लागि विशेष कार्यक्रमहरु संचालन गर्ने ।

त्यो मध्ये सभामुख महोदय, सक्षम महिला समानान्तर पाईला भन्ने एउटा अभियान चलाउने सरकारले निर्णय गरेको छ । त्यस्तै, युवाहरुलाई उद्यमशिलता विकास, खेलकुद क्षेत्रको विकास गर्ने । जस्तै; सीप, दक्षता, रोजगारी, युवा पलायन रोक्ने, उद्यमी युवा संमृद्ध प्रदेश निर्माण गर्ने कार्यक्रमहरु सरकारले ल्याएको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी तर्फ आत्मनिर्भर व्यावसायिक पशु, कृषिजन्य वस्तु उत्पादन तथा बजारीकरण सुनिश्चितता, एक निर्वाचन क्षेत्र एक पर्यटकीय गन्तव्य, पर्यटकीय गन्तव्य पहिचान, प्रदेश स्तरीय ओद्योगिक क्षेत्र, औद्योगिक ग्राम निर्माणलाई निरन्तरता, कोभिड प्रभावित उद्योगी व्यवसायी प्रोत्साहन, स्वरोजगार सिर्जना कार्यक्रम, धौवादी फलाम खानी लगायत

प्रदेशभित्र रहेका खानी तथा खनिज पदार्थको सम्भाव्यता अध्ययन, वन क्षेत्रको संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण, सडक सुधार विशेष कार्यक्रम जस्तै एक निर्वाचन क्षेत्र एक सडक, प्रदेश गौरवका सडक, राजनैतिक महत्वका सडकका साथसाथै समाजमा हाम्रो प्रदेशमा पनि रहेको एउटा समाजको क्यान्सरको रुपमा रहेको भ्रष्टाचारलाई न्यूनिकरण गर्दै पारदर्शिता, जवाफदेहितापूर्ण प्रशासन संचालन गर्ने हामीले निर्णय गरेका छौं ।

सभामुख महोदय, यो केही कुराहरु मैले मलाई किन विश्वासको मत भन्दैगर्दा नीति तथा कार्यक्रम र बजेटमा आधारित कुराहरुलाई अबका दिनमा कार्यान्वयन गर्नको लागि विश्वासको मत सभामुखज्यू मार्फत यहाँ प्रस्तुत गरेको छु । यसै सन्दर्भमा नीति, बजेट, कार्यक्रम विकास निर्माणका कुराहरुका अलावा म सम्मानित सभा समक्ष सभामुखज्यू मार्फत के कुरा राख्न चाहन्छु भने आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संरक्षण गर्दै यसलाई कार्यान्वयन गर्दै अगाडि बढ्ने सन्दर्भमा हामी यहाँ उपस्थित भएका छौं । यसै बिचमा राजनीतिक घटनाक्रम परिवर्तनका सन्दर्भमा हामी माथि त्यो जिम्मेवारी आएको छ । अब म सभा समक्ष अनुरोध गर्न चाहन्छु संघीयतालाई मजबुत बनाउनको लागि संघीयतामा आइसकेपछि राजनीतिक स्थिरता हुन्छ भन्ने कुराको सन्देश दिनको लागि र जनताले दिएको मतादेश पाँच वर्षको लागि हो, बिचमा त्यो मतादेशको खिलाफमा जनतामा जानु कुनै पनि दृष्टिकोणबाट त्यो उपयुक्त नहुने र यो प्रदेश सरकारलाई विश्वासको मत दिएर त्यस तर्फ जाने स्थायित्व तिर जाने एक मात्र उपाय भएको हुनाले बिचमा सदनलाई दुर्घटनातिर बिघटनतिर अस्थिरतातिर नलैजानको लागि यो सरकारलाई समर्थन गर्नुको विकल्प संवैधानिक रुपमा पनि नदेखिएको हुनाले म सभामुखज्यू मार्फत सम्मानित सभामा हाम्रो गठवन्धनका माननीयज्यूहरु त हुँदैहुनुहुन्छ म देब्रेतिर बस्ने माननीयज्यूहरु समक्ष पनि त्यो स्थायित्वको लागि यो विश्वासको प्रस्तावको पक्षमा सहयोग गरेर यसलाई निरन्तरता दिन हुन अनुरोध गर्दै विदा हुन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब, उक्त प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ । उक्त प्रस्ताव माथिको छलफलको लागि माननीय सदस्यहरुलाई आफ्ना भनाइ राख्न समय दिन्छु। छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागि ७ मिनेटको समय निर्धारण गरेको छु, निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्ना भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री मायानाथ अधिकारी (ने.क.पा. एमाले)**

माननीय सभामुखज्यू, प्रदेश सभाको यस सम्मानित बैठकमा आज प्रदेश सरकारले आफ्नो विश्वासको मत लिनको निम्ति छलफलको एजेण्डा अगाडि सारेको छ हामी त्यस छलफलमा सहभागी भएका छौं । सबभन्दा पहिला भर्खरै हाम्रो प्रदेश र देशैभरि बाढीपहिरोबाट धेरै ठूलो धनजनको क्षति भएको छ, खासगरी लमजुङ, मनाङ, कास्की, स्याङ्जा, गोरखा लगायतका धेरै जिल्लाहरुमा ठूलो क्षति भएको छ । लमजुङको दोर्दी करिडोरमा थुप्रै हाईड्रो प्रोजेक्टहरु नष्ट भएको छ, १९ घर भन्दा बढि घरहरु पूर्ण क्षति भएका छन् । त्यस्तै कास्कीको मादी प्रोजेक्ट हाइड्रो मादी प्रोजेक्ट क्षतिग्रस्त भएको छ लगायत धेरै ठाउँहरुमा भएको क्षति प्रति हाम्रो दल नेपाल कम्युनिष्ट पार्टी एमाले संसदीय दल गहिरो दुःख व्यक्त गर्दछ ।

सम्बन्धित प्रदेश सरकार र सम्बन्धित सरकारहरुको निकायहरुको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छ । अहिले हामी यो विषयमा हामी छलफलमा छौं हुने विरुवाको चिल्लो पात नहुने विरुवाको खस्रो पात भनेजस्तै के हुँदो रहेछ भने, सुरुवात मर्निङ सोज द डे दिउँसो कस्तो हुन्छ भन्ने कुरा बिहानीले देखाउँछ भनेजस्तै भयो । गठवन्धन एउटा

पहिलाको विगतको सरकार एउटा स्थिरताको निम्ति थियो । स्थिरता दिएर वामपन्थी गठवन्धनले ५ वर्ष सरकार चलाउने, ५ वर्ष सरकार चलाएर स्थिरता दिने, स्थिरताबाट विकास हुन्छ, समृद्धि हुन्छ, विकास र समृद्धिका लागि भनेर आएको थियो त्यो स्थिरता तोडेर, विकास र समृद्धिको बाटोलाई छोडेर, नयाँ खालको एउटा अस्वाभाविक गठबन्धन सिर्जना गरेर, नयाँ सरकार गठन गर्ने सुरुवात भयो ।

लोकतान्त्रिक प्रकृयामा हामी सत्तामा भए पनि प्रतिपक्षमा भए पनि, हामी प्रतिपक्षमा बस्न हामी तयार भयौं, बस्यौं लोकतान्त्रिक प्रक्रियालाई हामीले अगाडि बढायौं तर सत्तामा रहेका सरकारका जिम्मेवार व्यक्तिहरु, जिम्मेवार मन्त्रीहरु, सरकारमा टेक्न नपाउँदै के भन्न थाल्नु भयो भने सम्माननिय प्रधानमन्त्रीलाई आपत्तिजनक ढंगले आरोप लगाउने, निवर्तमान मुख्यमन्त्रीलाई अपत्तिजनक ढंगले गम्भिर खालका आरोपहरु लगाउने, मन्त्रीहरुलाई आरोप लगाउने कामहरु हामीले सुन्यौं भिडियो मार्फत उहाँहरुको प्रत्यक्ष झोकली हामीले सुन्यौं । सरकारको धारणा हो कि होइन त्यो ?

त्यो सरकारको धारणा हो भने सरकारले जिम्मा लिओस्, हामी त्यो सरकारकै कुरा गर्छौं, यदि सरकारको धारणा होइन भने माननीय मुख्यमन्त्रीले सुझाव दिनुपर्छ । सरकारको जिम्मेवार मन्त्रीले हाम्रो सम्माननीय प्रधानमन्त्रीको विरुद्ध, निवर्तमान मुख्यमन्त्रीको विरुद्ध, मन्त्रीहरुको विरुद्ध, नेपाल कम्युनिष्ट पार्टी एमाले संसदीय दलको विरुद्ध जुन गम्भिर आरोपहरु लगाउनु भएको छ, हाम्रो ध्यान गएको छ, त्यसप्रति हाम्रो संसदीय दल निन्दा र भत्सर्ना गर्दछ, विरोध गर्दछ, असहमति जाहेर गर्दछ त्यस्तो कुराको माननीय मुख्यमन्त्रीले जवाफ दिनु पर्छ भनि म राख्न चाहन्छु ।

अरु पनि धेरै कुराहरु हामीले देखिराखेका छौं, मैले त्यतातिर धेरै जान चाहन्न । केही व्यक्तिहरुले सुरक्षा निकायका मान्छेहरुलाई धम्की दिने, अब हाम्रो सरकार आयो, हाम्रो पालो आयो भनेर सुरक्षा निकायका मान्छेहरुलाई धम्की दिएको पनि हामीले सुनेका छौं। सम्बन्धित सुरक्षा निकायको साथीले भन्नुभएको छ म फलानो हुँ, म फलानो पदको

मान्छे हुँ, जानुहोस् कारवाही गर्नुहोस्, सक्नुहुन्छ भने गर्नुहोस् पनि भन्नुभएको छ । एउटा माननीय जत्तिको व्यक्तिले एउटा सुरक्षा निकायको मान्छेलाई धम्की दिएर सरकारमा टेक्न नपाउँदै तपाईंको जागिरको हिसाब किताब हुन्छ भन्न मिल्छ कि मिल्दैन ?

त्यो ढंगले सुशासन हुन्छ कि हुँदैन ? तपाईंहरुले भनेको सुशासन कस्तो हो त्यस्तै खालको सुशासन धम्काएको भरले, हप्काएको भरले शासन चाउने हो कि कस्तो खालको सुशासन हो ? भन्ने कुरा पनि म प्रश्न गर्न चाहन्छु । सरकारले विश्वासको मत लिन पाउने उस्को अधिकार हो तर मैले देखिराखेको छु, एउटा अस्थिरता सिर्जना गरेर समृद्धि र विकासको जुन अभियान छ, त्यो अभियानलाई अवरोध गरेर नयाँ खालको सरकार गठन भएको छ । यो अस्थिरता सिर्जना गर्ने, समृद्धि र विकासलाई अवरोध गर्ने सरकारलाई हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी एमाले संसदीय दल समर्थन गर्न सक्दैन त्यसमा असहमति जाहेर गर्दछ । विश्वासको मतमा सहमति गर्न सक्दैन त्यसमा असहमति जाहेर गर्दछ साथै हामीलाई शंका छ, हामीले हेरिरहेका छौं, अस्ति नीति कार्यक्रम पनि हेऱ्यौं बजेट पनि हेऱ्यौं । नीति कार्यक्रममा पनि बजेटमा पनि हेर्दाखेरी विगतका सरकारले ल्याएका राम्रा कामहरु खासगरी बहुबर्षिय योजनाहरु, गौरवका योजनाहरु अरु धेरै कतिपय कुराहरु निरन्तरता गरिएकोछ तर निरन्तरता गरिए पनि त्यहाँ ठोस एउटा जिम्मेवारी बोध ठोस एउटा प्रतिवद्धता हामीले के पाइरहेका छैनौं भने त्यो बहुबर्षिय योजनाहरुले निरन्तरता पाउने तर सम्पन्न हुने गरी पाउने कि नपाउने ?

गौरवका योजनाहरुले जुन अगाडि बढिरहेका छन् ती सम्पन्न हुने गरी बजेट पाउने कि नपाउने ? हामीलाई आशंका छ कतै गौरवका योजनालाई पछाडि पार्ने हो कि, कतै बहुबर्षिय योजनालाई छोडेर अर्कै योजना जाने हो कि ? भन्ने आशंका सिर्जना गरेको छ किनभने उहाँ सरकारले पेश गरेको बजेट, बजेटको रुपमै छैन । बजेटको जुन अंग प्रत्यंग पुग्नु पर्ने हो, जस्तै मान्छे हुँदाखेरी टाउको जिउ हातखुट्टा सबै मिलेर आउँछ आँखा मुख सबै भएर आउँछ त्यो बजेटको अंग प्रत्यङ्ग पुरा छैन, रातो किताब नै छैन,

अनि अनुसूची विवरणहरु नै छैन, अरु के बजेट कहाँ पर्यो भन्ने नै छैन । हिजो पोके बजेट, डल्ले बजेट, के बजेट भनेर भनियो अहिले त्यो उस्तै उस्तै खालको, केही बुझ्नै नसकिने बजेट आइरहेको छ ।

त्यस्तो खालको बजेट, जहाँ विगतको योजनाहरु प्रति ठोस प्रतिबद्धता छैन, गौरवका योजनाहरु प्रति ठोस प्रतिबद्धता छैन, बहुबर्षिय योजनाप्रति ठोस प्रतिवद्धता छैन त्यो हामी गर्छौं, सक्छौं, निर्माणाधिन योजनाहरु सक्छौं भन्ने ठोस प्रतिबद्धता छैन । कतै त्यो योजना छोडेर अर्को डिडेल हुने हो कि भन्ने आशंका जन्माएको छ यदि त्यस्तो भयो भने विकास अवरुद्ध हुन्छ, समृद्धि अवरुद्ध हुन्छ, सरकार नयाँ बन्ने बित्तिकै समृद्धि हुने होइन विकासको भिजन भएर जनतालाई एउटा सही मार्गमा लैजानको लागि सुखी नागरिक र समृद्ध प्रदेश बनाउनको निम्ति विगतको सरकारले नेकपा एमालेको नेतृत्वको सरकारले सुखी नागरिक र समृद्ध प्रदेश बनाउने जुन भिजन अगाडि सारेको थियो, भिजन मात्र होइन योजना कार्यान्वयन गरिरहेको थियो । गाउँ गाउँमा विभिन्न योजनाका मार्फत जनतालाई खुशी बनाउने कामहरु, जनताका आधारभुत आवश्यक पुरा गर्ने कामहरु, चाहे त्यो पर्यटनमा होस् चाहे त्यो खानेपानीमा होस्, चाहे बाटो, सडक, पुल झोलुङ्गेपुल होस्, मोटरेवल पुल होस् यी आदि काम धेरै द्रुत गतिमा अगाडि बढिरहेका थिए यदि त्यसप्रति गैर जिम्मेवार ढंगले जाने हो आफ्नो सुरले योजनाहरु बजेटहरु छनौट गर्ने हो भने विकास लगालिंग हुन्छ ।

विकास लथालिंग भयो भने हामीले समृद्धि प्राप्त गर्न सक्दैनौं त्यसकारण म भन्न चाहन्छु नेपाल कम्युनिष्ट पार्टी एमालेको संसदीय दलको तर्फबाट भन्न चाहन्छु कि बहुबर्षिय योजनाहरुप्रति सरकारले प्रतिवद्धता जनाएको छैन । गौरवका योजनाप्रति सरकारले बजेटको प्रतिवद्धता जनाएको छैन । जुन ढंगले बजेट आउनु पर्ने हो, त्यो परिपूर्ण भएर परिपूर्ण ढंगले बजेट आएको छैन अधुरो, अपुरो बजेट भन्न पनि नमिल्ने खालको बजेट हाम्रो अगाडि आएको छ, एउटा विज्ञप्ति जस्तो बजेट आएको छ त्यसकारण त्यस्तो विज्ञप्ति

जस्तो बजेटलाई हामीले बजेट भनेर अध्ययन गर्न पाउने, बुझ्न पर्ने अवस्था छैन त्यसकारणले म यो कुरा राख्न चाहन्छु, यसकारणले पनि सरकारले जुन तयारी गर्नुपर्ने हो, कर्मचारी यन्त्र थियो, हिजो जुन कर्मचारी थियो, अहिले पनि कर्मचारी यन्त्र छ ।

सरकार फेरिए पनि कर्मचारी यन्त्र फेरिएको छैन उहाँले तयारी गरिरहनु भएकै छ, तर हतारमा गर्नु परेको भएपनि ती सबै कुरा व्यवस्थित भएर आउनु पर्दथ्र्यो कि पर्दैनथ्यो ? ती सबै कुरा व्यवस्थित भएर आउनुपर्थ्यो । हतार भयो भनेर बजेट पनि सामान्य नाम मात्रको बजेट ल्याएर प्रस्तुत गरिएको छ यसकारण यो सरकारलाई यी क्रियाकलाप हेर्दाखेरी हुने विरुवाको चिल्लो पात नहुने विरुवाको खस्रो पात भनेजस्तै यो खस्रो पातलाई हामीले समर्थन गर्न सक्ने स्थिति हुँदैन । हाम्रो दलको असहमति हुन्छ, म यो कुरा राख्न चाहन्छु ।

अहिले कोरोनाको खोपको बारेमा यहाँ चर्चा भयो । पहिला पहिला भनिएको थियो पहिला पहिला भनिएको थियो एक घर एक पिसिआर बनाउँछौं चाहियो यो सरकारले पिसिआर बनाउनु पऱ्यो, गर्न पऱ्यो भनेर सदन अवरुद्ध पनि गरियो, खोपका कुरा पनि गरियो, खोप ल्याउने हो पनि भनियो । अहिले हामीले सुनेका छौं एक घर एक पिसिआरको कुरा पनि छैन, खोप पनि ल्याउँछौं भनिएको छ, कहाँबाट ल्याउने हो ? गण्डकी प्रदेश सरकारले आफैंले ल्याउने हो कि, कहाँबाट ल्याउने हो ? खोप त संघ सरकारले ल्याउने होला । संघ सरकारले ल्याउने खोपको बारेमा हामीले ल्याउँछौ भनिएको छ कहाँबाट ल्याउने ? त्यो कुनै सम्भावना हामीले देख्दैनौं र त्यहाँ कोभिड प्रति कोभिड नियन्त्रण सम्बन्धी जुन योजना छ, त्यो योजना हिजोका कतिपय कुराको निरन्तरता बाहेक अरु थप योजनाहरु अलिकति भर लाग्दा योजनाहरु, भरोसा लाग्ने योजनाहरु, अब त ल्याउने भयो, हिजो एक घर एक पिसिआर पनि भनेको थियो हिजो त खोप पनि ल्याउनु पर्छ छिटो भनेको थियो, अब सरकारमा पुगेपछि त खोप ल्याइहाल्ने भयो, अब एक घर एक पिसिआर पनि पनि

दिईहाल्ने भयो भन्ने हामीलाई लागेको थियो अब त सरकार मौन छ, त्यतापटि बोलेको छैन, त्यो बोल्दाखेरी अप्ठ्यारो पर्छ कि फसिन्छ कि भनेर होला ।

त्यतापट्टि बोलेको छैन यो पनि सरकारको कमजोरी छ त्यसकारण बोल्दा बोल्न सजिलो त हुन्छ विपक्षमा बसेर बोल्न सजिलो हुन्छ । हामी विपक्षमा बसेर पनि हल्का कुरा गर्ने पक्षमा छैनौ । हामी रचनात्मक प्रतिपक्ष ढंगले अगाडि बढ्छौं । गम्भिरतापूर्वक, परिपक्व प्रतिपक्षको रुपमा अगाडि बढ्छौं हामीले गर्दै आएका पनि छौं जुनबेला देखि हामी प्रतिपक्ष भयौं हामीले रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएका छौं । परिपक्व प्रतिपक्षको भुमिका निर्वाह गर्दै आएका छौं तर तर नेपालको प्रचलन के भने प्रतिपक्षमा हुँदा जे पनि बोल्ने सत्ता पक्षमा हुँदा मौन बस्ने, त्यो त यो कारणले बोलेको हो अहिले होइन त्यस्तो हुन्छ र ? राजनीतिमा हिजो र आजको कुरा फरक पर्छ ? त्यहाँ बस्नु र यहाँ बस्नुमा फरक पर्छ ? जिम्मेवारीबोधमा फरक पर्छ पदमा फरक पर्ला, सांसद र मन्त्री हुने कुरामा फरक पर्ला, सत्तापक्ष र प्रतिपक्ष हुने कुरामा फरक पर्ला तर काम गर्ने कुरामा कसरी फरक पर्छ ? ।

त्यसकारण यस्ता जिम्मेवारीपूर्ण ढंगले काम **(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** गर्नका निम्ति जिम्मेवारीपूर्ण ढंगले बोल्नका निम्ति म अनुरोध गर्न चाहन्छु । गैरजिम्मेवार कुरा बोलेर, आरोप लगाएर, अरुलाई आरोप लगाउने तर आँफु जिम्मेवार नहुने आँफुले काम नगर्ने कुरा गलत कुरा हो त्यसप्रति हाम्रो समर्थन हुन सक्दैन । अहिले जुन बाढीपहिरो बढेर गएको छ, जनताले दुःख पाएका छन्, घर बेघरबार हुने स्थिति बनेकोछ, त्यसप्रति सरकारले ध्यान दिने कुरा प्रयाप्त रुपमा ध्यान दिनुपर्ने कुरा छ त्यसप्रति पनि ध्यान दिएको छैन त्यसकारणले म यी कुरा राख्न चाहन्छु । हाम्रो पार्टि नेपाल कम्युनिष्ट पार्टी एमालेको तर्फबाट यो विश्वासको मत प्रति हाम्रो असहमति रहेको कुरा हाम्रो दलका साथीहरु सहित सबै माननीयहरुलाई विपक्षमा मतदान गर्नको निम्ति पनि अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

अब म, माननीय सदस्य श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री रामजी प्रसाद वराल ।

**माननीय सदस्य श्री विष्णुप्रसाद लामिछाने (नेपाली काँग्रेस)** सभामुख महोदय, हामी यतिबेला मुख्यमन्त्री माननीय कृष्णचन्द्र नेपालीज्यूले एउटा प्रतिवद्धता सहित मलाई विश्वास गरियोस्, यो प्रदेशको जिम्मेवारी मेरो काँधमा आएको छ यो प्रदेशलाई मैले सबैसँग सहकार्य गर्दै अगाडि लान्छु भन्ने प्रतिवद्धता सहित विश्वासको मत माग्नुभएको छ हामी त्यसैमा छलफल गर्न चाहन्छौं । यतिबेला मुलुक अविरल वर्षाको कारणले क्षत विक्षत रहेको छ । धेरै धनजनको क्षति भएको छ । बाटाघाटा, पुलपुलेसाहरु भत्किएका छन् कति गाउँनै विस्थापित हुने परिस्थिति छ । म यी सबै घटनाप्रति नेपाली काँग्रेस संसदीय दलको तर्फबाट दुःख व्यक्त गर्न चाहन्छु र तत्कालै छिटो भन्दा छिटो उद्दार, राहत, पुनर्स्थापनाको लागि गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु, जोडदार माग गर्न चाहन्छु । परिस्थिति गम्भिर छ अहिले वास्तवमा जे परिस्थिति सृजना भएको छ कहीं न कहीं त्यो परिस्थिति यो प्रदेशको परिस्थिति अलिकति कहिँ न कहिँ बाध्यात्मक परिस्थिति पनि हो । वास्तवमा हामी यो प्रदेशमा यो हाउसमा प्रवेश गर्दैगर्दा प्रदेश सभामा प्रवेश गर्दैगर्दा हामीले हामी सबैले एउटा साझा संकल्प लिएका थियौं त्यो साझा संकल्प भनेको यो गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउने नै हो र यो गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउनको लागि तपाईं हामी सबैले को सत्ता पक्ष को प्रतिपक्ष सबै एकै ठाउँमा बसेर साझा संकल्प गर्‍यौं र एउटा परिस्थिति निर्माण गर्‍यौं, यो गण्डकी प्रदेशलाई राम्रो प्रदेश बनाउन हामीलाई ती साझा संकल्पहरु जुन साझा संकल्पको आधारमा हामीले गण्डकी प्रदेशलाई अगाडि बढाउने भन्यौं अघिल्लो सरकारले केही खाकाहरु कोरेको छ । राम्रो कामलाई राम्रो भन्न सक्नु पर्छ । म धन्यवाद दिन चाहन्छु सरकारलाई यसभन्दा अगाडिको सरकारलाई जुन राम्रा कामहरु भएका छन् हामी

साझा संकल्पको रुपमा लिएर हिंड्यौं । हामी प्रतिपक्षमा बस्यौं रचनात्मक प्रतिपक्ष भएर बसौं र अब समयले कोल्टे फेरेको छ । हिजो सत्तामा हुने दल ठूलो दल आज प्रतिपक्षमा छ भने अरु सत्तापक्षमा छौं जो जहाँ भएपनि हाम्रो एउटै साझा संकल्प हो यो प्रदेशलाई कसरी राम्रो प्रदेश बनाउने ? हामी हिजो जनताको बिचमा जाँदा पनि त्यही संकल्पका साथ गएका थियौं त्यही सपथ खाएका थियौं, पार्टी फरक थियो होला तर संकल्प एउटै थियो । नारा एउटै थियो । त्यो साझा नारा थियो कसरी यो प्रदेशलाई राम्रो बनाउने हामीले कसम पनि खाएका हौं त्यसैले अहिलेको जिम्मेवारी वर्तमान सरकारलाई आएको छ । मैले अघि नै निवेदन गरें, केही राम्रा कामहरु अहिले पनि नीति र कार्यक्रम बजेटले निरन्तरता पाएको छ । हामीले अन्यथा लिनु हुँदैन त्यो हामी सबैको साझा कार्यक्रमहरु थियो र नयाँ हिसावले कसरी जाने भन्ने सोच पनि छ त्यसैले । अहिले परिस्थितिले माननीय कृष्णचन्द्र नेपालीज्यूको नेतृत्वमा यो प्रदेशलाई कसरी अगाडि बढाउने भन्ने जिम्मेवारी आएको छ उहाँका प्रतिवद्धताहरु, उहाँका नीति र कार्यक्रमहरु पनि हामीले हेरेका छौं ।

निरन्तरता छ केही नयाँ छ र अरु बसेर छलफल गरेर अगाडि जाने परिस्थिति सिर्जना हुन्छ त्यसैले अब एक पटक हामीले हेर्न जरुरी छ यो नयाँ गठबन्धनको सरकार छ । यो गठबन्धनको सरकारलाई समर्थन गरेर विश्वासको मत दिएर यो प्रदेशलाई यो दुर्घटनाबाट बचाउनु पनि छ त्यसैले म दलको तर्फबाट त्यो विश्वासको मतको पक्षमा छु र सबै माननीयज्यूहरुलाई नेपाली काँग्रेस संसदीय दलको तर्फबाट यो विश्वासको मतमा मतदान गर्न पनि म अनुरोध गर्दछु । प्रदेश हाम्रो हो, यहाँका जनता हाम्रा हुन्, यहाँका जनताका समस्या भनेका हाम्रा साझा समस्या हुन्, धेरै समस्या छ प्रदेशमा ती सबै समस्यासँग जुध्न जरुरी छ त्यो जुधाईको लागि हिजो जसरी हामी प्रतिपक्षमा हुँदा रचनात्मक सहयोग गऱ्यौं त्यही किसिमको रचनात्मक सहयोग गर्दै सकिन्छ भने यसलाई हातेमालो गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो किनभने हामी यतिबेला यहाँ उभिइरहँदा पनि प्रदेशका तमाम जनताहरुले हामीलाई हेरिराखेका छन् ।

ठिक छ हिजो एउटा सरकार थियो आज अर्को नेतृत्वमा सरकार बनेको छ । नेतृत्व जसको भएपनि साझा संकल्प एउटै हो यसैले पनि जनताले त्यही किसिमले हेरेको छन्। हामीले हातेमालो गरौं, सहजताका रुपमा अगाडि बढौं, कहीं कतै अप्ठ्यारो परिस्थिति बन्यो भने हामी छलफल गर्न सक्छौं । सबैभन्दा राजनीतिमा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको छलफल हो । हरेक छलफलले हामी निष्कर्षमा पुग्न सक्छौं त्यसैले को सत्तापक्ष ? को प्रतिपक्ष ? हामी छातीमा हात राखेर भनौं यो प्रदेश हाम्रो हो । हामी यो प्रदेशभित्र हुँदा तेरो र मेरो भनौंला बाहिरबाट हेर्दा समग्र गण्डकी प्रदेश हो । हामी समग्र गण्डकी प्रदेशका माननीयज्यूहरु छौं त्यसैले यो गण्डकी प्रदेशलाई समृद्ध गण्डकी प्रदेश बनाउने कुरा, यो गण्डकी प्रदेशलाई राम्रो गण्डकी प्रदेश बनाउने कुरा, यो गण्डकी प्रदेशलाई साँच्चै नै नमुना बनाउने कुरामा हामी लाग्न जरुरी छ । हामी स्थापना कालका सदस्य पनि हौं ।

महत्वपूर्ण पक्ष भनेको एउटा हामी स्थापना कालका सदस्य पनि हौं, हामीले जुन किसिमको वातावरण बनाउँछौ त्यही किसिमको वातावरण बन्छ । हामीले जुन किसिमको नजिर बनाउँछौ त्यही नजिर भोलि पनि स्थापित हुनसक्छ । त्यसैले हामीले गर्ने काममा खराब नजिर स्थापना हुने किसिमले अगाडि नबढौं । सत्तापक्ष, प्रतिपक्ष छलफल गरौं, सबै सँगै जाउँ अब धेरै समय पनि छैन त्यसैले सबैसँगै जाने वातावरण बनाउँ, त्यसको लागि सत्तापक्षले के गर्नु पर्ने ? प्रतिपक्षले के गर्नु पर्ने ? वास्तवमा प्रदेश हाम्रो भएको हुँदा यिनै कुराहरु राख्दै म यो विश्वासको मतको पक्षमा रहेको, हाम्रो दल विश्वासको मतको पक्षमा रहेको कुरा जानकारी गराउँदै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

अब म, माननीय सदस्य श्री रामजी प्रसाद वराललाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री धनमाया लामा पोखरेल।

**माननीय सदस्य श्री रामजी प्रसाद वराल (नेकपा माओवादी केन्द्र)**

माननीय सभामुख महोदय, आज हामी नवगठित सरकारले विश्वासको मत लिने प्रस्तावमा छलफल गरिरहेका छौं अथवा छलफल गर्ने सन्दर्भमा छौं । सर्वप्रथम त नवगठित सरकारका मुख्यमन्त्री, सबै मन्त्रीज्यूहरु प्रति हार्दिक बधाई एवं कार्यकाल सफलताको शुभकामना भन्न चाहन्छु । र यतिबेला बर्षा सुरु हुने बित्तिकै असार लाग्ने बित्तिकै बाढि पहिरोले जुन धनजनको क्षति भएको छ हाम्रो दलको तर्फबाट र मेरो तर्फबाट पनि दुःख व्यक्त गर्दै आफ्नो जीवन गुमाउनु हुने ती सबै नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते हुनुभएका जनताको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै विपदमा पर्नुभएका सबै नागरिकहरुको अविलम्व उचित व्यवस्थापन गर्नका निम्ति सरकारसँग अपिल माग गर्न चाहन्छु । अस्वभाविक रुपमा यो सरकार गठन भयो कृष्णचन्द्र नेपाली पोखरेलको नेतत्वमा यो सरकार गठन हुँदै गर्दाखेरी धेरै उतार चढावहरु, धेरै कठिनाईहरु, धेरै जटिलताहरु, धेरै असहजताहरु, धेरै संशयहरु पैदा भए ती संशयका बीचबाट, यी अप्ठ्याराहरुका बीचबाट, सडक आन्दोलनको बलबाट यो सरकार गठन भएको छ । स्वाभाविक रुपमा यो सरकार असाध्यै जटिल परिस्थितिमा गठन भएको कुरा हामी सबैले महसुस गर्छौं र यो सरकारलाई विश्वासको मत दिनका निम्ति म सबैसँग हार्दिक अनुरोध पनि गर्न चाहन्छु । मेरो मत पनि जाहेर गर्न चाहन्छु मेरो दलको पनि विश्वासको मतको पक्षमा मत जाहेर गर्न चाहन्छु ।

सभामुख महोदय, जसरी नीति, कार्यक्रम, बजेट यहाँ प्रस्तुत भयो, नीति, कार्यक्रम, बजेट प्रस्तुत हुँदै गर्दाखेरी समयको तीव्र चापको बिचबाट जे नीति कार्यक्रम र जुन बजेट यहाँ प्रस्तुत भएको छ लाग्छ गण्डकी प्रदेशको समग्र चित्रलाई आँकलन गरेर विगतका

सरकारले गरेका राम्रा कामहरुलाई पनि स्वामित्वको को रुपमा ग्रहण गर्दै बाँकी रहेका जुन कार्यभारहरु छन् ती कार्यभारहरुलाई पनि फेरी अगाडि बढाउने धेय र उद्देश्यका साथ जुन नीति, कार्यक्रम र बजेट प्रस्तुत भएको छ यो गण्डकी प्रदेशको समग्र चित्रलाई आँकलन गरेरै प्रस्तुत भएको छ भन्ने हिसावले नै हामीले बुझ्नु पर्ने हुन्छ र मलाई के लागिरहेको छ भने हामी नेपाली जनताको गण्डकी प्रदेशवासी जनताको निगरानीमा छौं। साँच्चै हामीले ५ वर्षको सन्दर्भमा हामीले अथक मेहेनत र वलिदानबाट प्राप्त गरेको प्रणालीलाई, व्यवस्थालाई सुदृढ बनाउन सक्यौं कि सकेनौं ? हामी सबै अग्नि परीक्षामा छौं जनताले हामीलाई निगरानी गरिराखेका छन् र हामी यो प्रणाली प्राप्त गर्ने सन्दर्भमा जुन जुन दलहरु मिलेर सहकार्य, सह अस्तितत्व गर्दै यहाँसम्म आयौं । यो प्रणालीलाई मजबुत गर्ने सन्दर्भमा हामी काहीं न काहीं चुक्यौं समीक्षा गर्ने बेला भइसकेको छ । हामी समीक्षा गर्न चुक्यौं फेरी पनि भने साँच्चै हामीले जे सपना, जे लक्ष्य, जे उद्देश्य, देखेर अगाडि बढेका थियौं ती हाम्रा सपनाहरु सपनामै सीमित हुने खालको स्थिति बन्न सक्छ। त्यसो भएर फेरि पनि म अनुरोध गर्न चाहन्छु हाम्रो बिचमा तपाईं भौतिक विकास मात्रै विकास होइन संस्कारको पनि विकास गर्न जरुरी छ। कस्तो राजनीतिक संस्कार बसाल्ने? कस्तो संस्कृतिको विकास गर्ने ? कस्ता सामाजिक सम्बन्धहरुको विकास गर्ने ? भन्ने कुरा पनि अर्थपूर्ण हुँदोरहेछ । त्यसो भएर हामीले हाम्रो प्रणालीलाई साच्चैं चिरस्थायी बनाउनका निम्ति संस्कारमा, सम्बन्धमा, सोचमा नयाँ ढंगले सोच्न सकेनौं आरोप र प्रत्यारोप मात्र गर्‍यौं भने साँच्चै हामीले अथक मेहेनतबाट प्राप्त गरेको प्रणालीलाई चिरस्थायी बनाउन सक्दैनौं स्थायीत्व प्रदान गर्न सक्दैनौं र अहिले प्रश्नहरु उठेकै छ ।

त्यसो भएर हामी समिक्षा गरौं हामीले विगतदेखि यहाँ सम्म आइपुग्दाखेरी करीव साढे तीन वर्षको अन्तरालमा त्रुटी कहाँ कहाँ भए ? एक ठाउँबाट मात्रै भएका छैनन् सबै ठाउँबाट भएका छन् तर नैतिक दायित्वको हिसावले सबभन्दा बढी नैतिक दायित्व र जिम्मेवारी कसले लिने ? भन्ने कुराको सन्दर्भमा हामी गम्भिर बन्नै पर्छ न कि एकले अर्कालाई आरोप प्रत्यारोप गर्दै गयौं भने विनाश भन्दा बाहेक केही पनि हुँदैन त्यसो भएर

हामी विनाशको निम्ति यत्रो त्याग गरेका थिएनौं । यत्रो वलिदान गरेका थिएनौं । यत्रो मेहेनत गरेका थिएनौं त्यसो भएर हामीले साँच्चै समृद्धिका निम्ति गरेका थियौं भने फेरी हामी एकचोटी समिक्षा गरौं, एकले अर्कालाई सहयोग गर्ने, सरकारले नेतृत्व गर्ने, सरकार भन्दा बाहिर रहेका सबै शक्तिहरुलाई हातेमालो गर्दै सहकार्य गर्नका निम्ति सहमतिका आधारमा अगाडि बढ्ने खालेको एउटा संस्कार विकास गर्न जरुरी छ ।

तीन वर्षको अनुभवले त्यही देखाउँछ त्यसो भएर म के अपिल गर्न चाहन्छु भने अस्वाभाविक रुपमा अहिले असाध्यै जटिल स्थितिमा हामी छौं । यो जटिल स्थितिको सामना एक्लै सकिदैन । कोही वीर बहादुर यहाँ कोही पनि छैन । सबैको विचार, सबैको धारणा, सबैको आस्था, सबैका मूल्य, मान्यताहरुलाई समायोजन गरी अगाडि बढ्नुपर्ने हुन्छ । अहिले माननीय कृष्णचन्द्र नेपाली पोखरलेले यहाँ भनिसक्नु भएको छ, म सबैका विचारहरुलाई, सबैका धारणाहरुलाई, सबैका आस्थाहरुलाई समेटेर अगाडि बढ्न चाहन्छु । मलाई विश्वासको मत दिनुहोस् बडो हार्दिकतापूर्ण ढंगले भन्नुभएको छ । यहाँ कुरा पनि आइसकेकै छ तपाईं हुने विरुवाको चिल्लो पात, नहुने विरुवाको खस्रो पात पनि भन्नु भयो कसरी भन्नुभयो ? अब भन्ने माननीयज्यूले मुल्याङ्कन गर्नुहोस् भन्न म चाहन्छु ।

यो हुने विरुवाको चिल्लो पात नै हो । के सबैसँग अपिल गर्ने कुरा, अनुरोध गर्ने कुरा अन्यथा होइन । यद्यपी सरकार गठनको प्रक्रियामा, प्ररम्भमा थुप्रै कठिनाईहरु, थुप्रै समयको चाप, तपाईं हामीले ठ्याक्कै सोचेजस्तो नहुन सक्छ र आगामी दिनमा त्यसलाई व्यवस्थित गर्दै जानका निम्ति फेरि पनि म अनुरोध गर्न चाहन्छु । हामी जनताको निगरानीमा छौं, हामी जनताको सेवक हौं, हामी मालिक होइनौं यही कुराका अनुभूति हामी सबैले राखौं । पहुँचको दुरुपयोग नगरौं र साँच्चै जनताप्रति जवाफदेही हुने हिसावले अगाडि बढ्ने खालको एउटा समझदारी कायम गरौं ।

यो सरकारले सबैका विचारहरु, भावनाहरु, आस्थाहरु, खुबी क्षमताहरु र दक्षतालाई समायोजन गर्नका निम्ति पक्कै पनि कन्जुस्याइँ गर्ने छैन ।**(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** सबैलाई समेटेर अगाडि बढ्नेछ भन्ने विश्वास मलाई लागेको छ । यो विश्वास यहाँहरु सबैले पनि पक्कै पनि गर्नुभएको छ, गर्दै जानु हुनेछ भन्ने एउटा अपेक्षा, एउटा विश्वास सहित मेरा भनाइहरु यही अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया लामा पोखरेललाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री कृष्ण बहादुर थापा।

**माननीय सदस्य श्री धनमाया लामा पोखरेल (ज.स.पा. नेपाल)**:- माननीय सभामुख महोदय, भर्खरै नवगठित गण्डकी प्रदेश सरकारका प्रमुख माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलज्यूले गण्डकी प्रदेश सभा समक्ष विश्वासको मत प्रस्ताव गर्नुभएको छ । उहाँको विश्वासको मत प्रति जनता समाजवादी पार्टी संसदीय दलको समर्थन रहेको जानकारी गराउँदछु । हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री मीना गुरुङ ।

**माननीय सदस्य श्री कृष्ण बहादुर थापा (ने.क.पा. एमाले)**

माननीय सभामुख महोदय, आज हामी यो सम्मानित सभामा निकै महत्वपूर्ण बिषयमा आफ्नो विचार राख्ने मौका पाएका छौं । जब यो नयाँ गठवन्धनको सरकार शुरु भयो। हाम्रो प्रदेशमा एक खालको त्यसको शुरुवात मै त्यसको अनिष्ट पनि शुरु भयो । सरकार बनेको लगत्तै ३१ र १ गते लगातार यो अहिलेसम्म यस्तो दृश्य देखेका पनि थिएनौ लगातार बर्षा भएर गण्डकी प्रदेशका धेरै जनताको जीउधनको क्षति भएको छ ।

बाह्र बाह्र जना नागरिकहरुको एक खालको मृत्यु भएको छ र त्यो मृतक हाम्रा आदरणीय सम्मानित नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै जुन जनधनको क्षति भएको छ धेरै विपदमा नागरिकहरु पर्नु भएको छ उहाँहरुलाई तत्काल तुरुन्त यो सरकारले राहत र उहाँहरुको पुनःउत्थानको व्यवस्था गरोस् भन्ने म माग गर्न चाहन्छु।

सभामुख महोदय, हाम्रो वर्तमान नेतृत्व सरकारको नेतृत्व जसले गरिरहनु भएको छ, हामीले देखेको दृश्यमा धेरै लामो समय उहाँले आफ्नो राजनीतिक जीवनको यात्रा पूरा गर्नुभएको छ । सेताम्मे कपाल फुलेको छ हामीले एउटा आदर गर्ने व्यक्तिको रुपमा हुनुहुन्छ । तत्कालीन नेपालको पहिलो कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीले नेपालको इतिहासमा पहिलो पटक वृद्ध भत्ताको सुरुवात गर्नुभयो सय रुपैयाँबाट र अहिले वर्तमान सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले चार हजार पुर्‍याउनु भएको छ यदि उहाँले चाहनु भयो भने त्यो सेवा लिनको लागि हाम्रै प्रदेशकै एकदम योग्य, सक्षम नागरिक हुनुहुन्छ त्यसप्रति हामीले गर्व गर्नुपर्दछ तर त्यस्तो व्यक्तित्वको नेतृत्वमा प्रदेश प्रमुखको कार्यालय अगाडि जुन एकखालको उद्दण्डता मच्चाइएको थियो राज्यको संयन्त्रलाई हातमा लिने दुस्साहस गरिएको थियो त्यो दृश्यले हामीले के देखाइरहेको छ भने यो नेतृत्व आफैमा असक्षम भइसकेको हो कि ? तसर्थ यो कारणले पनि हामीले यो सरकारलाई म र मेरो पार्टीले समर्थन गर्न सक्दैन र हामीले त्यो मत दिन सक्दैनौं म र मेरो पार्टी विपक्षमा रहेको कुरा म सगौरव जानकारी गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, यो ८० को दशकमा भारतीय राजनीतिको बारेमा त्यहाँका महान कवि धुविरले जुन त्यो ८० को दशकमा भारतको विशेष गरेर यू.पी. विहार तिर निर्वाचित सभासद्हरु धेरैजसो गुण्डाका नाईकेहरु हुने, अपराध कार्यक्रममा संलग्न व्यक्तिहरु सरकारमा देखिने त्यो दृश्य देखेर महान भारतीय कवि धुविरले के भन्नुभयो भने त्यहाँको व्यवस्थाको बारेमा यो न कुनै प्रजा हो न कुनै तन्त्र हो यो त मान्छे विरुद्ध मान्छेले गर्ने षडयन्त्र हो भनेर अभिव्यक्ति व्यक्त गर्नुभएको थियो । आज हेर्दा

हाम्रो यो गण्डकी प्रदेशमा पनि त्यो दृश्य कताकतै छायाँको रुपमा अथवा प्रत्यक्ष दृश्यको रुपमा देखिएको छ तसर्थ पनि म र मेरो सम्मानित पार्टी यो सरकारलाई समर्थन गर्न सक्दैन भन्ने म यहाँ व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय, अहिले यो सम्मानित सभामा अब धेरै कुराहरु गरिएको छ तर एउटा यहाँहरुले बुझ्नु पर्ने चाहेर होस् नचाहेर होस् हिजोको सरकार यो प्रदेशको संस्थापक मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङले जुन जग गण्डकी प्रदेशको जग बसाउनुभएको छ त्यो जसले जतिसुकै चाहेर पनि त्यो जगलाई हल्लाउन सक्ने, त्यो जगलाई विस्थापित गर्न सक्ने त्यो सामर्थ्य छ जस्तो मलाई लाग्दैन तसर्थ त्यो जगमा भोलि स्वभाविक सरकार अगाडि बढ्नु पर्ने त्यो एउटा बाध्यता र आवश्यकता छ त्यो महसुस वर्तमान सत्तापक्षले गर्नेछ भन्ने मलाई विश्वास लागेको छ ।

सभामुख महोदय, अहिले सत्ता पक्षका माननीयज्यूहरुले जुन यो भावनात्मक कुरा पनि गर्नु भएको छ, विश्वासको मत दिनु पर्‍यो पनि भन्नुभएको छ यो रोमा बस्नुभएका सम्मानित माननीयज्यूहरु यो हामीले भनेको कुरा होइन वर्तमान सत्ताको साझेदारी पार्टीका सम्मानित सभासद्ज्यूले पनि यहि रोष्टममा के भन्नुभएको थियो यो खिचडी सरकार हो, तसर्थ यो सबै नीति, नियम, कार्यक्रम, बजेट आदि इत्यादि सब खिचडीको रुपमा आइरहेको छ भन्नुभएको थियो तसर्थ यसले के देखाउँछ भने यो सत्तामा साझेदार गर्ने सभासद्हरु, पार्टीहरुलाई नै यो सरकार प्रति पूर्ण विश्वास छैन भने अब तपाईंहरु आफै भन्नोस् यो सरकारलाई हामीले कसरी साथ समर्थन गर्न सक्छौं ? कदापि पनि हामी त्यो गर्न सक्दैनौं तसर्थ सभामुख महोदय, मैले धेरै कुराहरु भनिरहनु पर्दैन । एउटा बहालवाला मुख्यमन्त्री जसको नेतृत्वमा सत्ता साझेदारी गरिरहेकै साथीहरुले लामो समय विताउनु भयो ।

जसको नेतृत्वमा आज गण्डकी प्रदेशको साँच्चै विकासको कायापलट भयो त्यस्तो व्यक्तित्व वैधानिक रुपमा बाहिर आउन नपाउँदै आफ्नै मुख्यमन्त्रीको विरुद्धमा प्रदेश

प्रमखुको कार्यालय अगाडि बोलिएका शब्दहरु, त्यहाँ गरिएको ज्यादती, गण्डकी प्रदेशका जनताहरुले त्यसको हिसाव किताव मात्र होइन, स्वाभाविक त्यसको राम्रैसँग आगामी दिनमा त्यसको मुल्यांकन गर्ने छन् भन्ने मैले विश्वास लिएको छु र आगामी दिनमा त्यो नदो हर्कत नगर्नको लागि पनि म सम्मानित साथीहरुलाई हार्दिक अनुरोध र अपिल गर्न चाहन्छु तसर्थ मैले यति विचार राखिसकेपछि स्वभाविक यो मुख्यमन्त्रीज्यूले राख्नुभएको जुन विश्वासको मत हामीलाई दिनुहोस् भनेर भनिरहनु भएको छ नि त्यसमा म स्पष्ट भन्न चाहन्छु यो विपनामा त कुरै छोड्नुस् सपनामा त कुरै छोड्नुस् विपनामा पनि म र मेरो पार्टीका तर्फबाट समर्थन गर्न सक्दैन दिन सकिदैन तसर्थ यो मत प्रतिको हाम्रो विरोध रहेको जानकारी गराउँदै विदा हुन चाहन्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री मिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी ।

**माननीय सदस्य श्री मिना गुरुङ (ने.क.पा. एमाले)**

माननीय सभामुख महोदय, आज नविन सरकारको जुन विश्वासको मत लिने यो हाम्रो बिषयमा मैले पनि बोल्ने अनुमति पाएको छु त्यसको लागि धन्यवाद दिन चाहन्छु ।

सर्वप्रथम त म अहिले बाढीपहिरोबाट आफ्नो जुन ज्यान गुमाउनुभएका सम्पूर्ण सम्मानित नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै कोरोनाबाट मृत्युवरण गर्नुभएका नागरिकहरु प्रति पनि म श्रद्धासुमन व्यक्त गर्छु भने धनजनबाट क्षतिग्रस्त भएर घाईते हुनुभएका सम्पूर्ण नागरिकहरुको छिटो उद्दारको लागि म नविनतम रुपमा अहिले नयाँ गठन भएको यो सरकारलाई हार्दिक वधाई सहित नागरिकको धनजनको सुरक्षा गर्नका लागि तदारुकताका साथ अविलम्व लाग्नु हुन पनि विशेष अनुरोध गर्न चाहन्छु । वास्तवमा अहिले यतिबेला भईरहेको, राम्रै मार्गमा हिंडिरहेको, जनताले मन पराईरहेको,

जनताले वाह वाह गरिरहेको, जनताले अझै सपना धेरै बुनिरहेको, हाम्रो सरकार निवर्तमान भएको छ ।

जो संघीयताको हिमायती जनताको प्यारो नेता र सम्पूर्णलाई मिलाएर लान सक्ने एउटा सक्षम व्यक्तित्वलाई आज उहाँको कमजोरीबाट होईन, हाम्रो स्वार्थ पदलोलुपता भएर व्यक्तिले व्यक्तिलाई हराउने व्यक्तिले व्यक्तिलाई कमजोर बनाउने मानसिकताबाट अहिले हाम्रो गण्डकी प्रदेश सरकार ग्रसित बनेको स्थिति जनताबाट अहिले धेरै नराम्रो तरिकाले समीक्षा भईरहेको छ । टीका टिप्पणी भईरहेको छ यो कुरा सर्वविदितै छ । संसदीय मूल्य मान्यता विपरित केही राजनैतिक दलहरुको अधैर्यता अकर्मण्यता लोभ लालचको परिणाम हो आजको हाम्रो स्वरुप हाम्रो गति । हिजो हामीले संकल्प प्रस्ताव पास गऱ्यौं र हामीले सँगै मिलेर यो प्रदेशको समृद्ध प्रदेश र सुखी हाम्रो जनता बनाउने सपना बुनेर सबैलाई मिलाएर लगिरहेको परिस्थितिमा पनि फेरी केही न केही लोभ र लालच अनि पदको लोभबाट जुन किसिमको घटना घटेको छ यो इतिहासमा हामीले पक्कै पनि भोलि कालो धव्बाको रुपमा यसलाई हामीले पढ्नु पर्ने नै हुन्छ ।

सार्वभौम जनताले नेपाली काँग्रेसलाई विपक्षमा ५ वर्षको लागि मत दिएर पठाएको हो तर आज केही गठवन्धनको आधारमा अरु केही दलको बुई चढेर जुन सरकारको नेतृत्व गर्दै हुनुहुन्छ यसबाट यो गठबन्धनको पुलिन्दा कुनै दिन भत्किन सक्ने कुरा सबैबाट यसमा टीका टिप्पणी भएको कुरा म सुन्दैछु त्यसैले म अनुरोध गर्छु नवगठित यो सरकारले नमुना देखाएर प्रत्यक्ष रुपमा तपाईंहरु स्वार्थलोलुप्त भएर, पदलोलुप्त भएर स्वार्थमा तपाईंहरु आफ्नो पदको लागि अगाडि बढ्नु भएको होइन । तपाईंहरुले यो प्रदेशलाई समृद्ध प्रदेश र सुखी नागरिक बनाउनको लागि लाग्नु भएको हो भन्ने प्रमाण स्वरुप अहिले अगाडि बढ्नु पर्ने स्थिति सिर्जना भएको छ र हाम्रो जुन गण्डकी प्रदेशमा निवर्तमान रहनुभएको मुख्यमन्त्रीको सरकारबाट कहाँ के त्यस्ता त्रुटी भए त्यो कुराहरु खै कतै सुन्न हुँदैन कसैले पनि टीका टिप्पणी गरेको मैले सुन्दिन मात्र कार्यकर्ताहरु केही

त्यस्ता व्यक्तिहरु जसले आफ्नो कार्यकर्ताको जिम्मेवारी वहन गरेर नदा अनर्गल शब्दहरुले लेखेको देखिन्छ त्यो पदमा आइसकेका जिम्मेवार व्यक्तिले लेख्ने र भन्ने नदो कुरो बोल्ने त्यो जायज कुरा हुन सक्दैन ।

त्यसको लागि जनताले अहिले यतिबेला नगरे पनि निर्वाचनमा पक्कै पनि मूल्यांकन गर्नेछ र त्यसको लागि त्यस्ता व्यक्तिहरुलाई भोलि अब हुने निर्वाचन पछि तपाईंहरुले परिणाम भोग्नु पर्नेछ र हामीले पनि त्यस्तो गरेमा हामीले भोग्नु पर्नेछ भन्ने कुरालाई हामीले बिर्सनु हुँदैन र यतिबेला हामी आफ्नो जुन किसिमको एउटा सपनामा हामी हिँडिरहेका थियौं हाम्रो गण्डकी प्रदेश एउटा नमुना प्रदेश बनेकोछ भन्ने हामीलाई गर्व भएको थियो तर अचानक यस्तो सपना बुन्नुभयो यस्तो रणनीति वा यस्तो कुटनीति गरिदिनुभयो कि जसबाट अहिले आफैभित्र असन्तुष्टिहरुको झल्को र त्यस्ता किसिमका दृश्यहरु हामीले अनुभुत गरिरहेका छौं तसर्थ बलियो बन्नुस् तपाईंहरुले बनाउन खोज्नुभएको यो प्रदेश सरकारको जुन एउटा नयाँ यहाँहरुको संगठन छ नयाँ यहाँहरुको सरकार छ यसले प्रदेश सरकारको आवश्यकता के हो ? यो जनताको आवश्यकता के हो ? यसलाई राम्रोसँग मनन गर्न जरुरी छ । यहाँहरु रणनीति र योजना भन्दा कुटनीतिमा बढि लाग्नुभयो भने पक्कै पनि यो सरकार धेरै टिक्नेवाला छैन र हिजोको सरकार हाम्रो निवर्तमान हाम्रो मुख्यमन्त्रीज्यू कुटनीति भन्दा बढी रणनीति र विकास योजनामा बढि घोतलिनुभएको हुनाले नै आज हामीले यो परिणाम भोग्नु परेको मैले अनुभुत गरेको छु । त्यसैले हामी यो जनतालाई यो प्रदेशको नागरिकको सुखी नागरिक बनाउने भन्ने सपना बुनिरहेका थियौं तपाईंहरु कसरी यो सरकारलाई ढलाउने भन्ने सपना बुनिराख्नु भएको रहेछ भन्ने परिणाम पनि आज हामीले यहाँ प्रत्यक्ष रुपमा देख्न पाएका छौं ।

जनताको मन जितेर नमुनाको प्रदेश बनाउनको लागि यहाँहरुलाई म फेरि शुभकामना दिन्छु तर यो सरकारले अहिले मागेको विश्वासको मतमा हामी कदापि पनि विश्वास दिन सक्दैनौं र हामीलाई विश्वासै छैन कि यो सरकारले फेरी अब आउने आफ्नो सबै

योजनाहरु जुन आफ्नो बजेटहरुमै जुन यहाँले प्रस्तुत गरिसक्नु भएको छ त्यो बजेट होइन त्यो भाषण मात्रै छ हिजो यहि हाम्रा माननीयज्यूहरुले बोल्नुभएको थियो खोई त महिलाको लागि सिङ्गो खै त योजना ? खै त महिलाको लागि यहाँ महिलाहरुको लागि रकम भनेर तर आज महिलाको नाम मात्र उल्लेखित भएको छ । यहाँनेर केन्द्र सरकारले ल्याएको हाम्रो योजनालाई फलोअप गरेर त्यसलाई क्रमशः यहाँनेर केहि क्रेडिट लिने कामहरु गर्नु भएको छ ।

हामीले सरकारलाई बुझाएको केही दिन अगाडि मात्र सरकारलाई श्रमिकहरुको लागि यस्ता यस्ता योजना चाहिन्छ भनेर बुझाएको कुराहरुलाई फलो गरिदिनुभएको छ त्यसको लागि म यहाँहरुलाई धन्यवाद दिन चाहन्छु तर त्यो सबै कुरा हाम्रो सरकारले नै निवर्तमान भएको सरकारले नै ल्याउने कुरामा यहाँले त्यसलाई क्रमशः अगाडि बढाउनु भएको छ । त्यसको लागि म यहाँलाई धन्यवाद दिन्छु तर यहाँ यो बजेट होइन यो त एउटा वक्तव्य मात्र प्रस्तुत गर्नुभएको छ जुन कुरामा हामी सम्पूर्ण विपक्षी दलमा रहेका साथीहरुले मात्र होइन माननीयहरुले मात्र होइन यो जनताले पनि यो कुरा चित्त बुझेको छैन र यहाँहरु स्पष्ट रुपमा आफ्नो बजेटमा आफ्नो रकमहरु छुट्याएर ल्याउनुपर्‍यो र महिलाको नाममा बोलिरहने हाम्रा माननीयहरुले पनि यहाँनिर आएर स्पष्ट रुपमा बोल्न सक्नुपर्‍यो, उत्तरदायी बजेट कहाँ छ ? भन्ने लैंगिक बजेट कहाँ छ ? भन्ने कुरामा यहाँले आवाज उठाउनु पर्‍यो । मजदुरको लागि गर्न खोजेको कुरा के हो ? स्पष्ट भएर आउनु पर्‍यो अनि मात्र हामीले बुझ्नेछौं ।**(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** यो सरकारको नियत सही छ नत्र भने यो सरकारको नियत मात्र पद वितरण गर्ने र मात्र मन्त्री बन्ने मात्र एउटा गठबन्धन को सरकार बनेर आफ्नो केही न केही समय भनेपनि आँफु यो सरकार भोग गर्ने मात्र यहाँहरुको विचार हो भन्ने कुरा तथ्य हुनसक्छ भन्दै मेरो र मेरो देलको कुनैपनि यो विश्वासको मत नरहेको र मत दिन नसक्ने यहाँलाई जानकारी गराउँदै विदा हुन्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री धनञ्जय दवाडी ।

**माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी (नेपाली काँग्रेस)**

सभामुख महोदय, आज विश्व रोइरहेको थियो कोभिड-१९ ले विश्वमा र हाम्रो गण्डकी प्रदेशमा विकराल हुँदाहुँदै अहिले आज बाढि पहिरोबाट मृत्यु हुनुभएका सम्पूर्ण जनता प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै उपचारार्थ सम्पूर्णलाई स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। बाढी पहिरो यो बर्षामा सधैं आउने पूर्ववत् माननीयज्यूहरुले भन्नुभयो आउने बित्तिकै आयो सरकार आउने बित्तिकै । पहिला गए साल पनि बाढि पहिरोले धेरै पीडा भएको थियो त्यो बेलामा दिने भन्ने राहतहरु पनि अहिलेको सरकारले मुख्यमन्त्री भएको भोलिपल्टै गएर दिनु परेको छ सभामुख महोदय, यी कुराहरुमा अलिकति खड्केको लाग्यो मलाई त्यहाँ बस्दै गर्दा ।

सभामुख महोदय, राज्यबाट जति साढे तीन वर्ष सरकार चलाउनु भयो पूर्व माननीयज्यू, मन्त्रीज्यूहरुले अहिले सम्म कहाँ यो काम भएको छ भनेर आएको छ त सभामुख महोदय, यहाँ प्रश्नै प्रश्नै प्रश्न खडा भएको छ हामी प्रश्न गर्न चाहदैनौं आज तर मात्र के भन्न चाहन्छौं हामी सत्ताको बेन्चमा बस्दै गर्दा हामी भएको कामलाई भएको भन्छौ, गर्न नसकेको कामलाई गर्न सकेनौं भन्छौ तर आज बाढीपहिरोबाट पीडित भएको गोरखा चुमनुब्री, गोरखाको अजिरकोटको बालुवा, गोरखाको विभिन्न क्षेत्र र लमजुङ, गोरखा, मनाङ, मुस्ताङ विभिन्न ठाउँमा धेरै पीडा भएको छ सभामुख महोदय तर आज हामी अर्को प्रक्रियामा लागेका छौं, लाग्न पर्ने बाध्यता छ ।

पूर्व सरकारमा बस्ने साथीहरुलाई म अनुरोध गर्छु यो किन ढिलो गरिदिनुभएको तपाईंहरुले ? सकेसम्म सत्तामा आफै बसेर अन्तिम अन्तिममा गएर राज्यमा हामीलाई

अप्ठ्यारो पार्ने काम त गर्नु भएको हो नि सभामुख महोदय, त्यो त ख्याल गर्नु पर्छ नि । बजेट आयो, बजेटले सबैप्रति समेटिएको छ सभामुख महोदय, त्यो माननीयज्यूहरुले भन्नुभएको छ, छुटयाएर आएन, छुटयाएर आउने टाइम नै छ त्यसलाई चिन्ता नलिनुहोस् विस्तारै आउँछ सभामुख महोदय, यसमा हामी अहिले लाग्नुपर्ने बेला के छ भने नेपाली काँग्रेस अन्य पार्टीका साथीहरु हामी सबै पार्टीहरु एक ढिक्का भएका छौं तर साथीहरुले भन्नुभयो, चिल्लो, खस्रो लगायतका धेरै कुराहरु आए तर म त्यो प्रति लाग्न चाहिन ।

हामीले मात्र के भन्छौ भने अहिले माननीय मुखमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल यहाँको मुख्यमन्त्रीको आज उहाँले विश्वासको मत लिँदै हुनुहुन्छ । हामीले विश्वासको मत दिँदैछौं अन्य पार्टीका साथीहरु प्रतिपक्षमा रहने साथीहरुलाई एउटा अनुरोध मेरो पनि अनुरोध हामी त यसै पनि मुख्यमन्त्रीज्यूलाई मत दिन तयार छौं तर विपक्षीका साथीहरुलाई पनि आएर मत दिएर मुख्यमन्त्रीज्यूलाई विश्वासको मतको सकिन्छ दुई तिहाई नै पुऱ्याइदिनुस् सकिदैन अलिकति बढाइदिनु हुन अनुरोध गर्दछु ।

हामीसँग भएको मतमा बढाईदिनु अनुरोध गर्दछु र हामी सम्पूर्ण नेपाली काँग्रेस लगायतका पार्टीहरु नेपाली काँग्रेस संसदीय दल कृष्णचन्द्र नेपाली पोखरलको पक्षमा मत गर्नेछौं उहाँको प्रस्तावको समर्थन भन्दै मेरो भनाई अन्त्य गर्छु । धन्यवाद । जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मन बहादुर गुरुङ ।

**माननीय सदस्य श्री धनञ्जय दवाडी (ने.क.पा. एमाले)**

सभामुख महोदय, गण्डकी प्रदेश सभाको यो वैठकमा माननीय मुख्यमन्त्री कृष्णचन्द्र पोखरेलले विश्वासको मत माग्दै गर्नुभएको प्रस्ताव उपर छलफलको लागि उपस्थित

भएको छु । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको तर्फबाट । उहाँले विश्वासको मत माग्नु भएको छ उहाँसँग मेरा केही गम्भिर प्रश्नहरु पनि छन् । तपाईं जुन धरातलमा टेकेर सरकार चलाइरहनु भएको छ जुन गठवन्धनमा टेकेर सरकार चलाइरहनु भएको छ यसलाई हामीले बारम्बार भन्यौं यो अराजनीतिक गठवन्धन हो, अप्राकृतिक गठवन्धन हो र तपाईंले बारम्बार यसको खण्डन गर्ने प्रयास गरिरहनुभयो मेरा केही प्रश्न छन् ।

तपाईंले बनाइरहनु भएको गठवन्धन तपाईं आँफुलाई नेपाली काँग्रेस प्रजातन्त्रको लागि लडेको पार्टी ठान्नु हुन्छ तपाईंले बनाइरहेको गठवन्धनलाई तपाईंको पार्टीलाई दस्तावेजका हिसावले नेकपा माओवादी केन्द्रले आफ्नो प्रमुख दुष्मन किटान गर्दछ । दस्तावेजकै हिसावले नेकपा माओवादी नेपाली काँग्रेसलाई आफ्नो मित्र शक्ति पनि स्वीकार्दैन प्रजातन्त्रका खातिर लड्ने शक्ति पनि मान्दैन र नेकपा माओवादीले तपाईं सहकार्य र सहमित्र कसरी स्वीकार्न सक्छ भन्ने प्रश्न मसँग छ । तपाईंले कसरी त्यो स्वीकार्न सक्नुहुन्छ भन्ने प्रश्न पनि मेरो तपाईंप्रति छ ।

सभामुख महोदय, यो गठवन्धनमा राष्ट्र राज्यको वकालत गर्ने दलहरु पनि छन् यो गठबन्धनमा संघीयतालाई खारेज गर्ने दलहरु पनि छन् र अनि यो गठवन्धन अपवित्र नभएर के हुन्छ ? यो गठबन्धन अराजनीतिक नभएर के हुन्छ ? यो गठवन्धन सत्ताको लागि मात्रै नभएर के हुन्छ ? भन्ने मेरो प्रश्न छ । तपाईंले विश्वासको मत माग्दै भन्नुभएको छ यो मुलुकको स्थिरताका लागि, सुशासनका लागि बारम्वार भन्नुभयो, मेरो फेरी पनि प्रश्न छ यो मुलुकमा दलहरुलाई नै जनताका बिचमा पुग्नका लागि, दलहरु जनताको निर्णयलाई नै स्वीकार्नका लागि, दलहरु जनताप्रति जवाफदेही बनाउनका लागि, गरिएका निर्णयका विरुद्धमा तपाईंहरु बारम्बार किन उभिनुहुन्छ ? नेपाली काँग्रेसको इतिहासले यो भन्दैन, लोकतन्त्रको इतिहासमा यो भन्दैन लोकतन्त्रको लडाईंले जनतालाई जनता महान छन् र जनताको लडाईंलाई स्वीकार्नु पर्दछ भन्ने सिद्धान्तलाई मान्दछ ।

इतिहासका निर्मम कण क्षणहरु  पनि तपाईंले स्मरण गर्नु हुन्न मेरो हार्दिक आग्रह छ । वि.पी. कोइराला जतिबेला दुई तिहाईको सरकार चलाईरहनु भएको थियो । तपाईंको दलभित्र होइन सुवर्ण शम्शेरलाई प्रधानमन्त्री बनाउनु पर्छ  वि.पी. कोइराला अपदस्त गर्नु पर्छ भनेको आवाज उठिरहेको ? कुन प्रवृत्तिले यो काम गरेकोछ ? तपाईंको सरकारमा तपाईंको पूर्व पार्टी सभापति हुनुहुन्थ्यो गिरिजाप्रसाद कोइराला । बहुमतका साथ सरकारमा हुनुहुन्थ्यो तपाईंको सरकारलाई गिरीजा प्रसाद कोइरालाको सरकार अपदस्त गर्नुपर्छ, ढलाउनु पर्छ भनेर तपाईंकै दलभित्र सुरुवात भएको त्यो खालको झिंगाझपटी । ०५१ सालको निर्वाचनमा नेकपा एमालेले लोकप्रिय सरकार चलाइरहेको थियो र अगाडि बढिरहेको थियो त्यतिनैबेला होइन मनमोहन अधिकारीको सरकारलाई अपदस्त गर्नको लागि सडकबाट र जंगलबाट एकैचोटी विद्रोह गरिएको त्यसले परिणाम के ल्यायो ? प्रतिगमन, प्रतिगमनको शिकार भएका छौं हामी लोकतन्त्रलाई पछाडि धकेलिने काम भएको छ । तथ्यहरुको निर्मम समीक्षा हुन जरुरी छ ।  भनिन्छ एउटा कुरा गरिन्छ अर्को कुरा, भनिन्छ एउटा कुरा, गरिन्छ अर्को कुरा र निस्कन्छ परिणाम अर्को कुरा यसकारणले यो कुरामा हेक्का राख्दै तपाईंले गठवन्धनलाई अगाडि लैजानु भयो भने मेरो शुभकामना रहनेछ ।

सभामुख महोदय, मुख्यमन्त्रीज्यूको सरकारको तस्विर देखिएकै छ, सरकारका मन्त्रीहरुको अभिव्यक्ति सुनिएकै छ, लोकतन्त्रको लागि नसुहाउने न्यूनतम पनि सम्मान व्यक्त गर्न नसक्ने न्यूनतम  भन्न  भन्नुभयो माननीयज्यूले संस्कारको विकास गर्नुपर्छ भनेर । अहिले युट्युवमा आइरहेका भाषणहरु, सडकमा देखिएका भाषणहरु त्यही हो संस्कार सिकाइरहेको ? त्यहीँबाट प्रदर्शित हुन्छ संस्कार ? प्रत्येक कुराको छिनोफानो संसदमा हुन्छ,  संसदमा हुनुहुन्छ स्वागत गर्न चाहन्छु । सडकमा नाराबाजी गर्नुभएन यसको लागि स्वागत गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु । मुलुकका प्रधानमन्त्रीले जे फैसला गर्नुभयो जे निर्णय गर्नुभयो  मुलुकका प्रधानमन्त्रीले जे काम गर्नका निम्ति अग्रसर भैरहनु भएको थियो देशलाई  तपाईंहरुले गठवन्धन निर्माण गर्नुभयो र तपाईंहरुले बनाइरहेको

गठबन्धनले तपाईंहरुले गरिरहेको कामले लोकतन्त्रलाई कहाँनिर बलियो बनाउँछ ? जनतामा जान्छु जनताका निर्णय लिन्छु, जनताको निर्णयलाई सर्वोपरि स्वीकार्छु भनेर भन्ने भन्दा ठूलो कुरा के हुन्छ ? त्यो भन्दा ठूलो कुरा जनता महान छन् जनताका निर्णय सबभन्दा महत्वपूर्ण कुरा हो र लोकतन्त्रमा प्रत्येक पटक हुने निर्वाचनका फैसलाहरुलाई स्वीकारेर रहनु पर्दछ भन्ने सत्यलाई हामीले स्वीकार्नु पर्दछ ।

दलहरु त आउँछन् जान्छन् संसदमा हामी हुन्छौं जान्छौं नेताहरु आउछौं जान्छौं महत्वपूर्ण कुरा प्रणाली हो । महत्वपूर्ण कुरा प्रणाली हो संविधान हो र संविधान र प्रणालीले स्विकारेको कुरा आवधिक निर्वाचन का माध्यमबाट फैसला गरिने कुरा स्वीकार्नुपर्दछ । संसद भत्ता खानको लागि संसद वैठक गर्नका लागि संसद माननीयहरुले लगाउने लोगोको लागि मात्र होइन । संसद मुलुकका जटिल राजनीतिक घटना र परिघटनाहरुको फैसला दिनका लागि हो । निर्णय दिनका लागि हो तर त्यो संसद छिना झापडीमा त्यो संसद आफैं बनाएका कानुनहरुका विरुद्धमा, त्यो संसद आफैंलाई अकर्मण्य सावित गर्ने, त्यो संसदको गतिविधिलाई अवरोध गर्ने, गतिविधि अगाडि बढाउन नदिने त्यस्तो संसदले लोकतन्त्रको सुदृढीकरण गर्न सक्दैन । आज हामी जो जो सांसद छौं, जो जो निर्वाचित भएर आयौं, भोली हामी नआउन सक्छौं ।

आउनु पर्छ अनिवार्य छैन, अपरिहार्य छैन, एकपटक जनताले गरेको फैसलाले नस्वीकार्न सक्छ । त्यो हिम्मत र त्यो साहसका साथ निर्वाचनमा फर्किंदा निर्वाचनले नयाँ बनाउने संसदले सम्भवतः यी तमाम सबै सासदले सबै हाम्रा बिचका वेथितिहरुको निरुपण गर्नेछ र समाधान गर्नेछ । अबको ५० वर्षपछि अबको पचास बर्षपछि गण्डकी प्रदेशको सभाले गरिरहेका काम, कारवाही र गतिविधिको मूल्यांकन गर्दा माननीयज्यू तपाईंले के साँच्चै लोकतन्त्रका पक्षमा, संघीयताका पक्षमा दृढताका साथ लडिरहेको कुरा प्रमाणित होला ? तपाईंले साँच्चै म लोकतन्त्र सुदृढ गर्ने कामका निमित्त यो काम गरेको थिएँ यो विगतको सरकारलाई अपदस्थ गरेको थिएँ भन्ने कुराको पुष्टि होला ? यतातर्फ पनि ध्यान

केन्द्रित गर्न आग्रह गर्न चाहन्छु । यसकारणले हाम्रो राजनीतिले अहिलेको राजनीतिले जे खालको झिनाझपटीलाई जे खालको आरोप प्रत्यारोपलाई बढावा दिइरहेको छ जे खालको जो पनि जे पनि ठिक सत्तालाई जे पनि ठिक भन्ने संन्देशलाई तपाईंले बोकिरहनु भएको छ ।

सभामुख महोदय, मुख्यमन्त्रीज्यूले मेरो सत्ताका लागि जो पनि उपयुक्त जे पनि उपयुक्त भनेर जुन एउटा सन्देश दिन खोजिरहनुभएको र त्यसले हाम्रो लोकतन्त्रलाई, हाम्रो पद्धतिलाई, हाम्रा कामकारवाहीलाई वर्षौंसम्म असर पारिरहनेछ भन्ने अनुरोध गर्न चाहन्छु। संसदमा उभिएका बेला सभामुखज्यू मार्फत असार १ गतेदेखि सुरु भएको बाढीपहिरोको कारण धेरै धनजनको क्षति भएको छ बिशेष गरी लमजुङ जिल्ला मेरो आफ्नै निर्वाचन क्षेत्रमा निर्माणाधिन जलबिद्युत आयोजनाहरुमा अरवौंको क्षति भएको छ। ५ वटा जलबिद्युत आयोजनाहरुमा २५ अरव भन्दा बेसी लगानी भएको छ र ५ वटै जलबिद्युत आयोजना दोर्दी खोलाका बितण्डाका कारणले ध्वस्त भएका छन् ।दी क्षति भएको छ र २५ अरव बराबर दोर्दीको पुल ध्वस्त भएका छ, झोलुंगे पुलहरु धवस्त भएका छन्, मोटरबाटोहरु ध्वस्त भएका छन्, विद्यालयहरुमा क्षति पुगेको छ, १५ देखि २० घरहरु ध्वस्त भएका छन्, यो सबै दुःख प्रति दुःख व्यक्त गर्न चाहन्छु ।

यो जनतामा परेको दुःखका लागि मलमपट्टि लगाउन, जनताका लागि सहयोग गर्न सभामुख मार्फत गण्डकी प्रदेश सरकारलाई आग्रह पनि गर्छु र अन्तमा आफ्ना निमित्त तयार गर्नुभएको गठवन्धनमा, विचारमा, विधिमा, व्यवहारमा समस्याको जगमा बसेर उभिनुभएको तपाईंको सरकारको धेरै लामो दिर्घायुको कामना मैले गरे पनि हुन सक्दैन यसकारणले तपाईंको सरकार जो मुख्यमन्त्रीजीले विश्वासको मत माग्नु भएको छ यो उहाँका निमित्त म दिन नसकिने, समर्थन जनाउन नसकिने जानकारी गराउँदै आफ्ना कुरा टुङ्ग्याउँछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मनबहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री राजीव पहारी ।

**माननीय सदस्य श्री मनबहादुर गुरुङ (ने.क.पा. एमाले)**

माननीय सभामुख महोदय, आज गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय कृष्णचन्द्र नेपाली पोखरेलले आँफूलाई र यो सरकारलाई विश्वास दिइयोस् भनेर राखेको प्रस्तावमा म छलफलमा सहभागी छु । आज मुलुक कोभिड-१९ ले आक्रान्त भईराखेको बेला त्यसमाथि पनि बाढीपहिरोबाट गण्डकी प्रदेश अस्तव्यस्त अवस्थामा छ । जेठ ३० गतेदेखि निरन्तर परेको पानीले आषाढ १ गते मेरो आफ्नै क्षेत्र, गण्डकी प्रदेशको राजधानी, नेपालको पर्यटकीय राजधानी पोखराबाट १५ मिनेटमा पुग्ने ठाउँ मादी गाउँपालिकाको वडा नं. १, वडा नं २, वडा नं ६, वडा नं ७, वडा नं ४ र वडा नं. ९ मा ठूलो क्षति पुर्‍याएको छ । मानविय क्षति भएको छैन तर २७ घर मध्येमा २ घर पूर्ण रुपमा क्षति भएको, बगाएको र २५ घर अस्तव्यस्त अवस्थामा छ । त्यतिमात्र कहाँ हो र सभामुख महोदय, त्यहाँ अहिले सडक अवरुद्ध छ, बिजुली बत्ती अवरुद्ध छ, सञ्चारको सुबिधाहरु अवरुद्ध छ, सामाजिक सञ्जालबाट वञ्चित छ ।

यो प्रदेशको ५०.५ मेगावाट बत्ति उत्पादनमा थियो त्यो पूर्ण रुपमा क्षति भएको छ । ४४ मेगावाट र २४ मेगावाट बत्ति निर्माणको क्रममा थियो सारा ध्वस्त बनाइदिएको छ त्यतिमात्र होइन वडा नं. १ को हुगु भन्ने ठाउँमा भेडीगोठ सहित ३००-४०० भेडा सहितको गोठ नै तपाईंको बगाइदिएको छ र वडा नं. ९ मा वडा नं. ४ मा मादी गाउँपालिकाको कार्यालय जाने जुन पुलको जीप पनि भत्काइदिएको छ र माछापोखरी र जुन कुखुराको फर्महरु, सुंगुरको फर्महरु सबै बगाइदिएको छ ।

मैले यो प्रसंग किन उठाउन खोजेको हो भने आज ६ दिन भयो माननीय सभामुख महोदय सबै जनता अध्यारोमा छन्, सामाजिक सञ्जालबाट वञ्चित छन्, गर्भवती महिलालाई तपाईंको सम्बन्धित निकायमा ल्याउन सकिराखेको छैन, कोभिडको बिरामीहरुलाई सम्बन्धित ठाउँमा ल्याउन सकिरहेको छैन तर सरकार गण्डकी प्रदेशको सरकार मुख्यमन्त्रीज्यू विश्वासको मत मागिराख्दा हुँदा पाँच छ दिन हुँदा पनि उहाँ त्यो ठाउँमा पुगिराख्या छैन कि यो प्रदेश यो आज हामी बोलिराखेको ठाउँबाट जहाँ १५ मिनेटमा पुगिन्छ त्यसकारण यो सरकार प्रति मैले कसरी विश्वास गर्ने ? हुनत मैले विश्वास गर्ने ठाउँ त छँदैछैन यो अपवित्र गठवन्धनबाट बनाएको सरकार ४ दल, ५ दल, न यो विचारको हिसावले भोलि एक हुन सक्छ, न सिद्धान्तको हिसावले एक हुन सक्छ, यो त जनताको अभिमतलाई हिजो जनताले तपाईंको ५ वर्षको सरकार चलाउन दिएको जनताको अभिमतलाई परास्त गर्नको निमित्त मात्र भएको अपवित्र गठवन्धन हो । त्यसैले यो गठबन्धन त सरकारमै सहभागी सदस्यहरुले, सचेतकज्यूहरुले बारम्बार भनिरहनुभएको छ यो सरकार खिचडी सरकार हो । त्यसकारण मैले र मेरो दलले कुनै पनि हालतमा यो सरकारलाई समर्थन गर्न सक्दैन ।

सभामुख महोदय, त्यसकारण म के निवेदन गर्न चाहन्छु भने हामी गण्डकी प्रदेशलाई समृद्धि बनाउने, सुखी बनाउने, समृद्ध नागरिक बनाउने जुन लक्ष्यका साथ जुन बजेट आउनु पर्ने थियो, जुन नीति कार्यक्रम आउनु पर्ने थियो भन्ने बेलामा गरिन्छ एकदम हतार भयो रातारात काम गर्नुपर्ने भयो तर विगतका नीति कार्यक्रम भन्दा विगतका बजेट वक्तव्य भन्दा साँगुरो भएर कुनै खालको ठोस कार्यक्रम नलिएर न यो बजेटलाई महत्वाकांक्षीको बजेट भन्न सकिन्छ, न यो बजेटलाई हिजोको निरन्तरता भन्न सकिन्छ कसरी मैले यो बजेटलाई संबोधन गरौं सभामुख महोदय, त्यसकारण म र मेरो दलबाट यो सरकारको समर्थन गर्न सकिदैन ।

जहाँसम्म यो फेरि पनि सरकारसँग के निवेदन गर्न चाहन्छु भने सभामुख मार्फत के अग्रह गर्न चाहन्छु भने तुरुन्तका तुरुन्त त्यो जनतालाई उज्यालो दिने कि नदिने ? त्यहाँको गर्भवती महिलालाई सम्बन्धित निकायमा पुऱ्याउन ल्याउने वातावरण बनाउने कि नबनाउने ? सरकारको ले कहाँ गएर कराउने हो मैले मुख्यमन्त्रीजी कहाँ मात्र गएर कराउने हो कि कहाँ गएर कराउने हो यो मेरो व्यथा, मेरो गुनासो भनौं वा मेरो सुझाव भनौं कहाँ लगेर राख्ने हो बाटो बनाउनु पर्नेछ, बजेट तुरुन्तका तुरुन्त बजेट बनाउनुपर्नेछ क कास्कीको सबभन्दा कास्कीमा कास्कीको सिक्लेस अहिले मान्छे हिंड्ने बाटो छैन मोटरको त कुरा छोड्दिनुस् मादी वडा नं २ मा हिंड्ने बाटो छैन, मोटर बाटो कसरी कुरा गरौं, यो सरकारको ध्यान जाने कि नजाने ? यो सरकारले तुरुन्तका तुरुन्त यी जनता गास, बास, कपासको समस्यालाई तुरुन्त का तुरुन्त स्थलगत निरिक्षण गरेर सरकारको कुनै अहिले सम्म कुनै वास्ता छैन त्यसकारण बरु मनाङ पुगेछ भन्ने सुन्नमा आएको छ तर १५ मिनेटको बाटोमा पुग्न सकिरहेको छैन कि त्यो पनि पुग्न सक्दैन भने साधन र स्रोतको पनि म व्यवस्था गराउँछु सभामुख महोदय, सरकार **(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** त्यो ठाउँमा निरीक्षण गर्न जाओस् भन्ने कामना गर्दै म र मेरो दल यो तपाईंको विश्वासको मतमा कुनै पनि तपाईंको मत दिन नसक्ने विचार राख्दै आफ्नो भनाई अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री ओमकला गौतम ।

**माननीय सदस्य श्री राजीव पहारी (ने.क.पा. एमाले)**

माननीय सभामुख महोदय, सर्वप्रथम बाढीपहिरोबाट निधन हुनुभएका सबैप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र जो अलपत्र परिरहनुभएको छ उहाँहरुलाई संघ सरकारले उद्दार र राहतको

काम गरिरहेको छ प्रदेश सरकार पनि छ भने त्यो उद्दार र राहतको काममा लाग्नको निम्ति अनुरोध गर्न  चाहन्छु ।

माननीय सभामुख महोदय, लोकतान्त्रिक शासन व्यवस्थामा सरकार गठन हुने, पुनर्गठन हुने, परिवर्तन हुने कुरालाई सामान्य रुपमा लिइन्छ तर जुन विषयवस्तु उठान गरेर जुन पृष्ठभूमिमा गण्डकी प्रदेशमा यो नयाँ सरकार बनेको छ माननीय कृष्णचन्द्र नेपाली पोखरेलको नेतृत्वमा यो अप्राकृतिक छ । अपवित्र गठवन्धनका साथ यो बनेको छ र यो प्रदेशका साँसदहरु प्रेदशका जनताहरुको इच्छा, चाहना र आकांक्षाको जगमा यो सरकार बनेको छैन । यो त केन्द्रका  केही शीर्ष नेताहरुको चोचोमोचो मिलेको भरमा  केन्द्रको रिमोट कन्ट्रोलबाट यो सरकार बनेको छ । यसरी बनाउ भनेर केन्द्रबाट आदेश भयो त्यही अनुसार यहाँ बनेको छ । त्यसोभएर केही सत्तापक्षीय माननीयहरुको हामीले भनाई सुनिरहेका छौं नीति तथा कार्यक्रम मात्र खिचडी जस्तो छैन  यो सरकार नै खिचडी जस्तो छ । यो सरकारको रुप हेर्ने हो भने न हाँसको चाल न बकुल्लाको चाल जस्तो छ । अघि माननीय मुख्यमन्त्रीज्यूले आफ्ना भनाईहरु राख्दा भन्नुभयो सत्तापक्षीय माननीयहरुका कुरा सुन्दा पन्ध्र बीस दिन अगाडि उहाँहरुले बोलेका कुरा र अहिले बोलेका कुरा उहाँनै माननीय हो त ?  भने जस्तो नि लाग्छ । तर माननीय सभामुख महोदय, खुर्सानीको बीउ रोपेर सुन्तलाको फलको आशा गर्न सकिदैन । सरकार ३० गते बन्यो ।

मुख्यमन्त्रीज्यूले शपथ गर्न के भ्याउनु नै भएको थिएन बाहिर सत्तापक्ष तर्फ उन्मुख हुनुभएका एकजना माननीयको शरीरमा यस्तो भुत चढ्यो कि एकजना राष्ट्रसेवक सुरक्षाकर्मीलाई तेरो पनि हिसाव किताव हुन्छ, तलाई पनि ठेगाना लगाइन्छ भनेर उर्दी जारी गर्नुभयो त्यो सत्तापक्षीय भुत यसरी चढ्यो शुरुवातै मुख्यमन्त्रीको शपथै गर्नै पाउनुभएको छैन माननीय मुख्यमन्त्रीज्यूले भित्र प्रदेश प्रमुखको कार्यालय भत्र बाहिर त्यो एलान जारी भयो । त्यो घोषणा जारी भयो ।सभामुख महोदय, त्यसपछाडि अहिले यो सरकार गठन भएको आज ६ दिन मात्र भएको छ  संविधान अनुसार कानुन अनुसार ३०

दिन भित्र यो सरकारले विश्वासको मत लिन सक्छ तर छिटो भन्दा छिटो यो सरकारले किन विश्वासको मत लिन चाहेको छ भने यो सरकार बन्नुको मुख्य उद्देश्य नै केही अमुक व्यक्ति मन्त्री बन्ने झण्डा हल्लाउने को निम्ति हो ।

हिजो माननीय पूर्व मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङको नेतृत्वमा संघीयतालाई जुन कार्यान्वयन गरिएको छ, सुखी जनता समृद्ध प्रदेश निर्माण गर्ने जुन काम गरिएको छ, त्यसको लक्ष्य भेदन गर्नको निम्ति होइन तसर्थ यहाँ छिटो भन्दा छिटो यो विश्वासको मत लिने अनि सरकार पनि बनाइहाल्ने । हो हिजो माननीय पृथ्वीसुव्वा गुरुङ मुख्यमन्त्री हुँदाखेरी पनि उहाँले ११ जना मन्त्री बनाउन सक्नुहुन्थ्यो तर कोरोनाको महामारी छ, अर्थतन्त्र कोभिड-१९ को कारणले हरेक क्षेत्र तहस नहस छन् चाहे पर्यटन क्षेत्र, चाहे यातायात क्षेत्र, त्यसोभएर सरकार मितव्ययी ढंगबाट चलाउनु पर्छ भनेर शुरुमा ७ जना र पछाडी उहाँले ५ जना मन्त्रीबाट मात्र सरकार संचालन गर्नुभयो तर यहाँ त विश्वासको मत पाउँदा नपाउँदै ११ जनाको मन्त्री बनाउने खालका कुराहरु पनि आइरहेका छन् तसर्थ यो फजुल खर्चलाई बढावा दिने खालको काम यो विश्वासको मत पाइसकेपछि हुने भएको कारणले माननीय सभामुख महोदय,यो सरकारलाई हाम्रो पार्टीले, हामीले विश्वासको मत दिन सक्ने अवस्थामा छैनौं ।

केलाई केको धन्दा, कस्लाई खानाको धन्दा भने जस्तै विश्वासको मत लिने अनि मन्त्री गठन गर्ने अनि झण्डा हल्लाउने कामको निम्ति भएकोले हामीले दिन सक्दैनौं। अर्को कुरा मैले शुरुमा पनि निवेदन गरें सत्तामा आउने, जाने ठुला कुरा होइनन् तर सत्तामा आइसकेपछि सरकारका जिम्मेवार व्यक्तिहरुको गैर जिम्मेवार अभिव्यक्तिहरु आइरहेका छन् । यो सरकार गठन भएको जनतालाई सुख सुविधा दिन र समृद्धिको बाटोतर्फ अगाडि बढ्को निम्ति हो कि जनताको सुरक्षाको निम्ति खटिएका सुरक्षाकर्मीहरुको मनोवल गिराउनको निम्ति सम्माननीय प्रधानमन्त्री, निवर्तमान मुख्यमन्त्रीको बारेमा विभिन्न खालका तल्ला स्तरका अभिव्यक्तिहरु दिनको निम्ति हो ? के सत्तापक्षीय माननीय

हुने बित्तिकै, सत्तापक्षीय मन्त्री हुनेबित्तिकै जे पनि बोल्ने, जे पनि गर्ने कानुनमा छुट छ ? के कानून भन्दा माथि कोही छ ?

सभामुख महोदय, तसर्थ म अनुरोध गर्न चाहन्छु खान पाइयो भने जे पाइन्छ त्यहि क्वाप्प मुखमा नहाल्ने, बोल्न पाइयो भने प्याच्च बोल्ने काम पनि नगरौं । भोली आँफुले बोलेका कुराहरु आफैंमाथि गलपासो हुनेखालको स्थिति हुन नबनोस्, न्याउरी मारी पछुतो भन्ने खालको अवस्था पनि नहोस् म माननीय मुख्यमन्त्रीज्यूको यतातिर पनि ध्यानाकृष्ट गराउन चाहन्छु । अर्को कुरा अगि कुरा नि आइसक्यो यो चारदलीय गठबन्धनको जुन सरकार छ यो चार दल चारखालका हुनुहुन्छ अगि माननीयज्यूले भनिसक्नु भयो एउटा एउटा दलले अर्को दललाई प्रधान शत्रु घोषणा गरेको छ। एउटा दल त सत्तापक्ष हो कि प्रतिपक्ष हो छुटयाउनै गाह्रो छ भेउ नै पाउन गाह्रो छ त्यसो भएर यो अहिलेको जुन गठवन्धन बनेको छ यो गठवन्धन भनेको तेल र पानीको समिश्रण हो न पिउन मिल्छ न गाडीमा हाले पनि गाडि चल्न सक्छ ? तसर्थ जति चाहना इच्छा हँदाहुँदै पनि यो प्रदेशको समृद्धिको निम्ति, विकासको निम्ति यो सरकारलाई यो गठबन्धनलाई हाम्रो पार्टीले समर्थन गर्न सकिँदैन । यो स्वार्थको गठबन्धन कस्तो छ भने पुराणको नृसिंह अवतारको जस्तो रुप प्रष्ट भएको छ हेर्दा सिंह जस्तो पनि देखिने मान्छे जस्तो पनि देखिने र यो सरकारको सुरुवातमा नै ध्यान र जोड कता छ भन्नेकुरा सरकार बनेको भोलिपल्टै सुबिधा बढाउने खालका ऐन, कानुनहरु बनाउने जुन कुरा आयो यस्ले पनि यो सरकारको ध्यान कता छ, जोड कता छ भन्ने कुरा प्रष्ट छ म यति भन्दै हलेदो हो भनेपछि धेरै कोटयाइराख्नुपर्ने आवश्यकता छैन सभामुख महोदय, म हाम्रो पार्टीको तर्फबाट मेरो तर्फबाट यो अविश्वासको प्रस्तावमा यो विश्वासको मतको विपक्षमा मत हालेर यो समृद्ध प्रदेश सुखी जनता बनाउने अभियानमा सबै माननीयज्यूहरु लाग्नको निम्ति अनुरोध गर्न चाहन्छु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री पियारी थापा ।

**माननीय सदस्य श्री ओमकला गौतम (नेपाली काँग्रेस)**

माननीय सभामुख महोदय, सर्वप्रथम त म देशैभरि र गण्डकी प्रदेशका विभिन्न जिल्लामा अविरल बर्षाका कारण मानव, पशु चौपाया र धनजनको ठूलो क्षति भएको छ । यो क्षति प्रति गहिरो दुःख व्यक्त गर्दै मृतकहरुलाई हार्दिक श्रद्धाञ्जली दिन चाहन्छु र जो के रे फस्नुभएको छ जसलाई उद्दार गर्न अझै बाँकी छ उसलाई पनि तत्काल राहत उद्दार गर्न सम्बन्धित संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारसँग जोडदार माग गर्न चाहन्छु र हिजो मात्रै मुख्यमन्त्रीज्यू, मन्त्रीज्यू र मानननीज्यूहरु गएर मनाङमा फसेकाहरुलाई उद्दार गरेर आज मात्र फर्किनु भएको छ माननीय सभामुख महोदय, यहाँ विद्वान माननीयज्यूहरुले टीका टिप्पणी धेरै गर्नुभयो म यो टीका टिप्पणी गर्न चाहन्न । यसै पनि साँच्चिकै भोली दिन कस्तो आउँछ भन्ने कुरा रातको प्रतिक्षा रातबाट नै दिन कस्तो आउँछ भन्ने कुरा हुन्छ रातलाई सामना गरेपछि दिनको कल्पना गर्ने हो हामीले। रातको पनि सामना गर्नु भएको छ । आज विश्वासको मत लिने मुख्यमन्त्री जनताप्रति उत्तरदायी नभएको भए जनताप्रति जवाफदेहीता नभएका भए जनताको भावना अनुरुप नचलेको भए के आज सांसदहरुलाई क्याम्पिनिङ गरेर बस्नुहुन्थ्यो होलानी ? मनाङमा जानुहुन्थ्यो ? मनाङमा गएर राहत, उद्दार, सारा मनाङको परिस्थिति हेर्नु हुन्थ्यो होला ? यहिँबाट प्रष्ट हुन्छ यो सरकार कति गम्भिर छ भन्नेकुरा यहाँ धेरै कुराहरु आए खिचडीका धेरै उदाहरण आए माननीय सभामुख महोदय । खिचडीको महत्व नबुझ्नु भएको माननीयज्यूहरुलाई मैले खिचडीको महत्व बुझाउन चाहन्छु ।तपाईँहरु खिचडी भन्ने के हो शब्द बुझ्नुस् खिचडी भनेको हरेक दिन पाक्ने चिज होइन ।

खिचडी भनेको यस्तो महत्वपूर्ण चिज हो जो चिज बिशेष दिनमा पाक्छ आवश्यकता अनुसार पाक्छ ।जहिले आवश्यक पर्छ जुन एक दिन पाक्छ त्यो खिचडी औषधी उपचारको लागि पनि प्रयोग हुन्छ । त्यो खिचडी यति मिठो हुन्छ कि यो खिचडी भनेको हरेक दिन खान पाइने चिज पनि होइन माननी सभामुख महोदय । आज यो खिचडी सरकार होइन यसलाई खिचडी सरकार भने के रे यसलाई खिचडी जस्तो पवित्र एउटा पाक्यलाई तपाईंहरुले अपव्याख्या गर्नुभयो । यो खिचडीलाई म सम्मान गर्छु जुन एउटा पर्वको रुपमा मनाइन्छ माघीमा मात्रै खान पाउँछन् । खान नपाउनेहरुले पनि त्यसकारणले यो खिचडी सरकार यहाँहरुले त के चाहनु भएको रहेछ भने बालुवाको मात्र घर बनाउन खोज्नु भएको रहेछ । ईट्टाको मात्र घर बनाउन खोज्नुभएको रहेछ ।तपाई यदि सुन्दर महलको कल्पना गर्नुहुन्छ तपाईंहरु मजबुत महलको कल्पना गर्नुहुन्छ भने समिश्रणको आवश्यकता छ बालुवाले मात्र घर बन्न सक्दैन सभामुख महोदय ।

बालुवा, पानी, सिमेन्ट त्यति मात्र होइन सभामुख महोदय, असल मिस्त्रीको पनि आवश्यकता पर्दछ मजबुत घर बनाउन यहाँहरुले त खालि खिचडी भन्नुभएको छ अपवित्र भन्नुभएको छ हिजो त तपाईंहरु सित तपाईंहरुलाई समर्थन गरिरहँदा, तपाईंहरुसँग बस्दा त्यहि व्यक्ति पवित्र हुने आज तपाईंहरुले नै यो निकास दिनुभएको हो हामीलाई तपाईंहरुले नै छोडेको हो तपाईंहरुले नै यो परिस्थिति ल्याएको हो त्यो बेला अपवित्र भन्न मिल्दैन त्यसकारण यो सरकार अपवित्र होइन यहाँहरुले गरेजस्तो, यहाँहरुले सोचेजस्तो, यहाँहरुले कल्पना गरेको जस्तो यो सरकार होइन त्यसैले मैले माननीय सभामुख मार्फत नेपाली काँग्रेस संसदीय दलका सम्पूर्ण माननीयज्यू र यो गठवन्धनका माननीयज्यूहरु समेतलाई र स्वयं देब्रे साईडमा बस्नुहुने सम्पूर्ण माननीयज्यूहरुलाई यो मुलुकको बिषम परिस्थिति, यो मुलुकका घटनाक्रमका बिषयमा म बोल्न चाहन्न केन्द्रीय राजनीतका कुरा र हिजो पनि हामीले सडकमा बसेका कुरा आए त्यसका बिषयमा मैले पछाडि फर्के भने वास्तवमा पछाडि फर्किनु हुँदैन, अगाडिका बाटोका खाल्डाहरु पुर्दै हामीले हिंड्ने हो ।यो सरकारले पछाडि फर्केर हेर्दैन अगाडि खाल्डाहरु पुर्दै हिंड्छ यो सरकारले त्यसैले यी यो

परिस्थितिको सरकारलाई यहाँहरु सबैले विश्वासको मत दिएर जनता प्रति उत्तरदायी बन्नुहुनेछ ।

यो प्रदेशको निकासको निम्ति, यो प्रदेशको विकासको निम्ति कागजी कुरा मात्र होइन, यहाँ आएर बोल्ने कुरा मात्रै होइन यसमा लाग्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु र सम्पूर्णलाई माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपालीज्यूलाई विश्वासको मतदान गर्नु हुन मैले आग्रह गर्न चाहन्छु । बाँकी कुरा यो बजेटका कुरा आए कुनलाई प्राथमिकता दियो दिएन भन्ने कुरा आयो कल्पना गर्नुहोस् त हजुरहरुले २९ गते सडकबाट शपथ खाएको मुख्यमन्त्री त्यसपछि आज एक हप्ता नहुँदै नपुग्दै विश्वासको मत लिन आँट गर्नु त्यसपछि गएर रातारात नीति तथा कार्यक्रम ल्याउनु पर्ने, यहाँहरुले नै बनाएका बजेट हामीले पढदिनु पर्ने, तपाईंहरुले बनाएर राखेको बजेट होइन धेरै कुराहरु ? तपाईंहरुले के आज यदि तपाईंहरु प्रदेशको निकास चाहनुहन्छ र सबै चाहनुहुन्थ्यो भने मुख्यमन्त्रीज्यूले अहिले जसरी कृष्णचन्द्र मुख्यमन्त्रीज्यूले एक हप्ता नबित्दै विश्वासको मत लिन आँट गर्नुभएको थियो भने हजुरहरुलाई किन ३० दिन कुर्नुपर्‍यो ?

हजुरहरुले किन लास्ट आवरमा गएर त्यो घिटिक्कै भनिन्छ नि डिलमा पुर्‍याउनुपरेको थियो त साँच्चिकै प्रदेशको समृद्धि चाहेको भए साँच्चिकै बजेट राम्रो आओस् भन्ने चाहेको भए तपाईंहरुले त छिटो विश्वासको मत लिन चाहनुहुन्थ्यो नि र यहाँ आएर खबरदार भन्ने कुरा पनि आए म त्यो कुरा जहाँ घोचेर बोलेका कुरा म घोचेरै गर्छु तर आज ती मिडियामा नआएका हुन् के घटनाक्रम घट्न लागेको थियो ? आज म सम्मान गर्न चाहन्छु केही माननीयज्यूहरुले विद्रोह गरेर भएपनि आज दुर्घटना हुनबाट जोगाउनु भएको छ उहाँ माननीयज्यूहरुलाई म सम्मान गर्न चाहन्छु । आज नेपाली जनताले ५ वर्षको लागि भोट दिएर पठाएका हुन् नेपाली जनताको मनोभावना विपरित नेपाली जनताको मनोचाहना विपरित ५ बर्षलाई दिएको केन्द्रीय सरकार जसरी बिघटन भएर गएको छ २ चोटी त्यस्तै दुस्साहस यहाँ नगरिएको होइन माननीय सभामुख महोदय,

तर त्यो दुर्घटनाबाट गण्डकी प्रदेश बचेको छ र अब पनि फेरि त्यही दुर्घटना निम्त्याउनलाई दुस्साहस यदि हामी कसैले गर्छौं भने इतिहासमा हामी कसैलाई पनि माफी दिने छैन र यो नेपाली जनताले माफी दिने छैनन्, प्रदेशबासीले माफी दिने छैनन् इतिहासले पनि हामीलाई माफी दिने छैन त्यसैले माननीय सभामुख महोदय, बाँकी कुरा त सहमति, सहकार्य र एकता ।

हाम्रो नेताहरुले भन्नुहुन्थ्यो, हाम्रो गठबन्धनको नेतृत्व यस्तो नेताले गर्नुभएको छ वि.पी. कोइराला २०३३ सालमा जो आफ्नो गर्धन छिनिन पनि सक्छ, आफ्नो एउटा हत्या पनि हुन सक्छ, जे पनि हुन सक्छ भन्दा भन्दै पनि भारतबाट नेपालमा मेलमिलापको नीति लिएर आउनुभएको थियो, त्यो पार्टीको कार्यकर्ता, त्यो पार्टीको  स्कूलिङ्गबाट आएको नेतृत्वले नेतृत्व गरेको छ र सबैले त्यसलाई  साथ दिनुभएको छ । त्यतिमात्र होइन गिरिजा प्रसाद कोइराला हेर्नुहोस् त कल्पना गर्नुहोस् गिरीजाप्रसाद कोइरालाले नै एकता, सहकार्य र मेलमिलाप भनेर भन्नुभएको थियो । त्यही यो गठवन्धन पनि सम्पूर्ण माननीयज्यूहरु, नेताहरु आज यहाँ समिश्रण पाँचै दल स्वतन्त्र माननीयज्यू हुनुहुन्छ आज स्वतन्त्र माननीयज्यूको बिषयमा यहाँ जुन कुरा उठेकोछ हुनुहुन्छ यो के हजुरहरुको सरकारमा उहाँ नभएको हो ? यहाँ आउने बित्तिकै उहाँ अपवित्र हुने  अनि त्यतिबेला पवित्र हुने ?  त्यस्तो कुरा हामीले यो लज्जास्पद बोल्न मिल्दैन ।

माननीय सभामुख महोदय,  यो हामीलाई प्रदेशका सबै जनताले देखेका छन् सुनेका छन् हिजोका यहाँहरुका अभिव्यक्ति, आजका अभिव्यक्ति के देब्रेतिर हुँदैमा चेन्ज हुनुपर्छ ? हामी दाहिनेतिर हुँदैमा जहिले पनि सत्तामा गएर यो गठवन्धन मात्तिने छैन, सत्ताबाहिर रहँदा पनि हिजो आत्तिएको थिएन । त्यसकारणले हामीले स्वभाविकै हो आसन परिवर्तन हुँदा हिजोका यहाँहरुले झण्डाको आपत्ति भन्नुभयो, ती ११ वटै मन्त्रालयकै विषयमा कुरा गर्ने हो भने यो सरकारले गएर मन्त्रालय फोरेको छ ? ७ वटा मन्त्रालयबाट वेलकम गरेर रातो कार्पेट विच्छ्याएर यहाँहरुले पनि आह्वान गरेर ११ वटा बनाएर बसेकै हो

किन मिलाउन सक्नुभएन विश्वासको मत किन लिन सक्नुभएन ? त्यसैले माननीय सभामुख महोदय, अब मेरो यो सरकारलाई विश्वासको मत दिन मैले सम्पूर्णलाई आग्रह गर्दै, अनुरोध गर्दै मेरो भनाई अन्त गर्ने अनुमति चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री हरि बहादुर चुमान ।

**माननीय सदस्य श्री पियारी थापा (राष्ट्रिय जनमोर्चा)**

माननीय सभामुख महोदय, यतिबेला हामी आज मात्र प्रस्तुत भएको माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलज्यूले सदन समक्ष प्रस्तुत गर्नुभएको विश्वासको मतको प्रस्तावको उपर हामी छलफलको क्रममा छौं। सर्वप्रथमत मैले विगत केही दिन यतादेखि परेको अविरल वर्षाका कारणले गर्दाखेरी गण्डकी प्रदेशका अधिकांश जिल्ला लगायत नेपालभरिनै ठूलो धनजनको क्षति भएको छ यसमा राष्ट्रिय जनमोर्चा संसदीय दलको तर्फबाट गहिरो दुःख प्रकट गर्दै समग्र जुन यसबाट बाढीपहिरोबाट मृत्युवरण गर्न बाध्य हुनुभयो उहाँहरुको हार्दिक श्रद्धञ्जली ज्ञापन गर्दै र जति पनि वेपत्ता हुनुहुन्छ र घाइते हुनुहुन्छ उहाँहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु र उहाँहरुलाई तत्काल राहत तथा उद्दारका निमित्त गण्डकी प्रदेश सरकारलाई म बिशेष यो रोष्टमबाट बिशेष अनुरोध गर्न चाहन्छु र उहाँहरुको उद्दार र उहाँहरुको पुनर्स्थापनाको निमित्त गण्डकी प्रदेश सरकारले बिशेष भुमिका निर्वाह गरोस् मैले यो अनुरोध गर्न चाहन्छु ।

वास्तवमा भन्ने हो भने यो खासगरी विपद् व्यवस्थापन सम्बन्धी जुन प्रकारको हाम्रो नीति छ विपद् व्यवस्थापन सम्बन्धी जुन प्रकारको हाम्रो कार्यशैली छ यसलाई हामीले परिवर्तन गर्नु पर्ने देखिन्छ । हामीले किनभने प्रत्येक वर्ष बर्षा लाग्दा नलाग्दै यो खालको विपत्ति हामीले भोगिरहेका छौं र यो भोगिरहेको अवस्थामा फेरि हामीले बर्षैपिच्छे

हामीले यसबाट मृत्यवरण गर्न बाध्य हुनुपर्ने सम्पूर्ण जनलाई हार्दिक श्रद्धाञ्जली ज्ञापन गर्नुपर्ने नियति छ यो खालको नियतिलाई हामीले सुधार गर्नका निमित्त हाम्रो विकासे नीतिलाई परिवर्तन गर्न जरुरी छ हामीले जुन प्रकारको नीति अवलम्बन गरेका छौं ।

त्यो नीतिलाई हामीले परिवर्तन गर्न सकेनौं भने अथवा त्यो नीतिबाट हामी उन्मुक्त हुन सकेनौं भने प्रत्येक बर्ष यी खालका घटनाहरुमा हामी पटक पटक यहि रोष्ट्रमबाट फेरि पनि श्रद्धाञ्जली दिने र फेरि घाइते वेपत्ताहरुको उद्दार गर्नुहोस् भनेर हामील बारम्वार चिच्याउनुपर्ने बाध्यता रहिरहन्छ त्यसकारणले गर्दाखेरी यसतर्फ सरकारले यो सरकारले यथोचित भूमिका निर्वाह गरोस् भन्ने मैले अनुरोध गर्न चाहन्छु र वास्तवमा वेपत्ताहरुलाई घाइते तथा वेपत्ताहरुलाई उद्दार गर्नको निमित्त जुन सामग्रीहरु मैले यो केन्द्रिकृत मानसिकताबाट जुन हामीले जुन प्रकारको गतिविधि गर्दैछौं अहिले सरकार छ सबै तहमा सरकार छ स्थानीय तहमा सरकार छ सरकारको संयन्त्रलाई हामीले चलायमान गराउन सकिरहेको छैनौ हामीले अहिलेपनि अहिले जुन व्यवस्था परिवर्तन भयो जतिपनि हामीले व्यवस्था परिवर्तन गरेर ल्यायौं तर हामीले गर्ने अवस्था हाम्रो अवस्था र हामीले गर्ने व्यवहार परिवर्तन भएको छैन ।

अहिले पनि हामीले घाइते तथा वेपत्ताहरुलाई उद्दार गर्नका निमित्त हामीले साधनहरु स्रोतहरु कहाँ राख्छौ त ? अहिले पनि सुगम ठाउँमा राख्छौं, राजधानीमा राख्छौं, फेरि प्रदेशको राजधानी पोखराबाट हामीले त्यो साधन पुर्‍याउनुपर्ने आवश्यकता पर्दछ । अनि यस्ता प्रकारका गतिविधिले तत्काल त्यो विपद् परेको ठाउँमा तत्काल हामीले राहत तथा उद्दारहरु गर्न सकिरहेको अवस्था छैन त्यसकारणले गर्दाखेरी प्रत्येक वडा वडामा अहिले राज्यको संयन्त्र पुगेको अवस्थामा त्यसलाई प्रभावकारी चलायमान अवस्थामा लैजानका निमित्त र त्यसलाई द्रुत गतिमा चलायमान गराउनका निमित्त यो सरकारले महत्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने मैले सुझाव दिन चाहन्छु र राष्ट्रिय राजनीतिमा परेको अन्यौलग्रस्त संकटमा गण्डकी प्रदेशले सरकार परिवर्तनको गहन अभिभारा पूरा गरेको

छ। यो सम्बन्धमा कतिपय विषयवस्तुहरु छन्  जसलाई हामीले प्रष्ट पारेर जानुपर्ने आवश्यकता देखिएको छ । यो  सरकार परिवर्तन भएर हुनुमा मुख्य गरेर पुष ५ को घटना पछि नै यो सरकारको अवस्थिति आएको हो जस्तो मलाई लाग्छ किनभने जसरी पुष ५ गते प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट जुन प्रकारको गतिविधि भयो उहाँले प्रतिगमन प्रतिगमनकारी कदम चालेर देशलाई एउटा अस्थिरता तर्फ लैजाने जुन प्रकारको गतिविधि अगाडि बढ्यो त्यसपछाडि राष्ट्रिय जनमोर्चाले एउटा नीति बनायो  कि प्रतिगमनका विरुद्धमा संघर्ष गर्ने जुन कुनै शक्तिहरुसँग हामीले संघर्ष, एकता त्यो खालको एकता गरेर जाने त्यो खालको नीति बनाएको छ त्यही नीति अनुरुप यो सरकार अहिले परिवर्तन भएको छ र यो गण्डकी प्रदेशमा जुन यो सरकार आएको छ त्यही बिशेष प्रकारको राजनीतिक परिघटनाको जगमा उभिएर आएको सरकार हो ।

यसले दुई खालको म्याण्डेट प्राप्त गरेको छ,  एक त जनताबाट चुनिएको छ जनताबाट अभिमत पाएको छ अर्को गठवन्धनबाट पनि त्यो  खालको म्याण्डेट पाएको छ यो सरकारले त्यसकारणले गर्दाखेरी यो सरकारमा जुन प्रकारको हाम्रो नीति थियो, यो सरकारलाई हेर्ने जुन प्रकारको नीति थियो, हिजो हाम्रो जुन नीति थियो त्यसमा परिवर्तन आएको छैन  त्यसकारणले गर्दाखेरी यो सरकारलाई हामीले गुण र दोषको आधारमा हामीले समर्थन र विरोध गर्ने हाम्रो जुन नीति छ त्यहि अनुरुप नै  हामी अगाडि बढ्ने छौ । आगामी दिनमा पनि हामी त्यहि हिसाबले अगाडि बढ्नेछौं र त्यसैको सन्दर्भमा पनि अहिले जुन विश्वासको मत माग्नुभएको छ माननीय कृष्णचन्द्र नेपाली पोखरलले जुन विश्वासको मत माग्नुभएको छ यसमा  त्यहि नीति अनुरुप हामीले वहाँलाई हाम्रो संसदीय दलको तर्फबाट उहाँलाई विश्वासको मत दिने जुन निर्णय भएको छ, हामी त्यस निर्णयलाई कार्यान्वयन गराउने रुपमा प्रतिवद्ध रहेको जानकारी गराउन चाहन्छु ।

वास्तवमा भन्ने हो भने अहिलेको सरकारलाई मुख्यगरी ४ वटा गहन जिम्मेवारी छ मुख्यगरी ४ वटा गहन जिम्मेवारी छ जस्तो मलाई लाग्छ । प्रदेशका सम्पूर्ण

जनताहरुलाई कोभिड खोपको व्यवस्था गर्ने, प्रदेशबासी जनताहरुलाई बचाउनु छ अर्को तर्फ बाढीपहिरोबाट क्षतविक्षत भएको स्थानमा व्यापक राहत तथा उद्दार र विस्थापितहरुको पुनर्स्थापना गर्नुपर्ने जिम्मेवारी छ । अर्को ३ नम्बरमा कोरोनाबाट कोरोनाका कारण रोजगारी गुमाएका विभिन्न स्थानहरुबाट फेरी रोजगारी जुन विदेशबाट आफ्नो रोजगारी गुमाएर फर्किएका ती श्रमशक्तिलाई यही प्रदेशमा श्रमशक्ति खपत गर्ने त्यो खालको वृहत कार्य योजना बनाउने अभिभारा पनि छ र अर्को तर्फ जुन कुरामा हामी लड्यौं, जुन कुरामा हामीले संघर्ष गर्यौं, लोकतन्त्र विधि पद्धति संविधानको महत्वपूर्ण उपलव्धि, गणतन्त्र, धर्मनिरपेक्षता र राष्ट्रिय स्वाधिनताको रक्षा गर्न सरकारसँग संघ सरकारसँग महत्वपूर्ण पहरेदारको रुपमा उभिने पनि जिम्मेवारी पनि यो सरकारलाई रहेको छ ।

त्यसकारणले हामीले विश्वास गरेका छौ कि यो सरकारले यी चारवटा जिम्मेवारी महत्वपूर्ण जिम्मेवारी बाहेक केही सहायक जिम्मेवारी पनि बेखुपी तरिकाले निभाउने छ भन्ने हामीले गुण र दोषको आधारमा समर्थन र विरोध गर्ने भनेका छौं त्यसकारणले गर्दाखेरी यहाँहरुले राम्रो काम गर्नु भयो भने हाम्रो तर्फबाट समर्थन रहनेछ यदि तपाईंहरु नराम्रो काम गर्नु हुन्छ भने हाम्रो तर्फबाट विरोध रहनेछ यो कुरामा यहाँहरु प्रष्ट हुनका निमित्त भन्दै मैले हार्दिक अनुरोध गर्दै मैले आफ्नो भनाईहरु यहिँ अन्त गर्नु भन्दा अगाडि केही मित्रहरुले केही माननीयज्यूहरुले कुरा उठाउनु भयो जसरी मसँग तिमी हुँदा सबै ठिक हुन्छ, यदि तिमी म बाहेक अरु कसैसँग गयौ भने बेठिक हुन्छ भन्ने प्रकारको जुन व्याख्या विश्लेषण गर्नुभएको छ, व्याख्या गर्नुभएको छ यो अत्यन्तै नकारात्मक विश्लेषण हो यसले हामीलाई सही मार्ग दिशा निर्देशन गर्दैन ।

त्यस कारणले गर्दाखेरी त्यस्तो प्रकारको सोचाईबाट ग्रसित भयौं भने हामी सही ठाउँमा पुग्न सक्दैनौ त्यसकारणले गर्दाखेरी समयको हामीले सही विश्लेषण गर्न सकेनौं भने ठोस परिस्थितिको ठोस बिश्लेषण गर्न सकेनौं भने हामी सधैंभरि पिछडिने, पछाडि पर्ने हो

त्यसकारणले गर्दाखेरी विचारमा पछाडि पर्ने हो हामीले वास्तवमा भन्ने हो भने यो हामी एकातर्फ हामीले यो हामी एकदमै सर्वहारा वर्गको नेतृत्व गर्ने एकदम कम्युनिष्ट खाँटी कम्युनिष्ट हौं भन्छौं तर हामी तत्कालीन कार्यनीतिलाई बुझ्दैनौं, तत्कालिन कार्यनीति यो लेनिनवादी संगठन पद्धति भित्र पर्ने तत्कालिन र दिर्घकालिन कार्यनीतिलाई नै हामीले बुझ्न सक्दैनौ भने यो बिषयमा हामीले व्याख्या विश्लेषण गर्न अत्यन्तै यो घातक छ त्यसकारणले गर्दाखेरी यो बिषयमा पनि गहिरो गरेर सोचेर बोल्दा राम्रो हुन्थ्यो भन्ने सुझाव दिँदै फेरीपनि अन्तिममा हामीले गुण र दोषको आधारमा समर्थन गर्ने जानकारी अनुरुप हामीले जुन अहिले जुन माग्नुभएको छ विश्वासको मत हाम्रो पार्टीको तर्फबाट दिने प्रतिबद्धता जाहेर गर्दै मेरो आफ्नो भनाई यहिँ अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिबहादुर चुमानलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री हरिबहादुर चुमान (नेकपा माओवादी केन्द्र)**

माननीय सभामुखज्यू, नवगठित सरकारका नेतृत्व अर्थात प्रमुख मुख्यमन्त्री माननीय कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेश सभाबाट आफूलाई विश्वास गरियोस् भन्दै यो विश्वासको मत माग गर्नुभएको छ, यसै सन्दर्भमा हामी छलफलमा जुटिराखेका छौं । यस सन्दर्भमा सर्वप्रथमत पूर्ववक्ता माननीयज्यूहरुले चर्चा गरिसक्नुभयो । कोभिड महामारीबाट विश्व नै आक्रान्त छ, हामी पनि नेपाल पनि आक्रान्त छ, त्यहाँमाथि यही हप्ताबाट बाढिपहिरो डुवानका समस्याबाट थप आक्रान्त बनाएको अवस्था छ । यतिबेला हामी सुनिराखेका छौं कि मनाङ, गोर्खा, लमजुङ, लगायत यता वागलुङ, कास्की पनि लगायत सबै जिल्लाहरु केही न केही हिसावले प्रभावित छन् यसर्थ म यो मुख्यतः यो कोभिड महामारीको कारण जीवन गुमाउनु हुने सबै दाजुभाई दिदीबहिनीहरुलाई श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । त्यसरी नै

बाढीबाट प्रभावित भएको मृत्यु हुनुभएकाहरुलाई पनि म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

यिनै खवर मध्ये म कहाँ पनि एउटा चिट आइपुगेको छ, यो चुमनुब्रीको गोरखा चुमनुब्रीको, गोरखा चुमनुब्री ३ सिर्दीवासको सल्लेरी गाउँमा ४ घर बगाएको, २७ घर विस्थापित, १ को मृत्यु, झोलुंगे पुल पनि बगाएको भन्ने यो चुमनुब्रीको मात्रै मलाई एउटा चिट पनि प्राप्त भएको छ । यसरी यो जुन बढिपहिरो र डुवानका कारण फेरी प्रताडित बन्न पुगेका छन् । हामी गण्डकी प्रदेशका र नेपालभरीका दाजुभाई दिदीबहिनीहरु उहाँहरुलाई अब राहतको पहल कदमी त गण्डकी प्रदेश सरकारले लिइनै सकेको छ र पनि अब छिटो भन्दा छिटो र तीव्रतामा त्यहाँ राहतको वितरण गर्ने कुरा र त्यहाँको विस्थापितहरुलाई व्यवस्थापन गर्ने कुरा र अब पुनर्स्थापना र पुनर्निर्माणको काममा लागि गण्डकी प्रदेश सरकार तीव्रतामा लागेस् भन्ने आग्रह गर्न चाहन्छु र म मुल विषयतिरै फर्कें यहाँ चर्चा हामीले म यो विश्वासको मत लिँइरहँदा संविधानको धारा १६८ लाई अलिकति नियाल्न पुगें । अहिले हामी यो संविधानको धारा १६८ (५) अनुसार बनेको सरकारले अब ६ ले अब जाने त ६ मा हो ६ ले कहाँ फर्काएको छ त भन्दा ४ मा फर्काएको छ विश्वासको मत लिन भनेर मलाई त्यो पढिरहँदा के लाग्यो भने धन्न भन्ने लाग्यो, धन्न फर्कायो नभए त ६ हुँदै त ७ तिर जाने हो नि त यदि त्यस्तो भएको भए के यतिबेला हामी यहाँ हुन्थ्यौं ?

आफ्ना विमतिहरु, सहमतिहरु, विमतिहरु के हामीले यहाँ राख्न पाउँथ्यौ ? राख्न त पाउँदैनथ्यौं, सोचि त सक्या थियो, सोचि त सक्या थियो बचायौं । बचायौं भन्नेकुरा मैले अगाडि पनि यो कुरा कुरा भनेको थिएँ मलाई अहिले भनिरहँदा सरकारको भनेको मतलव सरकार बनाउन हामी सफल भयौं । यहाँ भयौं, त्यहाँ भयौं भन्ने धेरै कुरा भन्ने धेरै कुरा मलाई भन्न तिर छैन तर म धेरैकुरा के भन्नेतिर छु त भन्दाखेरि संसद बचायौं । प्रदेश सभा बचायौं भन्ने कुरा म अलि धेरै भन्न चाहन्छु । सत्य कुरा यही हो ।यसकारण मैले

अलि जोड गरेर यहाँ भन्न चाहिराखेको कुरा के हो भने  यो संसद हाम्रो प्रदेशको, गण्डकी प्रदेशको व्यवस्थापिका, यो प्रदेश सभा छ र त विभिन्न विकल्पहरु छन्, यदि यो प्रदेश सभा नभएको भए विकल्प हुन्थे ?

विकल्पविहीन दिशातिर जानबाट हामीले रोक्यौं। यसको  निम्ति म के सत्तापक्ष,  के प्रतिपक्ष सबै माननीयज्यूहरुलाई माननीय सभामुख मार्फत हार्दिक ज्ञापन गर्न चाहन्छु । अब यो सरकारले यो सरकारले अघिल्लो पटक पनि मैले भनेको थिएँ,  अब  मुख्य काम त त्यही हुन्छ, मुख्य काम त अघिल्ला सरकारले थालेका कामहरुलाई पूर्णता दिने नै हुन्छ, त्यो भन्दा बाहिर जान सक्दैन मैले अस्तिको पालि भनेको थिएँ । हिजो यो गण्डकी प्रदेश सरकारको,  प्रदेश सभाको जग निर्माण गर्ने एउटा पार्टी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र त यहीं छ त  यसकारण यहाँ विश्वास गर्नु पर्छ कि त्यो जुन जग निर्माण गरियो र जुन कामको थालनी भएको छ त्यसले निरन्तरता पाउँछ ।

अब त्यो सँगसँगै यो  सरकारले केही नयाँ सन्देशहरु दिन सक्नुपर्छ, आफ्नो योजनाबाट, आफ्नो नीतिबाट, योजनाबाट र कार्यक्रमहरुबाट दिनसक्नुपर्छ । दिन सक्नेछ त्यो बाटोमा यो सरकारलाई  मिलोस् भन्ने कामना पनि गर्न चाहन्छु र मलाई अलि लागिरहेको,  अलि बढि अब यहाँ मैले आग्रह गर्नुपर्छ कि हामी अहिले जसरी यहाँ दोहोरी अब दोहोरी जस्तै भइरहेको छ, म त्यो दोहोरीतिर जान चाहिन । अब दोहोरी, म त यसो भन्छु ,यो सुनाई त यसो भन्नुपर्ला अब यो आलोचना भनौं राम्रै शब्दमा यसलाई बुझ्दा आलोचना यो आलोचना खाँदा खाँदा यो छाला अलि बाक्लै भएकोछ भन्ने लागेको छ । नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको छाला अलि बाक्लो भएको छ हिजो पनि सत्तापक्ष भएर खाएकै हो फेरि अहिलेपनि सत्तापक्ष भइयो फेरि खाने भइयो छाला  बाक्लै हुने भएको छ भनेको मतलव छाला बाक्लो भएपछी अलि सहनशक्ति पनि अलि बढ्छ। कि भन्ने लागेर म त्यतातिर त्यति धेरै जान चाहिन र पनि कुरा के हो त म आह्वान गर्न

के गर्न चाहन्छु भन्दाखेरि आखिर त हामी कहिले एउटै मोर्चामा, कहिले भिन्न मोर्चामा लड्दै आएका शक्तिहरु हौँ ।

लड्दै आएका नेताहरु हौं, लड्दै आएका पार्टीहरु हौं यसकारण यतिबेला हामी अलग अलग मोर्चामा भएपनि एउटा उद्देश्य त एउटै छ, उद्देश्य त हाम्रो एउटै छ कि यो गण्डकी प्रदेशलाई सुव्यवस्थित बनाउने, यसलाई सुदृढ बनाउने, नेपाली जनताको आकांक्षा हामीले त्यो साझा संकल्प हो कि के रे सुखी नेपाली, समृद्ध सुखी नागरिक समृद्ध गण्डकी प्रदेश, अर्थात सुखी नेपाली समृद्ध नेपाली अथवा समृद्ध नेपाल, सुखी नेपाली यी सारा संघ सरकारको नारा होस् अथवा गण्डकी प्रदेश सरकारको नारा होस् यी सबैप्रति हाम्रो स्वामित्व छ र हामी हाम्रो लक्ष्य त्यहि हो। त्यस कारण त्यो दिशामा हामी सबै एउटै मोर्चा बन्न नसकेपनि अलग अलग मोर्चाबाट जाने त्यतै हो । त्यसकारण यसलाई विशेष रुपले हृदयङ्गम गरौं र मैले यहाँ सुनें हुनत म भन्दा अघिल्लो वक्ता माननीयज्यूले पनि राखिसक्नु भएको छ । अब मलाई कता कता सम्झना आयो म धेरै भन्दिन परीक्षामा बिद्यार्थीलाई अब जसरी पनि यो कापी पूरै भर है भनेको जस्तो यस्तो नहोस्।

जे हो अलिकति के र भन्दाखेरि हामी जत्तिका माननीयहरुले बोलेको कुरा त्यो पुष्टि हुनु पर्छ त्यो प्रमाणित हुनु पर्छ नभए त हल्का हल्का मूल्यांकन हुन सक्छ । त्यसकारण मैले यहाँ अगि चर्चा गरें, चर्चा भइपनि सक्या छ कि हामीले नेपाली काँग्रेसलाई हाम्रो दस्तावेजमा एउटा मुल्याङ्कन, विभिन्न शक्तिहरुको मूल्याङ्कन गर्ने क्रममा मुल्याङ्कन गरेको होला त्यो लागु कतिबेला हुन्छ भन्दाखेरि पार्टी एकताको निम्ति होला हामीले नेपाली काँग्रेससँग पार्टी एकता गरेको हो र ? त्यो त कार्यनीतिक संयुक्त मोर्चा बनाएको हो कार्यगत एकता हो । कार्यगत एकता त जो कसैसँग हुँन्छ, जो जो इस्यु मिल्छ त्यो सँग हुन्छ उहाँहरुसँग इस्यु मिल्यो, के इस्यु मिल्यो त भन्दाखेरि यो संसदको रक्षा गर्ने कुरा, यो संविधानको रक्षा गर्ने कुरा, यो धर्मनिरपेक्षताको रक्षा गर्ने कुरा, यो समानुपातिक

समावेशीको रक्षा गर्ने कुरा  यी सारा विषयमा उहाँहरुसँग मिल्यो र हामी सडकमै त थियौं । संघ सरकारको कारणले त्यो घटनाहरु अगाडि बढे  र त्यसको विरुद्ध  हामी त संघर्ष मै थियौं, संघर्षमा बढ्दै जाँदा हाम्रो बिचमा यो संयुक्त मोर्चा बन्यो र यो संयुक्त मोर्चा गण्डकी प्रदेशको सन्दर्भमा यो गठबन्धनको रुपमा र सरकारको रुपमा स्थापित हुन पुगेको छ ।

मैले यत्ति राखेर अब धेरै समय पनि भएन । कि माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरलले जुन विश्वासको मत यहाँ माग गर्नुभएको छ उहाँलाई  विश्वासको मत दिनको निम्ति हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र संसदीय दल प्रतिबद्ध छ र यसको दृढतापूर्वक समर्थन गर्ने, विश्वासको मत दिने घोषणा गर्दै आफ्नो भनाई टुङ्ग्याउँछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य, निवर्तमान मुख्यमन्त्री, प्रमुख प्रतिपक्ष दलको नेता श्री पृथ्वीसुव्वा गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**निवर्तमान मुख्यमन्त्री, प्रमुख प्रतिपक्ष दलको नेता श्री पृथ्वीसुव्वा गुरुङ (ने.क.पा. एमाले)**

माननीय सभामुखज्यू, आज हामी माननीय कृष्ण चन्द्र नेपालीज्यूको नेतृत्वमा बनेको गण्डकी  प्रदेशको सरकारको विश्वासको मतको प्रस्तावमा छलफल चलाइरहेका छौं । छलफलमा धेरै कुराहरु उठिराछ म त्यतातिर जान चाहन्न । विश्वासको मत जुन उहाँले मागनु भएको छ, एउटा व्यक्तिको हिसावले र माननीय मुख्य मन्त्रीज्यू सायद हामी साठी उन्साठी जना छौं होला यहाँ होइन ? ५९ जना मध्येको एउटा परिपक्व नेता, एउटा शालिन व्यक्तित्व र एउटा लोकतान्त्रिक आन्दोलनको एउटा गौरवपूर्ण परिवारबाट राजनीतिमा आउनु भएको व्यक्तित्व । तनहुँको गोवर्धन पोखरेल भनेपछि हामी सायद अहिलेको पुस्ताले धेरै नचिने पनि पुरानो पुस्ता धेरैले चिन्ने  नाम हो ।

त्यस्तो परिवारबाट, त्यस्तो योगदान दिएर आउनुभएको व्यक्तिलाई म विश्वासको मत दिन्न भन्न मलाई गाह्रो भयो तर उहाँले यो विश्वासको मत म कृष्णचन्द्र नेपालीलाई दिनुहोस् भनेर भन्नुभएको होइन मेरो नेतृत्वमा बनेको गण्डकी प्रदेश सरकारलाई दिनुहोस भन्नु भएको हुनाले म उहाँको कार्यकालको सफलताको शुभकामना पनि दिन चाहन्छु । उहाँप्रति रहेको मेरो सद्भाव पनि व्यक्त गर्न चाहन्छु, सम्मान पनि व्यक्त गर्न चाहन्छु तर जुन सैद्धान्तिक धरातलमा जुन परिस्थितिमा अवसरवादीहरुको गठवन्धनको रुपमा यो सरकारको गठन भएको छ, यो सरकारलाई नेकपा एमाले गण्डकी प्रदेश सभा संसदीय दलको समर्थन या विश्वासको मत दिन नसकिने व्यहोरा म शुरुमै स्पष्ट गर्न चाहन्छु ।

सभामुखज्यू, यो विश्वासको मतको सन्दर्भमा प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतले यहाँ उपस्थित भएर आफ्नो भनाईहरु राख्ने क्रममा म अहिलेको सरकार जो भर्खरै ४ वटा पार्टीको गठवन्धनबाट बनेको छ, केही कुराहरु राख्ने अनुमति चाहन्छु । हामी एउटा प्रमुख प्रतिपक्ष दलको नाताले चाहे त्यो प्रमुख भने पनि सानो भने पनि ठूलो भने पनि हामी मात्रै छौं अहिले । एकलौटी प्रतिपक्षको हिसावले भन्नुपर्‍यो होइन अब, एकलौटी प्रतिपक्षी दलको हिसावले मेरो केही भनाईहरु छन् । हामी भन्ने गर्छौं सायद हाम्रो भूमिका गुण र दोषको आधारमा, अघि हाम्रो पियारीजीले पनि भन्नुभएको छ, राम्रो काम गर्‍यो भने समर्थन गर्ने, नराम्रो काम गर्यो भने विरोध पनि गर्ने या कहिले कहिले आलोचनात्मक समर्थन पनि भन्छौं होला आलोचनात्मक विरोध पनि भन्छौं, कहिले कहिले सभ्य भाषामा भन्दा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्छौं भन्छौं हामीले । हाम्रो भनाई रचनात्मक प्रतिपक्ष या गुण, दोषको आधारमा समर्थन या विरोधको प्रतिपक्ष शब्दको कुरा होइन र हामी हिजो प्रतिपक्षमा बस्दाखेरि हर कुरा सरकारको हर कुरा निरपेक्ष रुपले विरोध हुनु पर्ने, निरपेक्ष रुपले खण्डन गर्नुपर्ने जुन खालको संस्कार अहिले पनि छ, त्यो संस्कारबाट यो प्रतिपक्ष दल नेकपा एमाले संसदीय दल मुक्त हुन चाहन्छ । हामी निरपेक्ष विरोध, यो निरपेक्ष समर्थन यो कुरा होइन हाम्रो, बिषयगत हिसावले, या हाम्रो दायित्वको हिसावले, हाम्रो जिम्मेवारीको हिसावले एउटा प्रदेश सरकारले अगाडि

बढाइरहेको कुराले हाम्रो प्रदेशको गौरवको कुराहरु अगाडि बढ्छ भने प्रदेश सरकारको कामले गर्दाखेरी प्रदेश सभा, प्रदेश सरकार र प्रदेशको जनताको गौरवलाई माथि उठाउने गौरवगाथाका प्रश्नहरु आउँछ भने त्यस्तो कुरामा हाम्रो समर्थन रहनेछैन ।

आज संघीयता कार्यान्वयनको प्रश्न धेरै उठाइराख्याछ । मलाई त हाँसो कहिलेकाहीं किन उठ्छ भनेदेखि जसको तपाईंको खुट्टा छैन उसको नाम टेक बहादुर भन्याजस्तो, जसको सिङ छैन त्यसको नाम तिखे भन्याजस्तो, संघीयताको धेरै बखान गर्ने, धेरै कुराकानी गर्ने संघीयतालाई सवल बनाउने कुरा संघीयतालाई बलियो बनाउने कुरामा आफ्नो भूमिका निर्वाह नगर्ने । त्यस्तो प्रतिभाशिल होइन हामी । हामी यो संघीयताको कार्यान्वयनको क्रममा कहाँनिर समस्याहरु छन् ? हाम्रो मनस्थिति, हाम्रो मानसिकता, काठमाडौंमा बसेका नेताहरुको मानसिकता भन्छु म, तपाईंहरुले के.पी. ओलीलाई मात्र भन्नुहुन्छ, म काठमाडौंमा बसेका सबै नेता एक एक गरेर मैले यहाँ उहाँहरुको सबैकुराहरु, दृष्टिकोणका कुराहरु, व्यवहारका कुराहरु मैले सुनाउने हो भने म किन भने विगतको संविधान सभा, पहिलो संविधान सभाको म एउटा ककसको नेताको हैसियत हुँदाखेरी र काम गरिरहँदाखेरि हरेक नेताहरुको कुरा मैले बुझेको छु, मैले सुनेको छु कसले कहाँ प्रयोग गर्न खोज्यो, कसले कहाँ व्यापारका लागि राजनीतिक व्यापारको लागि कुराकानी गर्छ, कसले साँचो यो मुलुकमा संघीयताको कार्यान्वयन गर्ने कुरा गर्छ हामीले बुझेका छौं।

त्यसकारणले काठमाडौंको मानसिकता भन्छु मैले । त्यहाँको माइन्डसेट, ठूला ठूला व्यूरोक्रेटहरु, ठूला ठूला टेक्नोक्रेटहरु किन रहन्छ काठमाडौंमा ५० हजार कर्मचारी ? किन प्रदेशमा तपाईंको जम्मा १५-२० हजार पनि कर्मचारी आउँदैनन् ? किन आजका दिनसम्म स्थानीय सरकार स्थानीय तहहरुमा सरकारको कर्मचारी व्यवस्था गर्न सकेको छैन ? खाली यो एकजन व्यक्तिको मात्रै कारणले हो ? त्यहाँभित्र मुख्यसचिवको कुरादेखी लिएर सारा सचिवहरुको कुरा, थोरै थोरै मात्र व्यूरोक्रेटहरु छन् हाम्रो

संघीयताको पक्षमा जसलाई हामीले यो संघीयताको पक्षधरताको हिसाबले सलाम गर्नुपर्छ। थोरै मात्र व्यूरोक्रेटहरु छन्, थोरै मात्र बुद्धिजिवीहरु छन् काठमाण्डौंको सडकमा जुलुश निकाल्ने बुद्धिजिवीहरु सबै संघीयताका विरोधी हुन् तपाईंहरुले बुझ्नुपर्छ, त्यसकारणले हामी झण्डै झण्डै प्रदेश सरकारमा हामी एक्ला छौं । गन्दाखेरि त हामी सात वटा, प्रदेशको हिसाबले भन्दाखेरि हामी एक्लो छौं । प्रदेश सरकारका मुख्मन्त्रीहरु धेरै अप्ठ्यारोमा हुनुहुन्छ, त्यो अप्ठ्यारो भित्र माननीय कृष्णचन्द्र नेपाली पनि हुनुहुन्छ । हिजो मै थिएँ र यो आँफु के रे प्रदेश सरकारको तर्फबाट हामीले भन्नुपर्दाखेरि संघीयताको पक्षमा जो डटेर यो सरकार लाग्छ भने त्यसमा प्रमुख प्रतिपक्ष दल ने.क.पा. एमाले तपाईंलाई हर मोर्चामा सहयोग गर्न तयार छ ।

भोली तपाईंको के रे सरकार हुन सक्ला माथि त्यस्तो बेलामा पनि तपाईंले औंला ठड्याउन सक्नु पर्‍यो, आफ्नो अधिकारका खातिर, यो प्रदेश सरकारको गौरवको खातिर, यसको प्रतिष्ठाको खातिर, संघीयता बलियो भयो भने मात्रै लोकतन्त्र बलियो हुन्छ भन्ने मन्यतालाई बलियो बनाउनको लागि त्यो काममा तपाईंहरुको साथ सँगै तपाईंहरु त्यो यात्रामा हिँड्नुभयो भने हामी सहयात्री हुन तयार छौं ।अनि अहिले हामी नेपाल गण्डकी प्रदेशमा सरकार चलाइरहँदाखेरि हामीले कसरी सरकार चलाउछौं ? हामीले के भनेका छौं ? मैले बारम्वार भन्ने गरेको छु, असल शासनका लागि असल व्यक्ति चाहिन्छ, त्यसकारणले हामीले कति हाम्रो कर्मचारीहरु नियुक्ति गर्दाखेरी वा सरुवा बढुवा गराउँदा खेरी हामीले मेरीटोक्रेसीलाई ध्यान दिएका छौं ।

एमालेको कार्यकर्ता हो कि होइन ? काँग्रेसको कार्यकर्ता हो कि होइन ? भन्ने आधारमा होइन, एउटा ट्रान्सपारेन्ट एउटा विधि अपनाएर, सबैको लागि त्यो खबर पुर्‍याएर, ओपन गरेर, सबैलाई ओपन गरेर, सबैलाई रोष्टरको लागि विज्ञापन आह्वान गरेर, त्यसबाट सेलेक्ट गर्न विज्ञहरुको सर्च कमिटी बनाएर, त्यसले तपाईंको सारा कुरा गरेर, हामीले त्यस्ता महत्वपूर्ण पोष्टमा त्यस्ता मान्छेहरु हामीले नियुक्ति गरेका छौं।

विगतको सरकार, पुरानो सरकारले निवर्तमान सरकारले गरेको काम यी सबै कामहरु हटाउनु पर्छ, हाम्रो कार्यकर्ता ल्याउनु पर्छ हामीले चाहेजस्तो ल्याउनुपर्छ भन्नु हुन्छ भने त्यो सिष्टम भत्काउने कुरा हो, त्यो गुड गर्भर्नेन्समा जाने कुरा होइन ।

त्यस्तो भयो भने गण्डकी यो गण्डकी प्रदेश सभामा ने.क.पा. एमालेको यो संसदीय दलले यसको डटेर सामना गर्नेछ यस्तो सिष्टम भत्काउने कुरा मेरिटोक्रेसीलाई अपमान गर्ने कुरा राइट मेन इज द राइट प्लेस को सिद्धान्तमा प्रशासन चलाउने कुरा र गण्डकी प्रदेश सरकारको शासकिय क्षमता अभिवृद्धि गर्ने कुरामा बाधा अवरोध बाधा व्यवधान गर्ने कुरा त्यस्तो डिडेल हुने कुरा, त्यस्तो गर्दा डिट्याक्ट हुने काम यो गण्डकी प्रदेश सरकारले नगरोस् भन्ने म चाहन्छु त्यस्तो भयो भने हामीले डटेर सामना गर्छौं ।

त्यसको हामी विरोध गर्छौं, त्यसलाई अगाडि बढाउन दिन्नौ हामी । त्यसकारणले के यदि त्यो बाटोमा तपाईंहरु हिड्नुभयो यो हामीले कोरेको बाटोमा हिड्नुपर्छ भनेको होइन एउटा सिष्टमको कुरा हो । हामी एउटा यात्रामा छौं त्यो यात्रामा जाँदाखेरि हाम्रो मार्ग प्रशस्त भएन भने सही बाटो हिंडेनौ भने हामी सही ठाउँमा पुग्न पनि सक्दैनौ भन्ने आधारमा गण्डकी प्रदेश सरकार सफल होस्, गण्डकी प्रदेश सभा प्रभावकारी बनोस्, गण्डकी प्रदेशको जनताले संघीयता प्रति गर्व गर्ने स्थिति बनाउन सकौं हामी, चाहे सत्तापक्ष होस् चाहे प्रतिपक्ष यसका लागि हामी हर हमेसा तपाईंहरुको साथमा छौं र यसभन्दा पर जानेकुराले हाम्रो फेरि विमती हुन्छ ।हामीसँग तपाईंहरुको फेरी झगडा शुरु हुन्छ र केही कुराहरु कामहरु हामीले थालेका छौं तपाईंहरु सबैलाई थाहा छ यो कुरा बारम्वार हिजो अस्ति पनि उठेको छ । म यहाँ के भन्न चाहन्छु भने भनिराख्नुपरेन हामीले दुई, तीनवटा कुरामा बिशेष जोड दियौं । हामीले सिङ्गापुरको मोडालिटी पनि हेर्‍यौं । हामीले मलेशिया कसरी यो पन्ध्र बीसबर्ष तिर बाइस बर्ष भित्र महाथिरले कसरी मलेशियालाई एउटा अल्पविकसित मुलुकबाट उठाएर एउटा विकसित राष्ट्रको दाँजोमा, डेभलप कन्ट्रीको दाँजोमा दर्जामा कसरी पुर्‍यायो ? के कारण हो त्यो ?

लि क्वान यू ले के कारणले लगातार लगातार ३१ बर्ष शासन गरेर आजको सिंगापुरलाई, ७ सालमा त हामी जस्तै पचास पचास डलर थियो नि, सात सालमा हाम्रो पनि पचास डलर यूएस डलर सिङ्गापुरको पनि पचास डलर आज सिङ्गापुरको  हामी भन्दा पचपन्न हजार डलर पैंतालिस हजार डलर प्रतिव्यक्ति आम्दानी छ हाम्रो पैंतालिस सय पनि पुगेको छैन । हामी त्यहि बाह्र तेह्र सय डलरमा छौं । कसरी पुऱ्यायो त्यो ?

हामी किन यहीँ छौं ? उस्ले कुन  माध्यम, के कुरालाई जोड दियो उसले ? जनशक्तिलाई जोड दियो कि ? शिक्षालाई जोड दियो कि ? स्वास्थ्यलाई जोड दियो कि? सुशासनलाई बढि जोड दियो र भ्रष्टाचार नियन्त्रण गर्ने कुरा र मेरिटोक्रेसीको कुरा बढि ल्यायो कि ? या अरु कुनै माध्यमबाट उस्ले त्यो शासन ल्यायो ? किन उ त एउटा टाप्रेघारी मात्रै बनेको या बालुवा मात्रै भएको समुद्रको एउटा किनार न हो त्यो, जहाँ पहिले माझीहरु मात्रै बस्थे आज संसारको सबभन्दा हरियाली शहर, संसारको सबभन्दा सफा शहर र संसरमा चौबिसै घण्टा व्यापार गरिरहने शहरको रुपमा आज सिंगापुर स्थापित भएको छ । हामीमा एउटा नक्कल गर्ने कुरा होइन तर तिनीहरुको राम्रो कुरालाई आफ्नो ठाउँमा एउटा रिफरेन्सको रुपमा लिनुपर्दछ भनेर भन्याछ । अरु अरु मुलुकको कुरा हेरौं रुवाण्डाको कुरा हामीले सुनेका छौं ।हुतु र तुत्सीहरुको बीचमा लडाइँ हुँदाखेरी सानो मुलुक रुवाण्डामा २० लाख मानिस एक हप्तामा मरेको हामीले सुनेका छौं जातिय द्वन्द । मलेशियामा महाथिर आउँदाखेरी त्यहाँ  मलायाहरु, चाइनिजहरु र तपाईंको इन्डियनहरुको बीचमा ठूलो जातिय द्वन्द थियो तर त्यो जातिय द्वन्दलाई कसरी म्यानेज गऱ्यो त्यो महाथिरले ?  सिङ्गापुरमा पनि जातिय द्वन्द थियो त्यस्लाई पनि कसरी म्यानेज गऱ्यो लि क्वान यूले ? हाम्रो यहाँ पनि जातिय द्वन्द छ कतिपय, जातिय अहंकारका कुराहरु प्रकट भइरहन्छन बेला बेलामा । हामीले गण्डकी प्रदेशको नामाकरण किन गरेको होला ? किन तमुवान गण्डकी, किन तमुवान, किन तमुवान मगरात या गण्डकी तमुवान किन गर्न सकेनौं ?

हामीले यस्तो कुराहरुमा जाँदाखेरी सायद यो जातिय सद्भाव कायम गर्ने कुरामा सबैको स्वामित्व कायम गर्ने कुरामा यसले समस्या पैदा गर्छ भनेर मैले नै तपाईंहरु सबै पार्टीसँग पनि सल्लाह गरेर हामीले गण्डकी नामाकरण गर्‍यौं । यो समिकरण बनाउने बेलामा मैले धेरै के रे साथीहरुसँग सैद्धान्तिक कुराहरु गरें विभिन्न पार्टीहरुसँग, एउटा पार्टीले मलाई भन्यो, तैंले गण्डकीको नाम तमुवान राख्न सक्छ भने तेरो सरकार बचाउँछु भनेर मैले दैन यो बाटोमा हिँड्न सक्दिन, मैले यहि भनेको हो । जातिय सद्भाव र साँस्कृतिक सद्भाव लाई ऐक्यबद्धता हाम्रो गण्डकी प्रदेशको ठूलो सम्पत्ति हो। त्यो सम्पत्तिलाई कायम गरेर मात्रै गण्डकी प्रदेशले आफ्नो केरे गौरवगाथा स्थापना गरेका छौं । गण्डकी प्रदेश एउटा राम्रो ढंगले चलेको प्रदेश भनेर जुन कुरा हामीले स्थापित गरेका छौं गण्डकीमा एउटा सामाजिक सद्भाव कायम छ एउटा मेलमिलापको स्थिति कायम छ भन्ने जुनकुरा बनाएकाछौं यो सानो दुःखले आर्जेको होइन यो प्रदेश सभाले आर्जेको दुःख हो यसकारण यसलाई बचाउन पर्दैन हामीले ?

यसलाई बचाउनुपर्छ यो चिज भत्किने कुरामा अहिलेको सरकार उद्दत रहन्छ भने यो प्रतिपक्ष दल टुलुटुलु हेरेर बस्दैन, सहेर बस्दैन । सामाजिक सद्भाव कायम गर्नको लागि, जातिय सद्भावना कायम गर्नका लागि, सांस्कृतिक ऐक्यबद्धता कायम गर्नको लागि तपाईंहरुको पहल, प्रयत्न हुन्छ यो हामीले थालेको कामको निरन्तरता फेरी हुन्छ भने हाम्रो ने.क.पा. एमाले त्यसलाई समर्थन गर्दछ त्यसकारण हामीले जे खालको कुराहरु गरेका छौं अहिले हामीले भौतिक पूर्वाधारका ठूला ठूला कामहरु बल्ल यो साल थालेका छौं जग्गा पाउनुपर्‍यो, जग्गा खोज्दै जानुपर्‍यो, ठाउँ मिल्नुपर्‍यो, त्यो जग्गा केन्द्रबाट फेरी हामीले भोगाधिकार लिएर आउनुपर्‍यो । त्यहाँ एउटा साथीहरको टेबलदेखि लिएर माथि माथि पुग्न तीन चार महिना, पाँच सात महिना, आठ नौ महिना लागेर हामी यो यस्तो ठाउँमा आइपुगेका छौं अब जे कुराहरु आएर ल्याएर हामीले सुरु गरेका छौं त्यो काम हामीले शुरु गर्नुपर्छ । हामीले साँच्चै नै प्रदेश सरकारलाई बलियो बनाउने प्रदेश सरकारको सिंहदरबार हो या हामी जे प्रदेश सरकारको सिंहदरबार

भनेको केहो भने देखि यो प्रदेश सरकारको प्रशासनिक प्लाजा, प्रशासनिक केन्द्र हामीले बनाएर गण्डकी प्रदेशको प्रशासनिक केन्द्र यो हो भनेर हामीले देखाउनु पर्छ ।महाथिरले मलेशियाको क्वालालम्पुरमा सारै साँगुरो भएर उता पुत्राशय भन्ने ठाउँमा नयाँ डिजाइनका साथ प्रशासनिक प्लाजा बनाएको जस्तै त्यस्तो त हुन सक्ला नसक्ला तर हामीले आफनो प्रशाशनिक प्लाजा बनाउनुपर्छ हामीले शानका साथ आफ्नो प्रदेश सभा आफ्नो मोडालिटी अनुसारको एउटा प्रदेश सभा बनाउनु पर्छ, भवन बनाउनुपर्छ हामीले ।

गण्डकी प्रदेश मात्रै त्यस्तो प्रदेश हो जहाँ गण्डकी प्रदेश सभाका माननीय सभामुख देखि लिएर, सबै मन्त्रीहरु सहितको र गण्डकी प्रदेश भित्रका सबै महानगरपालिका, नगरपालिका, गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष र सदस्यहरु, कार्यकारी सदस्यहरु या अरु सदस्यहरु, या अरु गाउँ सभा र नगर सभाका सदस्यहरुको क्षमता अभिवृद्धि गर्नको लागि, उनीहरुको इम्पावर गर्नको लागि तालिमको व्यवस्था गर्नको लागि हामीले तालिम प्रतिष्ठानको व्यवस्था गरेका छौं । अरु प्रदेशशले आफ्नो कुनै बिशेष तालिम प्रतिष्ठानको स्थापना गरेको छैन कुनै प्रदेशले, केन्द्रीय सरकारसँग के रे लामो लडाईं लडेर हामीले यो स्थापना गरेका हौं र हामीले आफ्नो कार्यक्रम, पाठ्यपुस्तक बनाएर पाठ्यक्रम बनाएर शुरु गरेका छौं ।यो पाठ्यक्रम मोडल पाठ्यक्रम नेपालको अरु छ वटा प्रदेशमा यहि केन्द्रीय स्टाफ कलेजले, केन्द्रिय प्रशिक्षण प्रतिष्ठानले यसैलाई मोडल मानेर सबै प्रदेशमा बनाइरहेको छ ।

हो त्यो भवन हामीले गत बर्ष यो बर्ष शिलान्यास गरेका छौं ५३ करोडमा त्यसको लागत भन्दा भन्दा हामीले ३५ करोडमा झार्‍यौं । त्यो बनाउने काम यो बर्ष देखि शुरु हुन्छ तपाईंको ध्यान त्यहाँ जानुपर्‍यो । त्यो हाम्रो एउटा एउटा गौरव हुन्छ, एउटा शान हुन्छ गण्डकी प्रदेशको । त्यस्तै अरु कुराहरु पनि छन् मैले धेरै यो सारा कुरा ठ्याक ठ्याक गरेर भनिराख्नु परेन । यस्ता हाम्रा गौरव गाथा बोक्ने जुन बिल्डिङ्गहरु छ जुन संरचनाहरु छ त्यसलाई हामीले हाम्रो सरकार रहिन्जेल यो कार्य अवधी रहुन्जेल

सम्म, सकिएन भने पनि कमसेकम आधाआधी भए पनि ठड्याउनु पर्छ किनभने जग मात्रै खन्दाखेरि त जग त देखिँदै देखिदैन नि घर बनाएपछि त जग बाट माथि उठेपछि मात्रै देखिन्छ पिल्लर गाडेको पिल्लर ठड्याएपछि मात्रै देखिन्छ अझै राम्रो घर त सबै सम्पन्न गरिसकेपछि देखिन्छ ।

यो काममा गण्डकी प्रदेश सरकारले आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ भन्ने मलाई मेरो अनुरोध छ र हामीले अर्को कुरा के छ भनेदेखि गण्डकी प्रदेश सरकारले हामीले चाहँदा चाहँदै पनि धेरै प्रयत्नहरु गर्‍यौं, यो आफनो शासकीय क्षमता अभिवृद्धि गर्ने कुरामा हामीले धेरै काम गर्न सकेनौं । पाएनौ । यो ४० महिनाको कार्यअवधि भित्र एक बर्ष शुरुको तीन चार महिना त्यत्तिकै बित्यो हाम्रो । पहिलो बर्ष हाम्रो त्यत्तिकै लडाइँ लड्दा लड्दा के के भन्दा भन्दा हाम्रो अनुभवहिनताको कारण, कानुनहरु नबन्दाको कारण, कुनै स्रोत र साधन प्राप्त नहुनुको कारण, कुनै भौतिक पूर्वाधार हामीलाई हस्तान्तरण नगरेको कारण काम धेरै गर्न सकेनौ ।कर्मचारी नै थिएन हाम्रो । यो त्यसकारण डेढ वर्ष त्यसै बित्यो बाँकी डेढ वर्षमा हामीले जे काम गरेका छौं, यो बर्षमा धेरै स्पिडले काम गरिरहेका थियौं तर हामी राजनीतिक यो प्रतिस्पर्धै भन्नुपर्‍यो होइन ? राजनीतिक प्रतिस्पर्धाको कारणले गर्दाखेरी हाम्रो काममा केही न केही जिगज्याग भयो ।

यो बर्ष हामीले साँच्चै नै यो राजनीतिक टर्वाइन शुरु नभएको भए हाम्रो अविश्वासको प्रस्ताव फेरी विश्वासको प्रस्तावमा फेरी नयाँ सरकार गठन फेरी तपाईंको अविश्वासको प्रस्ताव फेरी विश्वासको प्रस्तावमा हामी नघुमिरहेको भए यसपटक हामीले पुँजीगत खर्च ९५ प्रतिशत कटाउने रहेछौं हामीले । त्यसको मतलव के भने हामीले विभिन्न ठाउँमा संरचना निर्माण गरेका छौं । जिल्ला जिल्लामा हामीले संरचनाहरु थपेका छौं । खानेपानीको सबै जिल्लामा स्थापना गरेका छौं । कृषि पशुको सबै जिल्लामा स्थापना गरेका छौं । भौतिक पूर्वाधारको सबै जिल्लामा स्थापना गरेका छौं ।

खानेपानीको जम्मा ४ वटा जिल्लामा थियो, भू तथा जलाधारको जम्मा २ वटा जिल्लामा मात्रै, साविक गण्डकीको एउटा साविक धौलागिरीको एउटा, हामीले अहिले ४ वटा थपेर ६ वटा सम्म बनाउने भनेका छौं र अर्को बर्ष हामीले सबै जिल्लामा गर्नुपर्छ भनेका छौं यसरी  यो जनतालाई सेवा गर्ने कुराको संरचना चाहियो, सेवागर्ने कर्मचारी चाहियो, सेवा गर्ने स्रोत र साधन चाहियो भनेर यो कुराको व्यवस्थापन गरेका छौं हामीले ।

यो कुरालाई तपाईंले अगाडि चाहा निरन्तर रुपमा बढाउनुभयो भने गण्डकी प्रदेश सरकारले आफ्नो डेलिभरी दिन सक्छ, प्रदेश सरकार हुनुको तात्पर्य,  हुनुको सान्दर्भिकता, हुनुको औचित्य जनताले देख्नेछन् । हामीले जनतालाई देखाउनुपर्ने छ ता कि हाम्रो संघीय शासन प्रणालीमा यो के रे प्रदेश सरकारको संरचना निर्माण भएर जनताले  आजभन्दा दुई सय वर्ष अगाडि देखि नपाएका सुविधाहरु आज हामीले पाउन थालेका छौं भन्ने कुरा जनतालाई त्यो प्रत्याभुति दिन सक्नुपर्छ हामीले । त्यो काममा गण्डकी प्रदेश सरकार लाग्नुभयो भने माननीय कृष्ण चन्द्र नेपालीज्यूको नेतृत्वमा बनेको यो गण्डकी प्रदेश सरकार लाग्यो भने हाम्रो त्यसमा साथ समर्थन रहन्छ किन हामीले खोजेको पनि त्यहि हो ।

कृष्णचन्द्रजीले गर्नुहुन्छ कि पृथ्वीसुव्वाले गर्नुहुन्छ त्यो ठूलो कुरा छैन । राजनीतिमा कहिले उहाँको हातमा जान्छ कहिले मेरो हातमा आउँछ कहिले अर्को व्यक्तिको हातमा जान्छ तर हाम्रो जुन रोडम्याप छ, गण्डकी प्रदेशलाई समृद्ध बनाउने जुन रोडम्याप छ, जनतालाई सुख दिने सुखी नागरिक बनाउने जुन रोडम्याप छ, संघीयताको सफल कार्यान्वयन गर्ने जुन रोडम्याप छ, संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो  बनाउने, सुदृढ बनाउने जुन हाम्रो रोडम्याप छ, यो रोडम्यापमा हामी एउटै यात्रामा छौं भने हामीले दायाँ बायाँ गरिराख्नुपर्ने कुनै जरुरी हुँदैन त्यसकारणले म के भन्न चाहन्छु भने हामीले केही  कुराहरु उठान गरेका छौं, केही  कुराहरु उठान गरेका छौं तर त्यो पूरा हुन पाएको छैन, त्यो  अझै धेरै अधुरो छ ।

लि क्वान यू को एउटा कुराबाट मैले सिक्न खोजेको लि क्वान यूले जनशक्तिको के जनशक्ति ह्युमन रिसोर्समा उनले सारै धेरै महत्व दिए । शुरुमा लेवर इन्टेन्सिभ खालको जनशक्तिको व्यवस्थापन गरे, त्यसपछाडि टेक्नोलोजीमा आधारित जनशक्तिको व्यवस्थापन गरे दोस्रो चरणमा, अहिले हाइटेक के रे इन्टेन्सिभ तपाईंको इन्टेन्सिभ जनताको इन्टेन्सिभ जनशक्तिको काम गरिरहेका छन् ।अहिले सिंगापुरका जनताहरुको त्यहाँबाट उत्पादन भएका सिङ्गापुर नेशनल यूनिभर्सिटीबाट, सिङ्गापुर टेक्निकल यूनिभर्सिटीबाट, त्यो त सानो टापूमा सयौं यूनिभर्सिटीहरु छन् होइन । यो दुईवटा यूनिभर्सिटीबाट संसारको एशियामा दोस्रो र तेस्रो हो, पहिलो र दोस्रो हो, जो संसारमा के रे तेस्रो र चौथो हो । यी युनिभर्सिटीबाट उत्पादित भएका बिद्यार्थीहरु आज संसारको हरेक मार्केटमा उनीहरु अग्रमोर्चामा रहन्छन् ।

उनीहरुको मेरिटोक्रेसीको उनीहरुले यति धेरै विकास गऱ्यो हामी आज हामी शुरु गऱ्यौं भने हामी पछाडि पच्चिस बर्ष बीस बर्ष पछि त्यस्तो ठाउँमा पुऱ्याउन सक्छौं हामी सपना देख्नुपऱ्यो हामीले।एउटा त्यो सपना लाई पुरा गर्नलाई हामी सबै एकजुट भएर लाग्नुपऱ्यो त्यसका लागि हामीले गण्डकी विश्वबिद्यालय खोलेका हौं र गण्डकी विश्वबिद्यालयलाई साँच्चै नै हामीले यो अब यो बजारमा माग नभएको जनशक्ति उत्पादन गरेर हाम्रो स्रोत साधनको खेर पनि जाने, जनता घर घरमा बेरोजगार छ, मार्केटमा तपाईंको के रे कर्मचारीको अभाव छ, काम गर्ने मान्छेहरुको अभाव छ, यो मार्केटसँग नजोडिएको जनशक्ति उत्पादन गर्ने युनिभर्सिटीहरु, क्याम्पसहरुको के काम अब ? त्यसकारणले हामीले एउटा क्वालिटी दिउँ, एउटा मोडल दिउँ र जनशक्तिको उच्चस्तरको जनशक्तिको विकास गर्ने नेपाललाई चाहिने के रे हाम्रो प्रदेशलाई चाहिने, नेपाललाई चाहिने सम्भवतः हुनसक्छ इन्डियालाई अरु इन्टरनेशनल मार्केटमा पनि जाने, हामी त्यस्तो बनाउन सक्छौं ।

उद्देश्यले के लिनु उडी छुनु चन्द्र एक भने जस्तो, उद्देश्य त ठूलै लिउँ न, ठूलो उद्देश्य लिएर त्यसमा लागि रह्यौं भने हामीले एकदिन सफलता प्राप्त गर्न सक्छौं त्यसकारणले त्यो कामलाई हामीले गम्भिरतापूर्वक लिनुपर्‍यो । अहिले हामी बजारको आवश्यकता अनुसार प्राविधिक जनशक्तिको विकासको लागि, उत्पादनको लागि, व्यवसायिक जनशक्तिको उत्पादनको लागि, हामीले अरुसँग यहाँ सिटिइभिटी पनि छ क्यारे सिटिइभिटीको सन्ताउन्नवटा शाखा उपशाखाहरु छन् गण्डकी प्रदेशमा तर त्यो भ्रष्टाचारको अखडा बनेको छ । त्यहाँ भर्ना हुँदा पनि बिद्यार्थी सँग पैसा लिइराख्या हुन्छ। ट्रेनिङ्ग गर्दा पनि बिद्यार्थीलाई पैसा लाग्छ, सरकारबाट पनि पैसा लिइराखेको हुन्छ ट्रेनिङ्गको । उनीहरुको के रे पाठ्यक्रम, पाठ्यपुस्तक धेरै अगाडिको हो । त्यहिँ पनि शिक्षा विभागको पाठ्यक्रम र सिटिइभिटीको पाठ्यक्रममा फेरि लडाईं गरेर उनीहरुले काम दिन सकेका छैनन् ।

हामी अहिले आधुनिक जुन साइन्स एण्ड टेक्नोलोजीले जे विकास भएको छ त्यसमा आधारित कोर्स बनाएर अहिलेको मार्केटको डिमाण्ड अनुसार कमसेकम निम्नस्तरको लेभल वन र लेभल टु का जनशक्ति उत्पादन गर्ने हिसाबले गण्डकी स्कूल अफ टेक्नोलोजी हामीले त्यो स्थापना गरेका छौं र त्यसकारणले त्यसलाई हामीले गौरवका साथ अगाडि बढाउनु त्यसलाई अझ सफल पार्ने कुरा भयो भने यो सरकारको सफलता त्यसमा पनि हुन्छ त अर्को कुरा मैले के भन्न चाहेको भनेदेखि हामीले यहाँ अघि पनि प्रश्न उठ्यो, अस्ति माननीय हालका मुख्यमन्त्री त्यतिखेर मेरो ठाउँमा उभिएको व्यक्ति माननीय कृष्णचन्द्रजीले यहि रोष्टमबाट उभिएर मैले विश्वासको मत लिने दिनमा उहाँले भन्नुभएको थियो यो सरकारले यो मुख्यमन्त्री के गर्‍या यो सरकारले के गरेको होला ६ वटा मन्त्रालय भएको ठाउँमा एघार एघार वटा मन्त्रालय म कस्तो बुद्धुराम होला आँफु सरकार छोड्दैछ अर्काका लागि मन्त्रालय गठन गर्दैछ, मैले चाहने हो भने म लास्टमा जाँदा जाँदा नै मैले त्यो निर्णय एकैदिनमा मैले डिडेल गर्न सक्थें अनि तपाईंहरु आँफैले निर्णय गर्नुपर्थ्यो ।

यो सारा गर्नको लागि  यो  के रे मन्त्रीमण्डल के रे  मन्त्रालय विस्तार गरेर  हेर हेर यी  सबै बाँडीचुँडी खाका भन्ने पनि तपाईँलाई आरोप लाग्थ्यो । मैले त्यो काम के का लागि गरेको यो हामी चालिस महिना काम गर्दाखेरी, तीन बर्षको आर्थिक बर्ष २०७५।०७६, २०७६।०७७, २०७७।०७८ को वार्षिक समिक्षाहरु गर्दाखेरी हामीले फेला पारेको चिज के हो भने मन्त्रालयहरु जुन ढंगले अहिले संरचना बनाएर माथिबाट हतार हतारमा पठाइदियो त्यो असाध्यै धेरै भद्रगोल, संघीयताको मर्म विपरित र कुनै  तपाईंको नमिलेको चिजहरु गुलियो र अमिलो एकै ठाउँमा राखेको जस्तो त्यस्तो खालको के रे मन्त्रालयहरु छ । अनि त्यो मन्त्रालयमा जुन एउटा मुख्य मन्त्रालय हो, मुख्य  विभाग हो, त्यसमा मात्रै मन्त्रालयको ध्यान गएर, वन वातावरणमा  वनलाई मात्रै ध्यान जाने त्यहाँ उद्योग छ,  पर्यटन छ, बाणिज्य छ, बाणिज्यमा यति धेरै काम छन् हाम्रा आपूर्तिको त्यहाँ कामै भएन । अनि यता  अर्को भौतिक पूर्वाधार भन्यो, उर्जा छ त्यहाँ, खानेपानीको छ, सिँचाइको छ,  तटवन्धको छ, जलाधारको छ, शहरी विकासको त्यहिँ छ, शहरी विकास तिर, उर्जा तिर हाम्रो धेरै ध्यानै गएन । हामी खाली बाटो बाटो बाटो भनेका छौं, बाटो र पुल मात्रै भनेका छौं ।

अर्को काम त भएन, उर्जाको विकासमा हामीले उर्जाको काम गर्न सक्थ्यौं हामी धेरै कामहरु गर्न सक्थ्यौं हामीले भ्याएनौ यति धेरै चाप पर्‍यो त्यो मन्त्रालयमा, त्यसकारणले त्यसलाई व्यवस्थापन गर्ने काम मैले पहिलो बर्ष देखि शुरु गरेको हो । त्यसकारण मैले यसपटक  अब यो बर्ष यो  गर्न  सकियो भने गण्डकी प्रदेश सरकारको कार्यक्षमता, डेलिभरी पावर, क्यापासिटी बिल्डअप हुन्छ र गण्डकी प्रदेश हामीले केन्द्रमा बजेट बढाइदिनुपर्‍यो भन्दाखेरि जहिलेपनि दिएको बीस तीस अरब त तिमीहरु खर्च गर्न सक्दैनौ अनि के को बजेट माग्छौ भनेर ठाडो उत्तर दिन्थे त्यहाँका मान्छेहरुले ? हुन पनि साँचो हो, हामी बीस अरब पनि हामी कति खर्च गर्छौं साठी प्रतिशत, सत्तरी प्रतिशत खर्च गर्छौं।

त्यस कारणले  यो हाम्रो गभर्निङ क्यापासिटी  हाम्रो प्रदेश सरकारको बढाउन को लागि यो संरचनाहरुको व्यवस्थापन, यो मन्त्रालयको व्यवस्थापन एउटा महत्वपूर्ण पाटो थियो, त्यसमा अब कस्तो राइट मेन राइट पोष्टमा जान्छ कि अथवा गलत राइट मेन रङ्ग प्लेसमा जान्छ, थहा छैन मलाई हाम्रो  के रे म्यानेजमेन्टमा के हुन्छ थाहा छैन तर त्यस्ले एउटा  तपाईंको समृद्धिको एउटा आधार कोर्छ भन्ने लाग्छ मलाई । जनतामा एउटा  डेलिभरी गर्ने एउटा मेसेज पनि जान्छ तपाईंहरुलाई सजिलो पनि भएको छ । म प्रतिपक्षलाई सजिलो हुने काम  कुनै मुर्ख मुख्यमन्त्रीले गर्छ ? म यो दुनियामा यो नेपालमा मुर्ख मुख्यमन्त्री मै हो, जसले तपाईंहरुको मार्ग तपाईंहरुलाई  ठूलो ठाउँ खोलिदिएको छ । मा जाँदा जाँदै एक दिनमै मैले यो  नगर्ने पुरानै कायम राख्ने भनेर एउटै निर्णयले  सकिन्थ्यो । एउटा सिद्धान्त छ मेरो एउटा  एउटा तपाईंको निष्ठा छ संघीयता प्रति हाम्रो यो गण्डकी प्रदेश सरकार या  प्रदेश सरकारहरु  राम्रो सँग चल्न सकुन्, संघीयताको मूल जडो भनेको हामी काराकास भन्छौं कि के भन्छौं मुल जड भनेको मूल  सरकार भनेको संरचना भनेको प्रदेश सरकार हो तर नेपालमा संघीयता कहिलेकहिले हाम्रो कहिले प्रदेश नं २ को मुख्यमन्त्रीजीले भन्नुहुन्थ्यो, यो संघीयता अवान्छित  गर्भाधानबाट जन्मेको बच्चा हो, यो आज  तपाईंको बेसहारा भयो, यसको यो पाल्ने  हुर्काउने बाबु आमा भएन भनेर बारम्वार भन्नुहुन्थ्यो । त्यस्तै त्यस्तै बनाएको हो हाम्रा नेताहरुले के त्यस्तो बेलामा धेरै लडाईं लडेर गरेको,  हुँदा हुँदा हामीले के हुन्छ त्यतिबेला हाम्रो शुरुमा स्थानीय तहको संरचनाको कुरै थिएन । प्रदेश सरकारहरु कतिवटा, कतिवटा प्रदेश सरकारहरु बनाउने भन्ने कुरा मात्रै डिवेट थियो ।

संघीय शासन प्रणालीका मुलुकहरुमा धेरै ठाउँमा २ वटा मात्रै लेभलमा गभर्नमेन्ट हुन्छ, फेडरल गभर्नमेन्ट हुन्छ अनि सब  सबफेडरल गभर्नमेन्टहरु हुन्छन् । एकादुई ठाउँमा मात्रै  ३ लेभलको गभर्नमेन्ट नै तीन लेभलको भनेको  जम्मा तीनचार वटा देशमा मात्रै छ तीसवटा संघीय शासन प्रणाली भएका देशहरुमा । त्यसमा  सौभाग्यवश हाम्रो मुलुक पनि परेको छ । यसो मैले यो कुरा उठाइरहँदाखेरी  स्थानीय तहको साथीहरु फेरी

संघीयताको कुरा गर्छ हाम्रो अधिकार खोस्ने कुरा गर्छ भन्छ । हाम्रो मुलुकमा यो ७६१ वटा सरकारको जरुरत थियो ? हामीले विरोध गर्नुपर्ने त्यहाँ हो तर त्यहाँ ठूला नेतालाई के भयो यो बीचको सरकार बलियो हुँदै गयो भने केन्द्रलाई भोलि यसले चाप्छ केन्द्रले धेरै अधिकार यसलाई दिनुपर्छ भनेर तल धेरै फिजाइदिएपछि के हुन्छ ? अनि बीचमा डमरु बनायो भने त्यसको शाब्दिक अर्थ, त्यसको एउटा साँकेतिक अर्थ थियो । प्रदेश सरकारहरुलाई डमरु बनाइयो । माथि पनि फुकेको, तल पनि फुकेको, बीचमा सुकेको आज हाम्रो प्रदेश त्यस्तै छैन ?

हाम्रो प्रदेश सभालाई के अधिकार छ ? हाम्रो प्रदेश सरकारलाई के धेरै अधिकार छ ? बजेट त सबै माथिबाट आउँछ, हामीलाई राजश्व उठाउने अधिकार कहाँ छ ? भएको राजश्व पनि कहिले कहिले कानून परिवर्तन गरेर केन्द्र सरकारले कानून परिवर्तन गरेर हामीबाट खोसेर लगेर स्थानीय तहलाई दिइराख्या हुन्छ, छैन यस्तो कुरा ? त्यसकारणले हो यो यस्तो यो प्रदेश सरकारलाई कसरी कुन संरचना स्थापना गरेर बलियो हुने ? कुन संरचनामा तपाईंको के रे हामीले नयाँ बिस्तारै बलियो हुने र यस्को आफ्नो गभर्निङ्ग क्यापासिटी बढ्छ, प्रदेश सरकारलाई संघ सरकारलाई पनि हामीले आफ्नो केहि न केहि आफ्नो अधिकार प्राप्ति गर्ने कुरामा धेरै महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ यो उद्देश्यले मैले तपाईंको मन्त्रालयहरुको पुन संरचना गरें । त्यसकारणले संघीयता प्रतिको हाम्रो जुन लगाव थियो, जुन निष्ठा थियो त्यसलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नको लागि हामीले यी कामहरु गरेका छौं ।

त्यसकारणले अब अहिले हाम्रो ईन्भेष्टमेन्ट धेरै कम छ तर तुलनात्मक रुपमा पहिले भन्दा भन्दा बढी लगानी हाम्रो प्रदेशमा भैरहेको थियो किनकि गण्डकी प्रदेश के रे शान्त छ, किनभने २०१८ मा यो काठमाडौं युनिभर्सिटी र यूएनडीपीले गरेको र वर्ल्ड बैंकले गरेको एउटा सर्भेले के भनेको थियो भने गण्डकी प्रोभिन्स इज द सेफिस्ट प्रोभिन्स इन नेपाल, गण्डकी प्रदेश नेपालका सातवटा प्रदेश मध्ये सबेभन्दा सुरक्षित प्रदेश

हो । सबभन्दा शान्त प्रदेश हो, त्यहाँका जनताहरु मेलमिलाप चाहन्छन् त्यसकारण त्यो एउटा इन्भेष्टमेन्टको लागि फरेन इन्भेष्टमेन्टको लागि या निजी क्षेत्रको प्राइभेट इन्भेष्टमेन्टको लागि गण्डकी प्रदेश उपयुक्त थलो हो भनेर भनिन्छ या टूरिजमको लागि त्यो उपयुक्त थलो हो भनिन्थ्यो।

त्यसकारणले पनि हाम्रो प्रदेशमा धेरै टुरिजमको डेभलप हुँदै गएको, इन्भेष्टमेन्ट पनि बढ्दै गएको तर त्यसको आवश्यक  तपाईंको इन्फ्रास्टक्चर हामीले बनाउन सकेनौ, हामीले तीन बर्ष लगातार लगातार लाग्दाखेरी पुडिटारमा एउटा औद्योगिक क्षेत्र बनाउँछौं भन्दाखेरी यो जग्गाको  के रे धेरै लफडा भएर अहिले हामी  जग्गाको नापी सापी सकेर हामी त्यसमा पुगेका छौं । यो सरकाले त्यो काम पुरा गर्नुपर्छ । यो हाम्रो लागि ठूलो यो प्रदेशको इन्डस्ट्रिलाइजेशनको लागि, यो प्रदेशको तपाईंको औद्योगिकीकरणको लागि त्यस्ले महत्वपूर्ण ढोका खोल्नेछ र हामी लौकाहा खोलामा नवलपुरको लौकाहाखोलामा पनि जग्गा  लगभग मिलेर अगाडि बढिरहेको छ र प्रत्येक पालिका पालिकामा औद्योगिक उद्योग ग्रामहरु हाम्रो  के रे कुटिर उद्योगहरु, माटोमा आधारित उद्योगहरु, वनमा आधारित उद्योगहरु, कृषिमा आधारित उद्योगहरु, पशुमा आधारित उद्योगहरु, हामी ती औद्योगिक ग्रामहरु, उद्योग ग्रामहरु स्थापना गर्न सक्छौं र गाउँबाट नै हाम्रो औद्योगिकरणको आधार  तयार हुन सक्छ भन्ने कुरा गण्डकी प्रदेशले मात्रै गरेको छ । त्यो कामलाई निरन्तरता दिएर गण्डकी प्रदेशमा औद्योगिकरणको ढोका खोल्ने कुरामा यो सरकारको पनि ध्यान गयो भने तपाईंको प्रतिपक्षको साथ समर्थन रहन्छ । त्यसकारणले यो  यो पनि महत्वपूर्ण कुरा थियो र गुड गभर्नेन्सको लागि हामीले शुरु देखि नै ध्यान दिएका छौं, मेरो विश्वास के छ भने अहिले हामी भ्रष्टाचारले थिलोथिलो भएका छौं अहिले पनि सुधार गर्न सकिरहेका छैनौ, अब तपाईंले सुधार गर्नुपर्छ । हामीले गर्दा गर्दा सकेनौ, भ्याएनौ हामीले । हाम्रा कार्यालय, कर उठाउने कार्यालय या राजश्व उठाउने कार्यालयहरु व्यवस्थित गर्न सकेका छैनौं ।

अहिले पनि हामीले त्यसमा यथोचित जनशक्ति व्यवस्थापन गर्न सकेका छैनौं, वेल इक्विप्ट गर्न सकेका छैनौ । अहिले पनि मान्छेहरुलाई लाइन लगाएर बस्नुपर्ने स्थिति छ । अहिले पनि घुसपिस चलिरहन्छ, मैले नदेखे पनि भन्नुपर्छ त्यो पुरानै ढंगले चलेपछि त्यहाँ घुसपिस चलिरहन्छ त्यसलाई नियन्त्रण गर्ने कुरा एउटा त्यसको लागि वेल इक्विप्ट बनाउनु पर्‍यो । त्यो कार्यलाई व्यवस्थापन गर्नुपर्‍यो । अलि प्रभावकारी सक्षम जनशक्तिको व्यवस्थापन गरिदिनुपर्छ हामीले । त्यति मात्रै होइन हामी ई-गभर्नेन्समा गयौं भने डिजिटलाइज्ड गण्डकी प्रदेश बनाउन सक्यौं भने अब तपाईंको के रे घुस खाने या घुस लिनेहरुको बिचमा सम्वादै हुन पाउँदैन ।

एउटा मोवाईलबाट धेरै करहरु तिरिरहेका हुन्छन् मान्छेहरुले त्यसकारण तपाईं ई-गभर्नेन्समा जानु भयो भने भ्रष्टाचार ५० प्रतिशत त त्यसै अन्त्य भइहाल्छ, त्यसै नियन्त्रण भइहाल्छ । त्यसकारणले भ्रष्टाचारलाई नियन्त्रण गर्दै लैजाने हाम्रो राजश्व धेरै उठाउने स्थिति सिर्जना गर्ने हो भनेदेखि हामी यो कुरामा गुड गभर्नेन्सलाई इनह्यान्स गर्नको लागि जनशक्तिको व्यवस्थापन, इक्विपमेन्टको व्यवस्थापन, या डिजिटाइज्ड गरेर हाइटेकमा यो शासन प्रशासन चलाउने काम भयो भने त्यसले धेरै महत्वपूर्ण योगदान दिनसक्छ भन्नेकुरा मैले यहाँ यो हाम्रो सभामुख मार्फत सबै प्रदेश सभा समक्ष मैले पेश गर्न खोजेको । प्रस्तुत गर्न खोजेको । अर्को हामीले इन्ह्यान्स गर्नुपर्ने एउटा बिषय बाँकी के छ भने इन्टर गभर्नमेन्टल रिलेसन अन्तरसरकारी सम्बन्ध, संघ सरकार र प्रदेश सरकारको बिचको सम्बन्ध, प्रदेश सरकार र स्थानीय सरकारको बिचको सम्बन्ध हामीले चाहेको जस्तो हुन सकेको छैन । जुन हुनुपर्ने थियो संघीय शासन प्रणालीमा त्यो हुन सकेको छैन । बल्ल बल्ल संघीय अन्तरसरकारी समन्वय सम्बन्धी कानून बनाएको छ केन्द्रीय सरकारले तर त्यो कानून बनाउँदाखेरी प्रदेश सरकारको एकल अधिकार माथि अतिक्रमण गरेर उसले एका दुई ठाउँमा हामीलाई नियन्त्रण गर्ने प्रयत्न गरेको छ । अन्तरप्रदेश परिषदको मिटिङमा र राष्ट्रिय विकास समस्या समाधान समितिको मिटिङ्गमा, अहिले राष्ट्रिय समन्वय परिषद भनेर एउटा अर्को बनाएको छ तीनै तहको सरकारको

प्रमुखहरुको प्रतिनिधित्वमा त्यो मिटिङ्गमा जोडदार रुपले उठाउनको लागि यो सरकारको नेतृत्व गर्ने माननीय मुख्यमन्त्रीजीले काम गर्नुपर्छ ।

कराउँदा कराउँदै नसुन्ने मुलुकमा नसुन्ने मुलुकमा कराएन भने के हुन्छ ? अहिले त हाम्रो हालत के छ उठेर उभिएर करायो भने हावाले उडाइदिन्छ, बसेर करायो भने कसैले सुन्दैन भन्ने एउटा नेपाली उखान छ त्यहि चरितार्थ छ अहिले त्यही नियति भोगिरहेका छौं हामी । मलाई लाग्छ यो व्यूरोक्रेसी त्यही हो । केन्द्रका नेताहरु देउवा प्रधानमन्त्री भए पनि, प्रचण्ड प्रधानमन्त्री भएपनि, केपी प्रधानमन्त्री भएपनि, माधव नेपाल प्रधानमन्त्री, उपेन्द्र यादव, डा. बावुराम भट्टराई प्रधानमन्त्री भएपनि हामीले भोग्ने नियति त्यही हो । यो माथि हत्त न पत्त परिवर्तन हुने छैन ।

त्यस कारण त्यो एउटा प्रवृत्ति हो, एउटा दृष्टिकोण हो, त्यसका विरुद्धमा हामी लड्नु पर्छ किनभने हामी जुन ठाउँमा बसेका छौं यो ठाउँको लागि यो काम हामीले गर्नुपर्ने छ । त्यसकारण यो आइजीआर रिलेसनसिप भन्छौं हामीले यसको लागि हाम्रो प्रतिष्ठानले विदेशी विज्ञहरु विभिन्न संघीय मुलुकहरुमा संघ सरकार र प्रदेश सरकारको बीचमा संघ सरकार, प्रदेश सरकार र स्थानीय तहको बीचमा कस्तो खालको सम्बन्ध छ कति के के समस्याहरु आउँछन आज हामीले जस्तो नेपालमा मात्रै समस्या आउने होइन त्यो स्पेनमा पनि त्यो समस्या थियो, साउथ अफ्रिकामा पनि त्यो समस्या थियो, अमेरिकामा पनि त्यो समस्या थियो र आजपनि छ र स्वीटजरल्याण्डमा त्यो समस्या थियो, अष्ट्रेलियामा त्यो समस्या अहिलेपनि भैरहेको छ तर विस्तार विस्तार समाधान गर्दै पनि जाने हो ।

झन यो रिलेसनसिपको बारेमा झन हाम्रो आफ्नो मुलुकको बिशेषता अनुसार कसरी कार्यान्वयन गर्ने, कसरी व्यवस्थित गर्ने भन्ने कुरामा पनि हामीले ध्यान दिनुपर्छ भन्ने लाग्छ मलाई र अब हाम्रो डेभलपमेन्ट पार्टनरहरु जुन छन् वर्ल्ड बैंक होला, एडिबी होला, यूएनडीपी होला, एनडीआई पनि छ यहाँ आइडीया छ, या एशियन फाउन्डेशन भन्ने छ, या युनिसेफ छ, यस्ता धेरै संस्थाहरु छन् जो तपाईंको के रे संघ सरकारले

पुरा अंकुश लाएर बसिराखेको छ । उनीहरु हामीसँग मिलेर काम गर्न चाहन्छन् तर त्यो ढोका खोल्दिइराखेको छैन ।हामीले भनेको माथि तपाईंले मोटो सम्झौता गर्नुस् बाँकी काम गर्ने कुरामा त प्रदेश र स्थानीय तहलाई दिए भैहाल्यो नि । तपाईंहरु कहाँ गर्नुहुन्छ ? उनीहरु आफ्नो नयाँ नयाँ संरचना खडा गरेर यो काम गरिराखेका छन्।

त्यसैले डेभलपमेन्ट पार्टनरहरुलाई हाम्रो गण्डकी प्रदेशमा सहज ढंगले काम गर्ने वातावरण इनभ्यारोन्मेन्ट सिर्जना गर्नु गण्डकी प्रदेश सरकारको महत्वपूर्ण काम हो किनभने हामीले अरु प्रदेश भन्दा उनीहरुले हाम्रो प्रदेश हाम्रो आफ्नै बुताले, आफ्नै क्षमताले, आफ्नै पहलले धेरै कुराहरु उनीहरुसँग गरेका छौं । कमसेकम ट्रेनिङ्गका धेरै कुराहरु हामीले हाम्रो  के रे मुख्यमन्त्री कार्यालयले छुट्याएको या  तपाईंको अर्थमन्त्रालयले छुटयाएको या गृह मन्त्रालयले छुटयाएको कुनै  खर्च हामीले गरेनौं ।

हामीले धेरै  विदेशी पार्टनरबाट गरेर गरेका छौं त्यसकारणले धेरै काम उनीहरुसँग हामीले गर्न सक्छौं । अहिले पनि वन मन्त्रालयको  हेर्नुस् त यूएनडीपीसँग अठार करोड उनीहरुलाई दिने त्यसको म्याचिङ्ग फण्डमा हामीले ४८ करोड जम्मा गर्नुपर्ने त्यसरी गऱ्यो भने हामीले ल्याउने काम  गऱ्यौं, उनीहरुले अहिले  प्रवेश भएपछि त्यो फेरी उनीहरु आउन सक्छन् फेरी त्यसकारणले क्लाइमेट चेन्जको बारेमा, सस्टेनाविलिटीको बारेमा, यो  यस्ता  कुराहरुमा अझै धेरै आउनसक्छ बजेटहरु या  यो तपाईंको ग्लोबल फण्ड भन्ने हुन्छ सबैको  के रे अनि माथि केन्द्रमा जो जो छ संघीयता त आएकै छैन माथि अनि जुन  प्रदेशको के रे ठूला मान्छे छन् त्यहि प्रदेशतिर लैजान्छ, अर्को प्रदेशलाई दिँदैन । गर्छु भन्ने प्रदेशलाई दिँदैन मैले त्यो लामो लडाईं लडेर थाकेर म फेरि आएको छु र अर्को कुरा तिर लागिरहेको थिएँ त्यसकारण यस्मा पनि तपाईंहरुको ध्यान जाओस् । के रे यसमा समस्याहरु मैले बताउन खोजें र हामी जुन ठाउँमा उभिएका छौं, अन्तमा मेले के भन्छु भनेदेखि यी सबै समस्याहरु आज प्रदेश सरकारले भोगिरहेको समस्या हो । अब मैले  तपाईंको यो कुराहरु मैले किन भनेको प्रदेश

सरकारहरु राम्रोसँग चलोस् भनेर गुड फेथका साथ होइन भने होइन भने यो प्रतिपक्षको नेताले के भन्छ ? देख्लास्, तैंले राम्रो गर्लास् भन्छु । मैले यो सारा सुझावहरु किन दिइराखेको छु ? यो काम गऱ्यो भने हाम्रो प्रदेश सरकार बलियो हुन्छ । त्यो प्रदेश सरकार बलियो भयो भने प्रदेशका जनताहरुले सुख पाउँछन् । हाम्रो लोकतन्त्र बलियो हुन्छ । हाम्रो गणतन्त्र बलियो हुन्छ हाम्रो संघीयताले आफ्नो औचित्य सावित गर्नसक्छ र प्रदेश सरकारमा, प्रदेश सभामा, प्रदेश सरकारमा आउनको लागि, यहाँ निर्वाचित भएर आउनको लागि जनप्रतिनिधिहरु भएर आउनको लागि पनि मान्छेहरु उत्साहित हुन्छन् । अहिलेको स्थिति धेरै उत्साहित हुने ठाउँ छैन ।

त्यस कारणले गर्दाखेरी यो सबै चिजलाई तपाईहरुको ध्यान गयो भने एउटा रचनात्मक प्रतिपक्षको भूमिका त्यतिखेर हामी निर्वाह गर्छौं । निर्वाह गर्छौं र अहिले जुन धरातलमा मैले भने म लामो व्याख्या गर्न चाहन्न । जसरी अहिले अनाहकमा यो सरकार सबैभन्दा संघीयताको लागि राम्रो काम गरेको सरकार गण्डकी प्रदेशको सरकार, हिजोको सरकार, अबको सरकारले के गर्छ त्यो भविष्यले बताउला तर हामी दुर्भाग्यवश नेताहरुलाई आज एउटा सन्देश दिइराखेको छौं, त्यहि सरकार सबैभन्दा पहिला यो गठवन्धनको कोभाजनमा पऱ्यो । परेन ? गयो त गण्डकी प्रदेश सरकार अनि यसले तपाईंको महेन्द्र बहादुर शाहीलाई के मेसेज दिन्छ ? सुदुरपश्चिमको त्रिलोचन भट्ट माननीय त्रिलोचन भट्टलाई के सन्देश जान्छ ? लालबाबु राउतलाई के सन्देश जान्छ ? या केरे शेरधन राई र तपाईंको उसलाई के सन्देश जान्छ ? जुन मान्छे लडेका थिए त्यही मान्छे फाल्दियो, तपाईंहरु भन्नुहुन्छ हामी संघीयताको लागि लडेको हो, राजनीतिमा त्यसकारणले मिलेको छैन भनेर मैले भनेको । माथि प्रतिनिधि सभा भङ्ग भयो, हामी झण्डै झण्डै यो सबै तल पनि तपाईंको मैले जे खालको भनेको छु, दही जम्दाझैं जमेर काम गरेको जे प्रदेश सभाहरु, जे प्रदेश सरकारहरु थिए त्यहाँ पार्टीको आन्तरिक झगडाले गर्दाखेरी, पार्टी भित्र सबै पार्टीमा झगडाहरु छ, अनि त्यो आन्तरिक झगडाको

म्यानेजमेन्ट गर्न नसक्दाखेरी, नेताहरुको इगो क्राइसिसले गर्दाखेरी हामी  यो ठाउँमा फसेका छौं र यो ठाउँ फस्नुको अर्थ हाम्रो  लोकतन्त्र कमजोर बनेको छ ।

विदेशीहरुले खेल्ने मौका पाउँछ, बाह्य शक्तिहरुले खेल्ने मौका पाउँछ, यहाँका  प्रतिगामी शक्तिहरुले खेल्न पाउँछ खेल्ने मौका पाइरहेको  हुन्छ, त्यसकारणले यो सबै चिजमा हामी अलि बढि सतर्क भएर चल्नुपर्छ भन्ने मेरो मान्यता हो ।मैले अगिल्लो पटक माननीयज्यूहरुसँग पनि कुराकानी गरेको थिएँ, नेताहरु सँग पनि । कमसेकम यसो गरौं न त त्यसकारण मैले भनेको यसकारणले सर्वदलीय सरकार बनाउँ गण्डकी प्रदेशमा, गण्डकी प्रदेशमा एउटा मोडल दिउँ, सहमतिबाट सरकार बनाउँ, माथिको केन्द्र, हामी केन्द्रियताको धेरै बिरोधी हौं भनेदेखि, संघीयताको पक्षधर भयो भनेदेखि, केन्द्रको सबै डिट्टु सबै कुराहरु कार्यान्वयन गर्ने कुरामा म पनि लाग्छु, म कार्यान्वयन गर्दिन भनेर भन्नसक्ने कुरामा मेरो हिम्मत छ म कुरा गर्छु । तपाईंहरुले पनि साथ दिनुहोस् भने तर हामीले त्यसमा  कहिलेपनि साथै खुट्टा टेक्न सकेनौं ।

माथिको नेताले भनिहाल्यो हामीले त कार्यान्वयन गर्नु परिहाल्यो भनेर भन्नुभयो । यसमा हामीले संघीयतालाई यो हाम्रो क्रियाकलापले संघीयतालाई बलियो बनाएको छैन । पृथ्वीसुव्वाको ठाउँमा कृष्णचन्द्र नेपाली त मुख्यमन्त्री बन्नुभएको छ, यो  हामीले आँफैले बनायौं भन्ने त हो आँफैले यहाँको परिस्थितिमा हामीले बनाउन सकेको भए, यहाँको प्रदेश कमिटिहरुको  पहलमा यो कुरा बनाउन सकेको भए, यस, प्रदेश सरकारहरु बलिया भए, आफ्नो निर्णय  आफैंले गर्न सक्ने भए तिनीहरु यो  सिँहदरबारको पार्टीहरुको आदेश मान्ने भएन, सिँहदरबारको सरकारको आदेश मान्ने, उनीहरुको आदेशको अवज्ञा गरे भन्ने ठाउँमा हामी पुगेको भए साँच्चै नै हाम्रो लोकतन्त्र, हाम्रो  संघीयता कति बलियो हुने थियो होला, कति सुन्दर हुन्थ्यो होला । हामी त्यो ठाउँमा पुगेकै छैनौं, हाम्रो क्रियाकलापले । हामी फेरी उहिलेको  पुरानो ढङ्गले  नाम मात्रै प्रदेश, पहिलेको अञ्चल जस्तै भएका छौं हामी व्यवहारमा ।

अञ्चल कमिटीहरु जस्तै भएका छौं हाम्रो प्रदेश कमिटीहरु, पहिले अञ्चलमा सरकार थिएन हैन, तर अहिले जुन सरकार भनेको छ त्यो सरकार पनि त्यस ढंगले गएको छ, त्यसले राजनीतिमा तत्काल आज मलाई के फाइदा हुन्छ भन्ने कुरा एउटा कुरा होला, राजनीतिमा सबैले फाइदा लिन चाहन्छन्, सबैले जित्नै चाहन्छ । राजनीति या हरेक चिजमा, राजनीति भनेको एउटा लक्ष्यमा पुग्ने एउटा यात्रा हो र त्यो यात्रामा कहिले हार हुन्छ कहिले जीत हुन्छ। किनभने राजनीतिको संघर्षको यो लक्ष्यको कुनै सीमा र अवधी पनि छैन, हामी कहिल्यै पनि थाक्या पनि छैनौं त्यसकारणले यो सबै चिजलाई हाम्रो आदर्श के हो सिद्धान्त के हो त ? हाम्रो निष्ठा के हो ? कमसेकम तत्कालको स्वार्थको लागि निष्ठा भत्किने काम लाग्नु हुँदैन मैले फेरी धेरै आदर्शको कुरा गरेको होइन ।

त्यहि निष्ठामा बाचौं, त्यहि आदर्शमा बाच्ने प्रयत्न हामी गरौं सबैले, हामी लामो लामो चक्रिय आफ्नो आफ्नो पार्टीबाट योगदान गरेर आएका छौं विभिन्न कालखण्डमा त्यसकारणले यो हामी सबैले यो कुरामा सोचेर हामी यो प्रदेश सभामा प्रस्तुत हुन सक्यौं प्रदेश सरकारमा प्रस्तुत हुन सक्यौं भने यो हाम्रो आदर्श, हामीले देखेको सपना त्यो पुरा हुने कुरामा, निष्ठालाई भत्काएर गरिने यात्रा कमजोर हुन्छ आदर्शलाई भत्काएर या तपाईंको सिद्धान्तलाई भत्काएर गरिने यात्रा त्यो कुनै पनि दिन डिडेल हुनसक्छ यो कुरामा हामी हमेशा हेक्का राखौं किनकी यो कुरा हामीले २०४८ सालदेखि के रे अस्तिको २०७४ साल, २०६४ साल सम्म आइपुग्दा धेरै व्यहोरेको हो हामीले । आज पनि हामी त्यहि नीतिमा छौं, सिस्टम बदलियो, स्ट्रक्चर बदलियो, प्रोसेस बदलियो, हाम्रो बानी बदलिएन । हाम्रो स्वभाव बदलिएन, हाम्रो टेन्डेन्सी बदलिएन तर सिद्धान्त त उहि भनिरहेका छौं फेरी हामी । हामीले त्यसकारणले यसमा कहीं सिद्धान्त र व्यवहार नमिलेको कुरा छ यसलाई हामी मिलाउन प्रयत्न गरौं यति कुरा राखेर माननीय कृष्णचन्द्र नेपालीज्यूले यो गण्डकी जुन सरकार बनेको छ यो सरकारलाई गण्डकी प्रदेश सभाबाट विश्वासको मत पाउँ भन्ने कुरामा यी सबै यावत् कारणहरुले गर्दाखेरी मेरो हाम्रो

पार्टीको फरक मत छ त्यसकारणले व्यक्तिगत रुपले मैले उहाँलाई दिन सक्थें तर यो त व्यक्तिगत भोट माग्नु भएको होइन, यो त एउटा एउटा प्रदेश सरकारले हाम्रो विश्वासको मत मागेको हुनाले अहिले नै विश्वास गरिहाल्ने बेला भएको छैन तपाईंहरुलाई। अर्को पटक राम्रो काम गरेर विश्वासको मत लिने परिस्थिति बन्यो भने त्यतिखेर त्यतिखेरै सोचौंला । अहिलेलाई हामी तपाईंलाई विश्वासको मत दिन सक्दैनौं यति कुरा यहाँहरु समक्ष राखेर म विदा हुन चाहन्छु । धन्यवाद । ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब, यो बैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।

(तदन्तर गण्डकी प्रदेश सभाको अर्को बैठक २०७८ असार ०४ गते दिनको ३ बजेर २० मिनेटमा बस्ने गरी दिनको २ बजेर ५० मिनेटमा स्थगित भयो ।)

# भर्बेटिममा संलग्न

**तयार गर्ने** | **रुजु गर्ने** | **कम्प्युटर सेटिङ् तथा प्रिन्टिङ्**

कञ्चन कम्प्युटर सेवा | टिकाराम आचार्य | सबिता कुमारी शर्मा

| | | |
|---|---|---|
| न्यूरोड, पोखरा । | अधिकृत (छैटौं) | माइक संचालक |

## प्रमाणित गर्ने

हरिराज पोखरेल

प्रदेश सभा सचिव